सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

६ मंसिर २०८१, बिहीबार (21 Nov 2024, Thursday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १८ ■ अंक २१४ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

मितव्ययितावि‍परीत निजामती सेवामा दरबन्दी थप्दै सरकार

परराष्ट्रमन्त्री आरजु राणाको चाहनामा परराष्ट्र सेवामा रातारात थपियो १०७ जनाको दरबन्दी, राजस्वतर्फ पनि दबाब



■ पूर्वअर्थसचिव रामेश्वर खनाल भन्छन्-



दरबन्दी थप्ने विषयलाई कार्यबोझ र आवश्यकताका आधारमा हेर्नुपर्छ। कार्यबोझ थपिएर दरबन्दी बढाइएको हो भने उचित नै हुन्छ। भएका जनशक्तिको प्रभावकारिता नबढाई नयाँ दरबन्दी थप्नुचाहिँ ठिक हुँदैन। अहिले प्राविधिकतर्फ दरबन्दी कम छ। स्वास्थ्यकर्मी, इन्जिनियरिङतर्फ जनशक्ति अभाव छ। तर, त्यतातिर भने वास्ता गरेको देखिँदैन।

■ सामान्य प्रशासन मन्त्रालयका प्रवक्ता कालीप्रसाद पराजुली भन्छन्-



आवश्यकता हेरेरै मन्त्रिपरिषद्ले निर्णय गरेको होला। संगठन तथा व्यवस्थापन सर्वेक्षण (ओएन्डएम)को प्रक्रिया पूरा गरेरै गरिएको हो। संगठनको आवश्यकता र दरबन्दीबारे सम्बन्धित मन्त्रालयसँग नै बुझ्नुपर्ला।

कहाँ कति थपियो दरबन्दी ?

नयाँ पत्रिकालाई प्राप्त दरबन्दी तेरिज (निचोड) अनुसार परराष्ट्रमा कुल १०७ जनाको दरबन्दी थप भएको छ। यो मन्त्रालय तथा त्यसअन्तर्गतका विभाग तथा कार्यालय एवं विदेशस्थित नेपाली नियोगसहितको संख्या हो। मन्त्रालय र अन्तर्गतका विभाग तथा कार्यालयअन्तर्गत साबिकमा २२४ जनाको दरबन्दी रहेकामा ७१ बढाएर २९५ पुऱ्याइएको छ। त्यस्तै, विदेशस्थित नेपाली नियोगमा साबिकमा २०२ जनाको दरबन्दी बढाएर २३८ पुऱ्याइएको छ।

परराष्ट्र मन्त्रालयभित्र पाँच सहसचिवको दरबन्दी थप गरिएको छ। साबिकमा १२ जनाको दरबन्दी रहेकामा त्यसलाई बढाएर १७ पुऱ्याइएको छ। त्यस्तै, परराष्ट्र सेवाअन्तर्गत मन्त्रालय र कन्सुलर विभागमा (एक) गरी १९ जना उपसचिवको दरबन्दी थप गरिएको छ। मन्त्रालयमा न्यायसेवाको एक उपसचिव र राहदानी विभागमा उपसचिव तहको सूचना प्रविधि निर्देशकको दरबन्दी पनि थपिएको छ।

त्यस्तै, परराष्ट्र सेवातर्फ नै मन्त्रालयमा ४७ र कन्सुलर विभागमा तीन गरी ५० शाखा अधिकृतको दरबन्दी थप भएको छ। मन्त्रालय र दुई विभागमा गरी पाँच शाखा अधिकृतसरहको कम्प्युटर अधिकृत तथा कन्सुलर सेवा विभागसहितमा १० हलुका सवारीचालकको दरबन्दी थप भएको छ।

विदेशस्थित नेपाली नियोगतर्फ पोर्चुगलमा सचिवसरहको राजदूतको दरबन्दी सिर्जना गरिएको छ। परराष्ट्र सेवातर्फ साबिकमा चारजनाको दरबन्दी रहेकामा ६ थपेर १० पुऱ्याइएको छ। सहसचिवको दरबन्दी थप भएकामा जेनेभास्थित नेपाली राजदूतावास र जेद्दा र न्युयोर्कस्थित महावाणिज्य दूतावास छन्।

लसएन्जलस, टेक्सास र दुबईमा नयाँ महावाणिज्य दूतावास खोलेर त्यहाँ सहसचिव पठाउने गरी दरबन्दी थप गरिएको छ। परराष्ट्र सेवाकै ११ उपसचिवलाई नेपाली राजदूतावास नयाँदिल्ली, वासिंटन डिसी, तेलअबिब, कोलम्बो, मस्को, कायरो, लिस्बन र बेइजिङमा तथा महावाणिज्य दूतावास लसएन्जलस, टेक्सास र दुबईमा पठाउने गरी दरबन्दी थपिएको छ। स्थायी नियोग न्युयोर्कमा कानुनतर्फको एक उपसचिवको दरबन्दी पनि सिर्जना गरिएको छ।

नेपाली राजदूतावासहरू दोहा, टोकियो, पेरिस, बर्लिन, क्यानबेरा, न्युयोर्क, ओटावा, लिस्बन, ढाका, दुबई, टेक्सास र लसएन्जलसमा एक-एक गरी १२ जनाको परराष्ट्र सेवाका शाखा अधिकृतको नयाँ दरबन्दी पनि स्वीकृत भएको छ। नेपाली राजदूतावास रियादमा एक लेखा अधिकृत पनि थप गरिएको छ। नयाँ स्थापना हुने दूतावास लिस्बन, महावाणिज्य दूतावास लसएन्जलस, टेक्सास र दुबईमा पनि एक-एक गरी चार नासुको दरबन्दी थप भएको छ।

प्रहरी सहचारी राख्ने प्रस्ताव भने २५ वर्षदेखि अलपत्र

सुवास भट्ट/नयाँ पत्रिका

परराष्ट्रमन्त्री आरजु राणा देउवाको रुचिअनुसार परराष्ट्र सेवामा अस्वाभाविक रूपमा दरबन्दी थपेपछि निजामती सेवामा त्यसको असर देखिन थालेको छ। परराष्ट्रमा रातारात १०७ जनाको दरबन्दी थपेपछि राजस्वतर्फ पनि दरबन्दी बढाउनुपर्ने दबाब छ।

सार्वजनिक खर्च बढ्दै गएकामा चिन्ता व्यक्त गरिरहेको सरकार आफैंले मितव्ययिताको सिद्धान्तविपरीत अनावश्यक रूपमा निजामती सेवामा दरबन्दी सिर्जना गरेको हो। परराष्ट्र सेवाअन्तर्गत ठुलो मात्रामा दरबन्दी थपको निर्णयपछि

» पृष्ठ २ मा क्रमशः

NIMB
नेपाल उन्मेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

करोडौँ लाग्ने भन्दै अस्पतालमा थन्क्याइएका आधा उपकरण खर्चविनै मर्मत गर्न सकिने

३०% उपकरण सामान्य खर्चमा, २०% विदेशबाट पार्टपुर्जा मगाएर र ५०% उपकरण विनाखर्च मर्मत गर्दै आविष्कार केन्द्र

मञ्जु टेलर/नयाँ पत्रिका

संघीय अस्पतालहरूले करोडौँ खर्च लाग्ने भन्दै वर्षौंदेखि थन्क्याएकामध्ये ५० प्रतिशत उपकरण खर्चीविना नै मर्मत गर्न सकिने पाइएको छ। बिग्रिएका स्वास्थ्य उपकरण मर्मतसम्भारको जिम्मा लिएको राष्ट्रिय आविष्कार केन्द्रले आधा उपकरणहरू खर्चीविनै मर्मत भइरहेको बताएको छ।

थन्क्याइएका उपकरणमध्ये ३० प्रतिशत स्थानीय बजारमा पाइने पार्टपुर्जाको प्रयोगबाट मर्मत भइरहेको केन्द्रले जनाएको छ। स्वास्थ्य मन्त्रालयसँगको सम्झौताअनुसार गत ५ भदौदेखि केन्द्रले संघीय अस्पतालहरूका बिग्रिएका स्वास्थ्य उपकरण मर्मत गरिरहेको छ।

केन्द्रका निर्देशक महावीर पुनका अनुसार बिग्रिएका उपकरणका लागि २० जना बायोमेडिकल इन्जिनियरले काम गरिरहेका छन्। उनका अनुसार त्यसमा ५० प्रतिशतजति उपकरण कुनै खर्च नगरी मर्मत भएका छन्। यसबाहेक करिब ३० प्रतिशत उपकरण स्थानीय बजारमै पाइने सामान्य पार्टपुर्जा फेरेर र बाँकी २० प्रतिशतजति उपकरण मात्र विदेशबाट नै पार्टपुर्जा मगाएर मर्मत गर्नुपर्ने खालका रहेको पुनले बताए।

'अहिले वीर, कान्ति बाल र गंगालाल अस्पतालको पहिलो चरणको काम सकिएको छ। यस्तै, नारायणी, भक्तपुर क्यान्सर, मानव अंग प्रत्यारोपण केन्द्रसँग काम गर्ने प्रक्रिया अगाडि बढेको छ। अन्य निजी अस्पतालमा समेत काम अगाडि बढाएका छौं। जसमध्ये आधा प्रतिशत उपकरण त इन्जिनियरहरूले बाहिरी कुनै खर्च नलाग्ने गरी मर्मत गर्न सकिने पत्ता लगाएका छन्,' उनले भने।



अस्पतालको उपकरण मर्मत गर्दै आविष्कार केन्द्रका प्राविधिक

पहिलो चरणमा वीरका २ सय ८४ र कान्तिका १ सय ५८ उपकरण हुँदै छ मर्मत

उपकरणको अवस्था निरीक्षण सकेर पहिलो चरणमा केन्द्रले वीरका २८४ र कान्तिका १५८ उपकरण मर्मतको तयारी थालेको छ। अस्पतालमा वर्षौंदेखि बिग्रिएर रहेका उपकरणको अवस्था हेरेर मर्मत गर्न मिल्ने उपकरण छुट्याइएको केन्द्रका बायोमेडिकल इन्जिनियर उमेश किराँतले बताए। उनका अनुसार पहिलो चरणमा बिग्रेका उपकरणको अवस्था जाँच सकिएको र पार्टपुर्जाविना चलाउन मिल्ने उपकरणको मर्मत थालिएको छ।

केन्द्रले गरेको निरीक्षणका आधारमा वीर अस्पतालमा हाल रहेका एक हजार ९२५ उपकरणमध्ये १५ प्रतिशत अर्थात् २८४ वटा उपकरण मर्मत गर्नुपर्ने खालका छन्। जसमध्ये पाँचवटा भेन्टिलेटर र एउटा सी आर्म मेसिन मर्मत गरिएको इन्जिनियर किराँतले बताए। यसबाहेक १५ अटोक्लेभ, तीनवटा सी आर्म मेसिन, एउटा सिटिस्क्यान, सात हेमोडायलाइसिस मेसिन, १२ इन्फ्युजन पम्प, एउटा मेमोग्राफी, दुई अक्सिजन प्लान्ट, ३० सिरिन्ज पम्प, सातवटा अल्ट्रासाउन्ड, २२ भेन्टिलेटर र तीनवटा एक्सरे मेसिन मर्मत भइरहेका छन्।

यस्तै, कान्ति अस्पतालमा रहेका ८४४ उपकरणमध्ये १५८ वटा बिग्रेका छन्। जसमध्ये हालसम्म एउटा इन्फ्यान्ट रेडियन्ट वार्मर, दुई प्यासन्ट मोनिटर, तीन इन्फ्युजन पम्प मर्मत भएको केन्द्रले जनाएको छ। यसबाहेक, १७ बबल सिपिएपी, तीन इन्फ्यान्ट इन्कुबेटर, १० रेडियन्ट वार्मर, २५ इन्फ्युजन पम्प, २४ प्यासेन्ट मोनिटर, २५ सिरिन्ज पम्प, २० भेन्टिलेटर, दुई एक्सरे मेसिन मर्मतका लागि ल्याइएको केन्द्रले जनाएको हो।

■ २०% जति उपकरण मर्मत गर्न मात्र विदेशबाट पार्टपुर्जा मगाउनुपर्छ

● **महावीर पुन**, निर्देशक, राष्ट्रिय आविष्कार केन्द्र



बिग्रिएका उपकरणका लागि २० जना बायोमेडिकल इन्जिनियरले काम गरिरहेका छन्। अहिले वीर, कान्ति बाल र गंगालाल अस्पतालको पहिलो चरणको काम सकिएको छ। यस्तै, नारायणी, भक्तपुर क्यान्सर, मानव अंग प्रत्यारोपण केन्द्रसँग काम गर्ने प्रक्रिया अगाडि बढेको छ। जसमध्ये करिब ५० प्रतिशतजति उपकरण कुनै खर्च नगरी मर्मत गर्न सकिने देखिए। करिब ३० प्रतिशतजति उपकरण स्थानीय बजारमै पाइने सामान्य पार्टपुर्जा फेरेर र बाँकी २० प्रतिशतजति उपकरण मात्र विदेशबाट नै पार्टपुर्जा मगाएर मर्मत गर्नुपर्ने खालका छन्।

■ स्वास्थ्य मन्त्रालय र केन्द्रबिच यस्तो छ सहमति

मर्मत अभावका कारण करोडौँ मूल्यबराबरका स्वास्थ्यका उपकरण प्रयोगविहीन भएका थिए। त्यसपछि पुनले स्वास्थ्यमन्त्री प्रदीप पौडेलसँग मर्मतका लागि सघाउन आग्रह गरेका थिए। त्यसलगत्तै मन्त्रालयले पुन नेतृत्वको केन्द्रसँग औपचारिक सम्झौता गरेर मर्मतको जिम्मा दिएको थियो। मर्मत गर्न सकिने उपकरणलाई बनाउने, मर्मत गर्न नसकिने र पूर्णतया बिग्रेका मेसिनलाई कवाडीमा लानुपर्ने भनेर छुट्याईदिने र मर्मत गर्न सकिने, तर केन्द्रलाई थप जनशक्ति र स्रोतको आवश्यकता भएमा मन्त्रालयले सहयोग गर्ने गरी सम्झौता गरिएको छ। केन्द्रले १७ वटा संघीय अस्पतालको उपकरणको अवस्थाबारे विवरण संकलन र मर्मतको काम विभिन्न चरणमा गर्ने जनाएको छ। महँगा उपकरण सामान्य बिग्रिँदा पनि थन्क्याइने र नयाँ किन्ने प्रवृत्ति अन्त्य गर्न केन्द्रको कामले ठुलो भूमिका खेल्ने स्वास्थ्य मन्त्रालयका अधिकारीहरूले जनाएका छन्।

■ बिआरआईमा कांग्रेस-एमाले विवाद

ओली कार्यान्वयन योजनामा हस्ताक्षर गर्ने पक्षमा, देउवा विरोधमा

पर्शुराम काफ्ले, शुरोजंग पाण्डे

प्रधानमन्त्री केपी ओलीको आसन्न चीन भ्रमण (मंसिर १७-२१)को पूर्वसन्ध्यामा चीनद्वारा प्रस्तावित बिआरआई कार्यान्वयन योजनाको मस्यौदामा सत्तारूढ कांग्रेस र एमालेबिच गम्भीर मतभेद देखिएको छ। गत वर्ष प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको चीन भ्रमणमा टुंगिन नसकेको कार्यान्वयन योजनामा यसपटक प्रधानमन्त्री ओली हस्ताक्षर गर्ने पक्षमा छन्। तर, त्यसमा निहित चिनियाँ ऋण, सुरक्षा र भूराजनीतिक स्वार्थ नेपालको हितविपरीत हुने भन्दै सत्तारूढ दल कांग्रेस भने बिआरआई कार्यान्वयन योजनामा हस्ताक्षर हुन नहुने अडानमा छ।

परराष्ट्रमन्त्रीको भ्रमण के होला ?

पोखरा विमानस्थल : ऋण मिनाहा कठिन

» पृष्ठ २ मा क्रमशः

■ चिनियाँ ऋण होइन, अनुदान लिनुपर्छ

● **डा. प्रकाशशरण महत**
कांग्रेस प्रवक्ता
एवं पूर्वपरराष्ट्रमन्त्री



प्रधानमन्त्रीसँगको छलफलमा पार्टी सभापतिले ऋण होइन, अनुदान लिने गरी जानुपर्छ भन्ने धारणा राख्नुभएको छ। कोभिडपछि चीनले जनाएको अनुदानको प्रतिबद्धता नै कार्यान्वयन भएको छैन, यो अवस्थामा ऋण लिएर बिआरआई कार्यान्वयन गरियो भने देशका लागि बोझिलो हुन्छ। प्रतिफल नहुने ऋण किन लिने ? प्रधानमन्त्रीको भ्रमणमा बिआरआई सम्झौता कार्यान्वयनका विषयमा हस्ताक्षर हुन्छ कि हुँदैन अहिल्यै भन्न सकिँदैन।

■ दुई पार्टी समान निष्कर्षमा पुग्छौं

● **प्रदीप ज्ञवाली**
एमाले उपमहासचिव
एवं पूर्वपरराष्ट्रमन्त्री



बिआरआई परियोजना कार्यान्वयनको मोडालिटीबारे मतैक्य रहे पनि प्रधानमन्त्रीको भ्रमणअगावै दुई पार्टी समान निष्कर्षमा पुग्ने सम्भावना छ। अलिअलि फरक भए पनि प्रधानमन्त्रीको भ्रमणअघि नै विषय टुंगिन्छ भन्ने विश्वास छ। बिआरआई कार्यान्वयन फ्रेमवर्कमा अनुदान कि ऋण लिने भन्नेमा छलफल चलिरहेको छ। अहिले हामीलाई स्रोतको अभाव छ। सस्तो हुन्छ भने जहाँबाट ऋण लिए पनि हुन्छ। तर ब्याज, समयावधि र सर्त हेर्नुपर्छ।

ट्रम्पको पुनरागमनले विश्व अर्थतन्त्रलाई पार्ने प्रभाव



दोस्रो कार्यकालको ट्रम्प प्रशासनले विश्व शान्ति, जलवायु परिवर्तन र व्यापारको उदारीकरणमा सकारात्मक पहल गर्ने सम्भावना न्यून

(विस्तृत पृष्ठ ५)

हिउँदमा भारतबाट ६५४ मेगावाट विद्युत् खरिद गर्न नेपाललाई स्वीकृति

यो वर्षको हिउँदमा नेपालले भारतबाट ६ सय ५४ मेगावाट विद्युत् खरिद गर्ने स्वीकृति पाएको छ। भारतको केन्द्रीय विद्युत् प्राधिकरणले २० नोभेम्बरदेखि १५ मार्च (४ मंसिर-२ चैत)सम्म सो बराबरको विद्युत् नेपाललाई बिक्री गर्ने स्वीकृति दिएको नेपाल विद्युत् प्राधिकरणलाई जानकारी दिएको छ।

(विस्तृत पृष्ठ ६)

सक्कली डाक्टर जब बने 'अन्डरवर्ल्ड'को नक्कली एजेन्ट

त्रिवि आइओएमबाट छात्रवृत्तिमा एमबिबिएस गरेका भोजपुरका डा. आशिष दाहाल अमेरिकासम्म पुगे, तर क्यासिनोको लतले टाट पल्टिएपछि स्वदेश फर्किएका उनी अल्डरवर्ल्डको नाममा धम्क्याएर पैसा माग्ने आपराधिक गतिविधिमा होमिए

नयाँ पत्रिका

पूर्वी पहाडी जिल्ला भोजपुरका आशिष दाहालको करिअरमा सुदूर भविष्यको पहिलो उपलब्धि त्यति वेला प्राप्त भयो, जब एमबिबिएस पढ्न सरकारी छात्रवृत्तिमा नाम निकाले। उनले त्रिभुवन विश्वविद्यालयको इन्स्टिच्युट अफ मेडिसिन (आइओएम)बाट छात्रवृत्तिमा एमबिबिएस अध्ययन गरे।

एमबिबिएस सकाएपछि करिअरको अर्को खुड्किलो चढ्ने अपेक्षासहित उनी सन् २०१७ मा अमेरिका गए। अमेरिकामै मेडिकल अभ्यास गर्ने सपनासहित त्यहाँ पुगेका उनी त्यहाँको चिकित्सक अनुमतिपत्र (युएसएमएलई)को परीक्षामा अनुत्तीर्ण भए। बरु अमेरिकामा क्यासिनोको लतले उनलाई रसातलमै पुऱ्याइदियो। क्यासिनोमा भएभरको पैसा हारेर टाट पल्टिएपछि उनका दुर्दिन सुरु भए। लाइसेन्स परीक्षामा फेलको पीडा र ऋण बोकेर अमेरिका छाड्नुपर्ने अवस्थामा पुगे। तनावको भारी बोकेर २०१८ मा स्वदेश फर्किए।

स्वदेश फर्किँदा उनीसँग ४० लाख रुपैयाँ ऋण थियो। नेपाल आएपछि बुबाआमाले जोडेको इमाडोलको जग्गा बेचेर २५ लाख ऋण तिरे, बाँकी १५ लाख काम गर्दा



पनि तिर्न सकेनन्। त्यसपछि अब उनले जिन्दगीलाई अपराध कर्मतिर मोड्न थाले। अन्डरवर्ल्डको नाममा विभिन्न व्यक्तिलाई धम्क्याएर पैसा मागेको आरोपमा ३२ वर्षीय दाहाललाई प्रहरीले बुधबार पक्राउ गरेको छ। ग्वार्को बस्ने उनी त्यहाँकै एक निजी क्लिनिकमा काम गर्दै आएका थिए। एमबिबिएस मात्र उत्तीर्ण गरेकाले उनको आम्दानी पनि न्यून थियो।

काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रहरी नायब उपरीक्षक रोशन खड्काका अनुसार आर्थिक संकटमा फसेका दाहालले नयाँ सिमकार्ड निकालेर धम्क्याउने योजना बनाएका थिए। आफ्नै सहकर्मी तथा सामान्य चिनजान भएका व्यापारीहरूलाई ह्वाट्सएपमा म्यासेज पठाएर ५० हजारदेखि दुई लाख रुपैयाँसम्म मागेका थिए। आफू 'अल्डरवर्ल्ड'को एजेन्ट भएको भन्दै पैसा नदिए कन्ट्र्याक्ट किलरमार्फत हत्या गर्नेसम्मको धम्की दिएका थिए।

अनुसन्धानमा आबद्ध प्रहरीका अनुसार पक्राउपछि दाहालले आफू क्यासिनोको लतका कारण आर्थिक संकटमा फसेको र सोही कारण यस्तो काम गरेको बताएका छन्। सन् २०१७ मा उनी अमेरिका गएको, त्यहाँ नियमित क्यासिनो जाने गरेको र ठुलो रकम हारेपछि नेपाल फर्किएर आपराधिक योजनामा लागेको खुल्न आएको ती प्रहरी अधिकारीले बताए। कानुनी कारबाहीका लागि उनलाई जिल्ला प्रहरी परिसर, काठमाडौं पठाइएको अपराध अनुसन्धान कार्यालयका एसपी काजी आचार्यले बताए। काठमाडौं परिसरले आपराधिक लाभ मुद्दामा उनीविरुद्ध अनुसन्धान अघि बढाएको छ।

उपनिर्वाचनमा ३७६ उम्मेदवार, तीनजना निर्विरोध

३१ जनाले मनोनयन फिर्ता लिए, सबै उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान, कांग्रेसबाट दुई जिसस प्रमुख र माओवादीबाट एक वडाध्यक्ष निर्विरोध

नयाँ पत्रिका

स्थानीय तहको १६ मंसिरमा हुने उपनिर्वाचनका लागि ३७६ जनाको उम्मेदवारी परेको छ। निर्वाचन आयोगले बुधबार सार्वजनिक गरेको उम्मेदवारको अन्तिम नामावलीअनुसार ४१ स्थानका विभिन्न पदमा ३७६ जनाको उम्मेदवारी कायम भएको छ।

स्थानीय तहका रिक्त ४४ पदका लागि २ मंसिरमा राजनीतिक दलबाट २८९ जना र १२१ जना स्वतन्त्र उम्मेदवार गरी ४१० जनाको मनोनयनपत्र दर्ता भएकोमा ३१ जनाले उम्मेदवारी फिर्ता लिएका छन्। तीनजना निर्विरोध निर्वाचित भएको प्रवक्ता नीता पोखरेल अर्यालले बताइन्।

अर्यालका अनुसार ओखलढुंगा र कैलालीको जिल्ला समन्वय समिति प्रमुखमा कांग्रेस उम्मेदवार निर्विरोध बनेका छन्। ओखलढुंगामा टेकराज भट्टराई र कैलालीमा टीकाकुमारी चौधरी (भुल) निर्विरोध निर्वाचित भएका हुन्। यसैगरी, रुकुम पूर्वस्थित पुथा उत्तरगंगा गाउँपालिका- २ को वडाध्यक्षमा माओवादी केन्द्रका उम्मेदवार जगत घर्ती निर्विरोध निर्वाचित भएको अर्यालले बताइन्।

स्थानीय तह उपनिर्वाचन प्रयोजनका लागि दर्ता भएका २५ वटा राजनीतिक दलमध्ये हाम्रो नेपाल पार्टी, नेपाल कम्युनिस्ट पार्टी (मार्क्सवादी लेनिनवादी), नेपाली कांग्रेस (बिपी), नेपाली जनता दल र आम जनता पार्टी गरी पाँचवटा दलले कुनै ठाउँमा पनि उम्मेदवारी दिएनन्।

प्रवक्ता अर्यालका अनुसार निर्विरोध निर्वाचन सम्पन्न भएका तीन स्थानबाहेक ४१ स्थानका विभिन्न पदहरूमा २० राजनीतिक दल र स्वतन्त्र उम्मेदवारसमेत ३७६ जनालाई बुधबारै सम्बन्धित मुख्य निर्वाचन अधिकृत तथा निर्वाचित अधिकृतबाट निर्वाचन चिह्न प्रदान गरिएको छ।



टेकराज भट्टराई



टीकाकुमारी चौधरी



जगत घर्ती

स्थानीय तहमा विभिन्न कारणले रिक्त जिल्ला समन्वय समिति प्रमुख दुई, नगरपालिकाका मेयर र उपमेयर एक-एक, गाउँपालिका अध्यक्ष दुई, गाउँपालिका उपाध्यक्ष चार र ३४ वडाध्यक्ष गरी ४४ पदमा निर्वाचन हुँदै छ। यसमध्ये तीन पद निर्विरोध भइसकेको छ। आयोगका अनुसार जिल्ला समन्वय समिति प्रमुखमा दुई, गाउँपालिका अध्यक्ष तथा उपाध्यक्ष र नगरपालिका प्रमुख र उपप्रमुखका लागि ७६ र वडाध्यक्षका लागि ३०१ जनाको उम्मेदवारी परेको छ। निर्वाचन कार्यक्रमअनुसार ६-१३ मंसिरसम्म उम्मेदवारहरूले प्रचारप्रसार गर्न पाउनेछन्। १३ मंसिरको राति १२ बजेदेखि मतदान सम्पन्न नभएसम्म मौन अवधि लागू हुनेछ। १६ मंसिरको बिहान ७ देखि अपराह्न ५ बजेसम्म सम्बन्धित मतदान केन्द्रमा मतदान हुनेछ।

कर तिरेको नक्कली पत्रका आधारमा बैंकबाट दुई अर्ब ३० करोड ऋण

नयाँ पत्रिका

सहकारी ठगीको आरोपमा थुनामा रहेका देउराली सहकारीका सञ्चालक रवीन्द्र चौलागाईंले बैंकबाट ऋण लिँदासमेत नक्कली कागजपत्र पेस गरी झुक्याएका छन्। कर कार्यालयकै किर्ते पत्र बनाई उनले बैंकमा पेस गरेर सवा दुई अर्ब कर्जा लिएका हुन्।

चौलागाईंसहित चारजनालाई प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले लिखतसम्बन्धी कसुरमा मुद्दा चलाएको छ। उनीहरूले पूजा मार्केटिङ प्रालि, पूजा ट्रेडिङ एन्ड मार्केटिङ प्रालि र थ्री ब्रदर्स मार्केटिङ प्रालिका नाममा कर चुक्ताको नक्कली पत्र बनाएका थिए। तीनै पत्र तत्कालीन सेञ्चुरी बैंकमा पेस गरी दुई अर्ब ३० करोड ८१ लाख रुपैयाँ कर्जा लिएको भेटिएको छ।

सिआइबीले चौलागाईंसहित उनकी श्रीमती पूजा खत्री तथा राजेन्द्र खत्री र मनोज भण्डारीविरुद्ध गत ३० कात्तिकमा जिल्ला अदालत, ललितपुरमा सरकारी वकिलमार्फत मुद्दा दायर गरेको हो। रवीन्द्र र राजेन्द्र देउराली सहकारीको ठगीको मुद्दामा यसअघि नै पुर्पक्षका लागि कारागारमा छन्। पूजा र मनोज भने फरार छन्।

पक्राउ परेका रवीन्द्र र राजेन्द्रले कम्पनीको लेखापाल रहेका मनोजले नै ती पत्र बनाएको दाबी गरेका छन्।

कर्जा लिँदा कर चुक्तासम्बन्धी विवरणको नक्कली पत्र बनाएर बैंकमा पेस गरिएको खुलेपछि उनीहरूविरुद्ध लिखत किर्ते मुद्दा दायर भएको सिआइबीका एसपी होविन्द्र बोगटीले बताए। 'उनीहरूविरुद्ध पहिले नै सहकारी ठगी मुद्दा दायर भइसकेको छ,' उनले भने, 'बैंकमा पेस गरिएको कतिपय कागजपत्र किर्ते देखिएपछि त्यसमा छुट्टै मुद्दा चलाएका हौँ।'

उनीहरूले आन्तरिक राजस्व कार्यालय, ललितपुरबाट आठवटा कर चुक्तासम्बन्धी नक्कली पत्र बनाएका थिए। ०७६, ०७७ र ०७८ मा यस्ता पत्र तयार गरिएको सिआइबीले जनाएको छ। चौलागाईंले सहकारीको रकम अनधिकृत घरमा घरजग्गामा लगानी गरेका थिए। तिनै जग्गा सेञ्चुरी बैंकमा धितो राखेर थप कर्जा लिएका थिए। तर, घरजग्गा कारोबार खस्किएपछि सो कर्जा तिर्न सकेका छैनन्। जसकारण सहकारीसमेत डुबेको थियो। सो सहकारीमा सर्वसाधारणको दुई अर्ब २० करोड रुपैयाँ डुबेको छ। चौलागाईंका नाममा रहेका जग्गा पनि बैंकको धितोमा रहेकाले सर्वसाधारणले बचत फिर्ता पाउन कठिन भएको छ।

सीप मेलाबाट तालिम लिएकालाई खोज्दै काठमाडौं महानगर
बेरोजगार भए 'अन द जब ट्रेनिङ'

काठमाडौं/ काठमाडौं महानगरपालिकाले गत वैशाखमा सञ्चालन गरेको सीप मेलाबाट तालिम लिएकाहरूलाई खोजी गर्न थालेको छ। तालिम लिएपछि रोजगारी नपाएको तथा बेरोजगार भेटिए रोजगारी दिने तयारीसहित सहभागी युवाहरूको खोजी गरेको हो।

महानगरपालिकाले १९ वैशाख ०८१ मा टुँडिखेलमा 'सिप मेला ०८१' आयोजना गरेको थियो। 'स्वरोजगार', 'रोजगार' र 'अन द जब ट्रेनिङ' उपलब्ध गराउने लक्ष्य राखिएको मेलामा तालिम लिन ६८ हजार ८६६ जनाको आवेदन दिएका थिए। जसमा १० वटा विधाका ३० वटा पेसासँग सम्बन्धित तालिम कक्षा सञ्चालन भएका थिए।

१५ दिन र ३० दिन अवधिका तालिमबाट दुई हजार ७१५ जना प्रशिक्षार्थीले तालिम लिएका थिए। तर, तालिम लिएकाहरू कुन-कुन क्षेत्रमा छन् र उनीहरूको अवस्थाबारे बुझ्न महानगरपालिकाले खोजी गर्न थालेको हो। यस्तै, तालिम लिएकै मध्येबाट सम्पर्कमा आएका ३० जनालाई महानगरपालिकाले मासिक न्यूनतम १८ हजार पारिश्रमिकसहित विद्युतीय र अन्य सवारीसाधन मर्मतको 'अन द जब'का लागि पठाउने तयारीसमेत गरेको छ। तालिम लिएका अन्य व्यक्ति बेरोजगार तथा हालसम्म काममा नलागेको भए सम्पर्कमा आउन अनुरोधसमेत गरेको छ।

सम्पर्कमा आएका ३० जनालाई रोजगार दिन महानगरपालिका र चाँगुनारायण फाउन्डेसनसँग मंगलबार सम्झौता भएको छ। महानगरपालिकाका तर्फबाट सामाजिक विकास विभागका प्रमुख समीक्षा निरौला र फाउन्डेसनका तर्फबाट अध्यक्ष मनिराज खत्रीले हस्ताक्षर गरेका छन्। सम्झौतापछिको प्रतिक्रियामा उपप्रमुख सुनिता डंगोलले साझेदार सबैको भूमिका जोडेर साझा लक्ष्य पूरा गर्न सकिएको बताइन्। गत वर्ष महानगरपालिकाले सीप मेलाबाट प्रदान गरेको अटो इलेक्ट्रिकमा ४० जना इलेक्ट्रिकल भेहिकल (इभी) मा ६० जना गरी एक सयजनाले एकमहिने तालिम लिएका थिए। उनीहरूमध्ये सबैलाई सम्पर्क गर्दा ५० जनाले रोजगारीमा जान इच्छा देखाएका छन्। सहरी योजना आयोगका सदस्य इन्जिनियर शैलेन्द्र झाका अनुसार इच्छुक ५० जनामध्ये ३० जना छनोट गरेर 'अन द जब ट्रेनिङ'मा पठाइनेछ।

ओली कार्यान्वयन...

पृष्ठ १ बाट क्रमशः

कांग्रेस र एमाले नेताहरूबिच लगातार संवाद भए पनि बुधबार रातिसम्म ठोस प्रगति भैसकेको छैन। मंगलबार साँझ मन्त्रिपरिषद् बैठक रोकेर प्रधानमन्त्री ओलीले बालुवाटारमा बोलाएको कांग्रेस नेताहरूसँगको छलफलमा सहमति हुन सकेन। राति ११ बजेसम्म बालुवाटारमा भएको छलफल निष्कर्षमा पुग्न सकेन। उच्च राजनीतिक स्रोतका अनुसार बिआरआई सम्झौतामा कांग्रेस प्रतिबद्ध रहेको, तर ऋण, सुरक्षा र भूराजनीतिक स्वार्थमा फस्न नसकिने भन्दै अहिले त्यसलाई थाती राख्न कांग्रेस सभापति शेरबहादुर देउवाले प्रधानमन्त्री ओलीलाई आग्रह गरेका थिए।

सोमबार दुईदलीय कार्यदलको छलफलमा सहमति हुन नसकेपछि मंगलबार सीमित शीर्ष नेताहरूबिच प्रधानमन्त्री ओलीले सहमति जुटाउने प्रयास गरेका थिए। मंगलबारको बैठकमा प्रधानमन्त्री ओलीसँग अर्थमन्त्री विष्णु पौडेल र प्रधानमन्त्रीका मुख्य सल्लाहकार विष्णु रिमाल थिए। कांग्रेसबाट सभापति देउवा, महामन्त्री गगन थापा र परराष्ट्रमन्त्री आर्जु राणा थिइन्। परराष्ट्रमन्त्री राणालाई प्रधानमन्त्री ओली र कांग्रेस सभापति देउवाले चीन भ्रमणको समन्वय र तयारी गर्ने जिम्मा दिएका थिए।

स्रोतका अनुसार प्रधानमन्त्रीका आर्थिक सल्लाहकार डा. युवराज खतिवडा पनि जस्ताको जस्तै बिआरआई कार्यान्वयन योजना हस्ताक्षर गर्ने पक्षमा छैनन्। 'अहिले नै हस्ताक्षर गर्ने भन्दा पनि एउटा मध्यमार्ग खोजौँ भन्ने उहाँको धारणा रहेछ। यो व्यावहारिक छ भनेका छौँ,' कांग्रेसका एक नेताले नयाँ पत्रिकासँग भने।

कांग्रेसले चिनियाँ अनुदानमा परियोजनाहरू छनोट गर्न र त्यसलाई बिआरआईअन्तर्गत राखेर कार्यान्वयन गर्न सकिने धारणा राखेको छ। 'ऋण, भूराजनीति र सुरक्षासँग सम्बन्धित विषयवस्तु भएकाले बिआरआई कार्यान्वयन योजनामा हस्ताक्षर गर्न सकिन्न। सीधै चिनियाँ अनुदानमा आधारित परियोजनामा सहमति गरौँ,' स्रोतका अनुसार कांग्रेस सभापति देउवाले प्रधानमन्त्री ओलीसँग भनेका छन्, 'चीनले अहिलेसम्म घोषणा गरेको र कार्यान्वयन नभएको अनुदानमा आधारित परियोजनामा सहमति गरौँ र ती परियोजनालाई बिआरआईअन्तर्गत राखौँ। ऋणमा अहिले प्रवेश नै नगरौँ।'

एमाले उपमहासचिव एवं पूर्वपरराष्ट्रमन्त्री प्रदीप ज्ञवालीले प्रधानमन्त्रीको भ्रमणअगावै दुई पार्टी समान निष्कर्षमा पुग्न सक्ने सम्भावना रहेकोले अहिले छलफल भैरहेको बताए। 'बिआरआई परियोजना कार्यावन्यनको मोडालिटीबारे मतैक्य रहे पनि प्रधानमन्त्रीको भ्रमणअगावै दुई पार्टी समान निष्कर्षमा पुग्ने सम्भावना छ। अलिअलि फरक भए पनि प्रधानमन्त्रीको भ्रमणअघि नै विषय टुंगिन्छ भन्ने विश्वास छ। बिआरआई कार्यान्वयन फ्रेमवर्कमा अनुदान कि ऋण लिने भन्नेमा छलफल चलिरहेको छ,' उनले भने, 'सित्तैमा पायो भनेर अलकत्रो खानुहुन्न भन्ने नेपाली उखान छ। देशको हितमा छैन भने सित्तैमा पाइयो भनेर अनुदान पनि लिनुहुँदैन। अहिले हामीलाई स्रोतको अभाव छ। ऋणको ब्याज धेरै महँगो छ भने चीन, भारत र अमेरिका कोहीसँग पनि लिनुहुन्न। सस्तो हुन्छ भने जहाँबाट लिए पनि हुन्छ। तर ब्याज, समयावधि र सर्त हेर्नुपर्छ।'

कांग्रेस प्रवक्ता एवं पूर्वपरराष्ट्रमन्त्री डा. प्रकाशशरण महतले प्रधानमन्त्रीको भ्रमणमा बिआरआई सम्झौता कार्यान्वयनका विषयमा हस्ताक्षर हुने-नहुने अहिल्यै भन्न नसकिने बताए। उनले बिआरआई कार्यान्वयनमा लैजाने हो भने चीनले अनुदानमा परिणत गर्नुपर्ने पार्टीको धारणा रहेको बताए। 'अहिले ऋण लिने अवस्था नभएकाले बिआरआई कार्यान्वयनमा लैजाने हो भने चीनले अनुदानमा परिणत गर्नुपर्छ। हाम्रो पार्टीको धारणा यही हो। प्रधानमन्त्रीसँगको छलफलमा पार्टी सभापतिले ऋण होइन, अनुदान लिने गरी जानुपर्छ भन्ने धारणा राख्नुभएको छ,' डा. महतले नयाँ पत्रिकासँग भने, 'कोभिडपछि चीनले जनाएको अनुदानको प्रतिबद्धता नै कार्यान्वयन भएको छैन यो अवस्थामा ऋण लिएर बिआरआई कार्यान्वयन गरियो भने देशका लागि बोझिलो हुन्छ। प्रतिफल नहुने ऋण किन लिने ? प्रधानमन्त्रीको भ्रमणमा बिआरआई सम्झौता कार्यान्वयनका विषयमा हस्ताक्षर हुन्छ कि हुँदैन अहिल्यै भन्न सकिँदैन। त्यसमा हस्ताक्षर हुन्छ कि हुँदैन मैले जवाफ दिने होइन, सरकारले हो।'

सन् २०१७ मा नेपालले बिआरआईसँग सम्बन्धित समझदारी-पत्रमा हस्ताक्षर गरेको थियो। दोस्रो कार्यकालका लागि प्रचण्डले सरकारको नेतृत्व गरिरहेका वेला तत्कालीन परराष्ट्र सचिव र नेपालका लागि चिनियाँ राजदूतले बिआरआईसँग सम्बन्धित पाँचवटा सहकार्यका क्षेत्र तय गरिएका थिए। जसमा नीति आदानप्रदान, पूर्वाधार सम्पर्क सञ्जाल, व्यापार सञ्जाल, वित्तीय समायोजन र जनस्तरको सम्पर्क आदानप्रदानलाई सहकार्यको क्षेत्र मानिएको छ। तर, समझदारी-पत्रमा हस्ताक्षर भएको सात वर्ष बित्दा पनि हालसम्म नेपालले परियोजना छनोट गर्न सकेको छैन। बिआरआई कार्यान्वयन योजनामा सम्झौता हुन सकेको छैन।

परराष्ट्रमन्त्रीको भ्रमण के होला ?



कांग्रेस र एमालेबिच बिआरआई कार्यान्वयन योजनाका विषयमा सहमति नभए परराष्ट्रमन्त्री डा. आरजु राणा देउवाको चीन भ्रमण प्रभावित हुने भएको छ। प्रधानमन्त्री ओली १७ देखि ५ मंसिरसम्म चीनको भ्रमणमा जानुपूर्व परराष्ट्रमन्त्री राणा १४ मंसिरमा बेइजिङ जाने तयारी थियो। परराष्ट्रमन्त्री राणा १० मंसिरमा जापान जाने, भोलिपल्ट स्वास्थ्य जाँच गरेर १४ मंसिरमा बेइजिङ पुग्ने मितिमा दुवै देशको कूटनीतिक च्यानलबिच छलफल चलिरहेको थियो। उनको जापान जाने कार्यक्रम तय छ, तर बिआरआईमा सहमति नभए उनी जापानबाट नेपाल आएर प्रधानमन्त्रीसँगै बेइजिङ जानेछिन्। 'चीनको निमन्त्रणाभन्दा पनि प्रधानमन्त्री ओलीको आग्रहमा चिनियाँ पक्षले परराष्ट्रमन्त्री राणालाई निमन्त्रणा दिएको थियो। पहिले नै बेइजिङ पुगेर एजेन्डा तय गरौँ भन्ने ओलीको चाहना थियो। तर, बिआरआईमा नै कुरा नमिलेपछि अगाडि चीन भ्रमण गर्नुको अर्थ के होला भनेर समीक्षा भइरहेको छ,' परराष्ट्रका एक अधिकारीले नयाँ पत्रिकासँग भने।

पोखरा विमानस्थलको ऋण मिनाहा कठिन

नेपालले पोखरा अन्तर्राष्ट्रिय विमानस्थलका लागि लिएको चिनियाँ ऋण मिनाहा होस् भन्नेमा एमाले र कांग्रेसको साझा धारणा छ। नेपाललाई चीनले कुनै एउटा ठुलो परियोजना निर्माण गरोस् भन्ने दुवै दलको चाहना छ। यी विषयमा प्रधानमन्त्री ओलीले चिनियाँ राष्ट्रपति सी जिनपिङ र प्रधानमन्त्री ली छियाङसँग कुराकानी गर्ने तयारी गरेका छन्। यद्यपि, चिनियाँ सम्बद्ध अधिकारीहरूसँग नेपाली अधिकारीले गरेको अनौपचारिक कुराकानीमा भने चिनियाँ ऋण मिनाहा सहज छैन। 'बैंकिङ प्रणालीबाट दिइएको ऋण मिनाहाको सम्भावना हुँदैन भन्ने जवाफ आएको छ। उच्च राजनीतिक तहमा कुनै ब्रेक थ्रू भयो भने मिनाहा होला, होइन भने सम्भावना निकै कम देखिएको छ,' परराष्ट्र स्रोतले भन्यो। नेपालले पोखरा विमानस्थल निर्माणका लागि करिब २६ अर्ब रुपैयाँ चिनियाँ ऋण लिएको छ। ऋणलाई अनुदानमा परिणत गर्न नेपालले औपचारिक रूपमा चीनलाई तीन महिनाअघि नै चिठी पठाइसकेको छ।

मितव्ययिताविपरीत...

पृष्ठ १ बाट क्रमशः

अन्य सेवामा पनि दरबन्दी थपको गृहकार्य भइरहेको छ। परराष्ट्रमन्त्री आरजु राणा देउवाको ठाडो प्रस्तावमा गत २९ कात्तिकमा बसेको मन्त्रिपरिषद् बैठकले परराष्ट्रअन्तर्गत १०७ कर्मचारीको दरबन्दी थपको निर्णय गरेको थियो। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको असहमतिका बाबजुद मन्त्री राणाको रुचिमा दरबन्दी थपको निर्णय भएको एक मन्त्रीले बताए।

चालू आवको दरबन्दी विज्ञापनका लागि लोकसेवामा विवरण पठाउनुपर्ने अन्तिम म्याद ३० असोजसम्म थियो। तर, २८ असोजसम्म दसैँ बिदा नै थियो। २९ असोजमा रातारात मन्त्रिपरिषद्को निर्णयबमोजिम दरबन्दीको विवरण तयार गरेर भोलिपल्ट सूचना प्रकाशित गरिएको थियो। 'परराष्ट्रमा यसरी अस्वाभाविक दरबन्दी थपको निर्णय हुनुमा उक्त सेवामा कार्यरत प्रभावशाली नेता निकटस्थ केही कर्मचारीका लागि बढुवाको निहित स्वार्थले प्रेरित गरेको देखिन्छ,' संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका एक अधिकारीले भने।

सरकारले मन्त्रिपरिषद्बाट हतारमा निर्णय गरेर परराष्ट्रतर्फ ठुलो संख्यामा दरबन्दी थप्यो। जुन निर्णय विवादित छ। यसमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको असहमतिका बाबजुद अर्थ मन्त्रालयको उच्चस्तरबाट सहमति लिएर मन्त्रिपरिषद्बाट निर्णय गरिएको थियो। परराष्ट्रमा दरबन्दी थप्ने विषयमा सामान्य प्रशासन मन्त्रालयका कर्मचारी सकारात्मक थिएनन्। स्रोतका अनुसार सामान्य प्रशासनका कर्मचारीले असहमति प्रकट गरेका थिए। तर, परराष्ट्रमन्त्री राणाको दबाबमा मन्त्रालयको उच्चस्तरबाट जबर्जस्ती निर्णय गराएर मन्त्रिपरिषद्सम्म प्रस्ताव लगिएको थियो। दरबन्दी थप्ने सम्बन्धमा मन्त्री राणाको स्वार्थ रहेको स्रोतको दाबी छ।

प्रविधिको प्रयोग र पहुँच बढाउँदै जानुपर्ने समयमा दरबन्दी थपको भड्किलो निर्णयले सार्वजनिक खर्चमा चाप थप्ने देखिएको छ। त्यसैले दरबन्दी थपको पछिल्लो निर्णयमाथि प्रशासनविद्का प्रश्न छन्। पूर्वअर्थसचिव रामेश्वर खनाल दरबन्दी थप्ने विषयलाई कार्यबोझ र आवश्यकताका आधारमा हेर्नुपर्ने बताउँछन्। कार्यबोझ थपिएर दरबन्दी बढाइएको हो भने उचित नै हुने उनको भनाइ छ।

भएका जनशक्तिको प्रभावकारिता नबढाई नयाँ दरबन्दी थप्नु ठिक नहुने खनाल बताउँछन्। 'दरबन्दी थप्ने विषयलाई कार्यबोझ र आवश्यकताका आधारमा हेर्नुपर्छ। कार्यबोझ थपिएर दरबन्दी बढाइएको हो भने उचित नै हुन्छ। भएका जनशक्तिको प्रभावकारिता नबढाई नयाँ दरबन्दी थप्नुचाहिँ ठिक हुँदैन,' उनले भने, 'अहिले अति आवश्यक देखिएका प्राविधिकतर्फ दरबन्दी कम छ। स्वास्थ्यकर्मी, इन्जिनियरिङतर्फ जनशक्ति अभाव छ। तर, त्यतातिर भने वास्ता गरेको देखिएको छैन।'

परराष्ट्रमा यति ठुलो संख्यामा दरबन्दी थप गर्दा ठुलो आर्थिक व्ययभार थपिनेछ। यसको हिसाब गोप्य राखिएको छ। तर, सम्बद्ध अधिकारीहरूका अनुसार यतिको संख्यामा कर्मचारीको दरबन्दी थप गर्दा वार्षिक करोडौँको व्ययभार थपिन्छ। विदेशी नियोगमा खटाइने कर्मचारीको तलब-भत्ता धेरै हुने भएकाले खर्च अत्यधिक बढ्छ। नयाँ दूतावास खोल्दा पनि ठुलो खर्च हुन्छ। एउटा नयाँ महावाणिज्य दूतावास खोल्दा घरभाडा, सवारी, फर्निचर, बिजुली, पानीका अतिरिक्त कर्मचारीलाई तलब, वैदेशिक पारिवारिक भत्ता, बिमालगायतमा पनि करोडौँ रुपैयाँ खर्च हुन्छ।

आलोचनाकै बिच अर्थ मन्त्रालयअन्तर्गत पनि दरबन्दी थप गर्नका लागि दबाब आएको अधिकारीहरूले बताएका छन्। गत साउनमा मन्त्रिपरिषद् बैठकले अर्थ मन्त्रालयअन्तर्गत संगठन तथा व्यवस्थापन (ओएन्डएम) गर्न पूर्वस्वीकृति दिएको थियो। अहिले अर्थ मन्त्रालयअन्तर्गत प्रशासन महाशाखा प्रमुख सहसचिवको नेतृत्वमा ओएन्डएम समिति छ। समितिले यस सम्बन्धमा काम गरिरहेको छ। तिहारलगत्तै समितिको बैठक पनि बसेको थियो।

खासगरी आन्तरिक राजस्व विभाग र भन्सार विभागबाट अर्थ मन्त्रालयले ओएन्डएमका लागि प्रस्ताव मागेको थियो। मन्त्रालय स्रोतका अनुसार ती विभागले मन्त्रालयले मागेबमोजिम प्रस्ताव पनि पठाइसकेका छन्। सम्बद्ध अधिकारीहरूका अनुसार दरबन्दी थप्नुपर्ने भन्दै राजस्वतर्फको एक समूहले पनि दबाब दिइरहेको छ। तर, यस विषयमा अर्थ मन्त्रालय निष्कर्षमा पुगिसकेको छैन। अर्थका एक अधिकारीले भने, 'विभागहरूबाट प्रस्ताव आएका छन्, तर थप्ने या घटाउने भन्ने सम्बन्धमा निष्कर्षमा पुगिसकिएको छैन, अहिले प्रारम्भिक चरणमै छ, छलफल भइरहेको छ।'

दरबन्दी कटौती गरेर खर्च घटाउने योजना, तर बढाइयो

सञ्चार तथा सूचना प्रविधिको पहुँच र प्रयोग बढाएर अनावश्यक दरबन्दी कटौती गर्ने गरी सरकारी घोषणा हुँदै आएका छन्। तर, यसविपरीत लगातार दरबन्दी थपको निर्णय हुने गरेका छन्।

०७९/८० को बजेटमा संघीय निजामती सेवा तथा अन्य सरकारी सेवाका कम्तीमा १० प्रतिशत दरबन्दी कटौती गर्ने र निजामती तथा सुरक्षा निकायमा प्राविधिक र अत्यावश्यकबाहेकका नयाँ दरबन्दी थप नगरिने घोषणा थियो। बजेटको यही घोषणाबमोजिम मन्त्रालयले दरबन्दी कटौतीको खाका मागेको थियो। बजेटको ३७९ बुँदाले सरकारी निकायका संगठन संरचना र दरबन्दीको पुनरावलोकन गर्ने घोषणा थियो।

त्यस्तै, ०८०/८१ को बजेट वक्तव्यमा सार्वजनिक प्रशासनको विद्यमान संरचना र दरबन्दीको पुनरावलोकन गरी छरितो बनाउने घोषणा थियो। यसका लागि सम्बन्धित मन्त्रालय र निकायले त्यसै आवको मंसिरभित्र संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्पन्न गर्नुपर्ने बजेटले उल्लेख गरेको थियो। वर्तमान सरकारले पनि अनावश्यक सरकारी खर्च कटौती गर्ने घोषणा गरेको छ। तर, यसविपरीत दरबन्दी थपको निर्णयले सरकारको घोषणा निष्प्रभावी तुल्याइदिएको छ।

प्रहरी सहचारी राख्ने प्रस्ताव २५ वर्षदेखि अलपत्र

नेपाल प्रहरीले २५ वर्षदेखि विभिन्न देशमा प्रहरी सहचारी स्थापनाका लागि हरेक वर्षजसो सरकारलाई पत्राचार गर्दै आएको छ। तर, आर्थिक दायित्वको कारण देखाउँदै सधैँ अस्वीकृत हुने गरेको छ। अहिले एकैपटक सरकारले परराष्ट्रमा एक सय सात दरबन्दी थपेको छ। त्यसमा एउटा पनि प्रहरी सहचारीको दरबन्दी छैन।

अन्तर्देशीय अपराधको अनुसन्धान तथा रोजगारीको प्रलोभनमा विदेशमा पुगेर बेचिएका तथा अलपत्र परेका नेपालीको उद्धारका लागि कतिपय देशमा प्रहरी सहचारी अत्यावश्यक भएको भन्दै प्रहरीले गरेको पत्राचारको यसपटक पनि सुनुवाइ नभएपछि प्रहरी अधिकारी निराश भएका छन्।

गत वर्ष मात्र चीन, अमेरिका, मलेसिया, युएई र स्पेनमा प्रहरी सहचारी राख्न गृह मन्त्रालयलाई पत्राचार गरिएको थियो। जसमा अर्थ मन्त्रालयले सहमति नदिँदा रोकियो। आर्थिक दायित्वको कारण देखाएर यसरी प्रहरी प्रस्ताव अस्वीकृत भएको थियो। तर, करोडौँ आर्थिक दायित्व बढ्ने गरी परराष्ट्रका विभिन्न नियोगमा दरबन्दी थप हुँदा एउटा पनि प्रहरी सहचारी नपर्नुले प्रहरी नेतृत्वले हेपिएको महसुस गरेको छ।

०५६ मा तत्कालीन प्रहरी महानिरीक्षक अच्युतकृष्ण खरेलले धेरै नेपाली रहेका देशमा सहचारी राख्ने प्रस्ताव गरेका थिए। सोही प्रस्तावअनुसार भारतमा प्रहरी सहचारी राखियो। त्यसयता बारम्बार प्रहरी नेतृत्वले अन्य देशमा प्रहरी सहचारी राख्न आग्रह गर्दै आएको छन्। सहचारी नहुँदा अपराध गरेर विदेशमा भागेकालाई ल्याउनदेखि अन्तर्देशीय अपराधको अनुसन्धानमा प्रहरीले समस्या झेल्दै आएको छ।

कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको सानिमा बैंक लिमिटेड, शाखा कार्यालय धनगढी र टिकापुरको ३५ दिने सार्वजनिक सूचना ।।

(प्रकाशित मिति : २०८१/०८/०६ गते)

यस बैंकबाट ऋणकर्जा लिएका तपसिलमा उल्लिखीत ऋणीले ऋणकर्जा लिदाँ बैंकलाई गरिदिएको कर्जा लिखतहरु तथा कर्जा स्वीकृति पत्रको शर्तमा तोकिए बमोजिम बुझाउनु पर्ने साँवा, ब्याज आदि समेत बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋणकर्जा लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रूपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋणकर्जा दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारूकता नदेखाएको हुनाले सम्पूर्ण बक्यौता कर्जा सुविधा फिर्ता गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फर्छ्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा धितो सुरक्षण लिलाम बिक्रि गर्ने र सो धितोबाट सम्पूर्ण कर्जा रकम असुल उपर नभएको खण्डमा प्रचलित कानुन तथा नेपाल राष्ट्र बैंकको निति नियमको अधिनमा रही बाँकी बक्यौता ऋणी तथा जमानिकर्ताहरूबाट असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्न सिफारिस गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराउदछौं ।

साथै, उल्लिखित ऋणीहरूले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण वापत व्यक्तिगत/संस्थागत जमानत दिनुहुने पक्षहरूलाई समेत उपरोक्त ब्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र बैंकको कर्जा भुक्तानी गर्नु गराउनुहुन सुचित गरीन्छ ।

तपसिलः

शाखा कार्यालय धनगढीको ऋणी :

ऋणीको नाम र ठेगाना :

सुदुरपश्चिम प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय धनगढी, कैलाली, नेपालमा प्रा.फ.द.नं. १८६०८ कायम भई मिति २०७९/०५/०८ मा दर्ता भएको कैलाली जिल्ला, धनगढी उप.म.न.पा वडा नं. ०१ स्थित **आसिस सिलाई सेन्टर...१**

व्यक्तिगत जमानतकर्ताहरूको नाम, थर र ठेगाना :

प्रकाश परियारको छोरी, पुरन दमाईको श्रीमती, कञ्चनपुर जिल्ला, भिमदत्त न.पा. वडा नं ८ बस्ने **शोभा दमाई (परियार)...१**

रूद्रे दमाईको नाती, महाजित दमाईको छोरा, कञ्चनपुर जिल्ला, महेन्द्रनगर म.न.पा. वडा नं ०८ बस्ने **पुरन दमाई...१**

धितो सुरक्षणको विवरण :

शोभा दमाई (परियार)को नाममा मालपोत कार्यालय धनगढी, कैलालीमा दर्ता श्रेस्ता कायम रहेको कैलाली जिल्ला, धनगढी म./न.पा./गा.पा. वडा नं. १ (नक्सा सिट नं. ०२७००८०२) को कित्ता नं. ४८२ को १२३.५० वर्ग मि. क्षेत्रफल रहेको जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

शाखा कार्यालय टिकापुरका ऋणीहरू :

ऋणी-१ को नाम, थर र ठेगाना :

तपेन्द्र शाहीको छोरी, दिपेन्द्र शाहको श्रीमती, कैलाली जिल्ला, टिकापुर गा.वि.स/उ.म.न.पा. वडा नं. ८ बस्ने **दुर्गा शाह...१**

व्यक्तिगत जमानतकर्ताहरूको नाम, थर र ठेगाना :

रण बहादुर शाहको नाति, गोकुल बहादुर शाहको छोरा, कैलाली जिल्ला, टिकापुर गा.वि.स/उ.म.न.पा. वडा नं. ८ बस्ने **दिपेन्द्र शाह...१**

धितो सुरक्षणको विवरण :

दिपेन्द्र शाहको नाममा मालपोत कार्यालय टिकापुर, कैलालीमा दर्ता श्रेस्ता कायम रहेको कैलाली जिल्ला, मनिकापुर गा.वि.स/न.पा. वडा नं. ८ (नक्सा सिट नं. ८) को कित्ता नं. ५६३८ को २६५.०० वर्ग मि. क्षेत्रफल रहेको जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

ऋणी-२ को नाम र ठेगाना :

नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य, आपुर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, धनगढी, कैलालीमा प्रा.फ.र.नं. २७९७४/०७६/७७,स्थानिय व्यापार कायम भई मिति २०७६/०८/१७ मा दर्ता भएको कैलाली जिल्ला, टिकापुर न.पा. वडा नं. १ स्थित **मिनाक्षी सपिङ्ग सेन्टर...१**

व्यक्तिगत जमानतकर्ताहरूको नाम, थर र ठेगाना :

जयराम चौधरीको छोरी, धर्मराज चौधरीको श्रीमती, कैलाली जिल्ला, लम्की चुहा गा.वि.स/उ.म.न.पा. वडा नं. २ बस्ने **मिनाक्षी चौधरी...१**

लक्ष्मण डगौरा थारूको नाती, भरत बहादुर चौधरीको छोरा, कैलाली जिल्ला, टिकापुर न.पा. वडा नं. १ बस्ने **धर्मराज चौधरी...१**

लाल बहादुर चौधरीको छोरी, भरत बहादुर चौधरीको श्रीमती, कैलाली जिल्ला, टिकापुर न.पा. वडा नं. ९ बस्ने **मन प्यारी थरुनी...१**

नारायण डगौरा थारूको नाती, लक्ष्मण डगौरा थारूको छोरा, केलाली जिल्ला, टिकापुर न.पा. वडा नं. ९ बस्ने **भरत बहादुर चौधरी...१**

धितो सुरक्षणको विवरण :

भरत बहादुर चौधरीको नाममा मालपोत कार्यालय टिकापुर, कैलालीमा दर्ता श्रेस्ता कायम रहेको कैलाली जिल्ला, मुनुवा गा.वि.स/न.पा. वडा नं. ९ को कित्ता नं. २०३३ (नक्सा सिट नं ९क) र २०३५ (नक्सा सिट नं ९क) को क्रमशः ४४२६.६७ र १७२६.६७ वर्ग मि. क्षेत्रफल रहेको जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

सानिमा बैंक www.sanimabank.com

'अलकापुरी', नक्साल, काठमाण्डौ, नेपाल फोनः +९७७-१-५९७००३३, फ्याक्सः +९७७-१-४४२८९६९, ईमेलः sanima@sanimabank.com

भूमि सुधार तथा मालपोत कार्यालय सर्लाहीको हकदावि गर्न आउने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

श्री जि.स.गा.वि.स. सिमरा वडा नं. ८ मा बस्ने दिप नारायण तिवारीकी श्रीमति इन्द्रासन देवीलाई हकदावी गर्न आउने वारेको सूचना ।

उपरोक्त सम्बन्धमा साविक जि.स. गा.वि.स. पकडी वडा नं. ६ हाल जि. सर्लाही विष्णु गा.पा./न.पा. वडा नं. ५ मा बस्ने स्व. राम विलास तिवारीकी श्रीमति सुवदी देवीले तपाइ उपर दिनु भएको मि.न. २३३० को मोही नामसारी र मि.न. २७९६ को जग्गा बाडफाँड मुद्दामा यस कार्यालयबाट जारी भएको १२ दिने सूचना तपाइको ठेगानामा पटक-पटक गई प्रतिवादी तपाइले म्याद बुझ्न इन्कार गर्नु भएकोले यस कार्यालयको मिति २०८१/०७/२६ को आदेशानुसार ३५ दिने सूचना राष्ट्रिय स्तरको पत्रिकामा प्रकाशित गर्नु भनि आदेश भएकोले तपाइ प्रतिवादी इन्द्रासन देवीका नाममा मोही नामसारी तथा बाँडफाँड गरी पाउँ भन्ने निवेदनमा मिति २०८१/०७/२६ आदेश बमोजिम यो सूचना जारी गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ दिन भित्र आफू वा ऐन वमोजिमको वारेस पठाउनु होला। नआएमा वा म्याद गुजारी बसेमा कानुन बमोजिम मोही नामसारी तथा जग्गा बाँडफाँड मुधामा कार्यवाही भै जाने व्यहोरा यसै सूचना द्वारा जानकारी गराईन्छ। पछि तपाईको उजुर बाजुर लाग्ने छैन।

भूमि सुधार तथा मालपोत कार्यालय सर्लाहीको हकदावि गर्न आउने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

श्री जि.स. गा.वि.स. सिमरा वडा नं. ८ मा राम लखन तिवारीको छोरा रास नारायण तिवारीलाइ हकदावी गर्न आउने वारेको सूचना ।

उपरोक्त सम्बन्धमा साविक जि.स. गा.वि.स. पकडी वडा नं. ६ हाल जि. सर्लाही विष्णु गा.पा./न.पा. वडा नं.-५ मा बस्ने स्व. राम विलास तिवारीकी श्रीमति सुवदी देवीले तपाइ उपर दिनु भएको मि.न. २१४९ को मोही नामसारी र मि.न. २५४३ को जग्गा बाडफाँड मुधामा यस कार्यालयबाट जारी भएको १५ दिने सूचना तपाइको ठेगानामा पटक पटक गइ प्रतिवादी तपाइ ले म्याद बुझ्न इन्कार गर्नु भएकोले यस कार्यालयको मिति २०८१/०७/२६ को आदेशानुसार ३५ दिने सूचना राष्ट्रिय स्तरको पत्रिकामा प्रकाशित गर्नु भनि आदेश भएकोले तपाइ प्रतिवादी रास नारायण तिवारीका नाममा मोही नामसारी तथा बाँडफाँड गरी पाउँ भन्ने निवेदनमा मिति २०८१/०७/२६ को आदेश बमोजिम यो सूचना जारी गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ दिन भित्र आफू वा ऐन वमोजिमको वारेस पठाउनु होला। नआएमा वा म्याद गुजारी बसेमा कानुन बमोजिम मोही नामसारी तथा जग्गा बाँडफाँड मुधामा कार्यवाही भै जाने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ। पछि तपाईको उजुर बाजुर लाग्ने छैन।

कर्जा सूचना केन्द्र लि. को कालो सूचीमा राखिने बारेको कृषि विकास बैंक लि, शाखा साँखुको ३५ दिने सूचना

(सूचना प्रकाशन मिति : २०८१/०८/०६ गते)

कृषि विकास बैंक लिमिटेड, शाखा साँखुबाट तपसिल बमोजिमको व्यक्ति/फर्म/कम्पनीहरूले निम्न उद्देश्यका लागि विभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिएबमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले बारम्बार मौखिक, लिखित तथा कर्जा बुझाउने बारेको २१ (एक्काइस) दिने सूचना पत्रपत्रिकामा प्रकाशन गरी ताकेता गर्दा पनि आलटाल गरी कर्जाको साँवा, व्याजलगायतका बुझाउनुपर्ने रकमसमेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सम्पूर्ण रकम बुझाउन यो सूचना प्रकाशन गरिएको छ। उल्लेखित मितिभित्र पनि बैंकलाई बुझाउनुपर्ने सम्पूर्ण रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ को दफा ५७ तथा नेपाल राष्ट्र बैंकबाट जारी कालोसूचीसम्बन्धी निर्देशन र कृषि विकास बैंक लि. को प्रचलित कर्जा असुली कार्यबिधि तथा प्रचलित ऐन नियमबमोजिम ऋणी व्यक्ति/फर्म/कम्पनी र सोको प्रोप्राईटर/साझेदार/सञ्चालकहरू तथा बैंकबाट कर्जा लिन धितो मञ्जुरीनामा दिनेहरूसमेतलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गरी अन्य आवश्यक कानूनी कारबाही अगाडि बढाइने व्यहोरासमेत यसै सूचनाद्वारा जानकारी गराइएको छ।

तपसिल

कर्जा ग्राहकको नाम	ठेगाना	ना.प्र.नं.र मिति	जिल्ला	बाबुको नाम	बाजे/ससुराको नाम	उद्देश्य	साँवा	२०८१ कार्तिक मसान्तसम्मको ब्याज	जम्मा
दिपक कुमार श्रेष्ठ	शंखरापुर न.पा, ०३, जहरसिं पौवा	८५०५-२०५१/१२/०९	काठमाडौं	भरतमान श्रेष्ठ	शंखर मान श्रेष्ठ	घरायसी	२००००००	४८५७४३	२४८५७४३

धितो मन्जुरीनामा दिनेको विवरण

नाम/थर	ठेगाना	ना.प्र.नं.र मिति	जिल्ला	पिता/पतिको नाम	बाजे/ससुराको नाम
लक्ष्मी कुमारी श्रेष्ठ	शंखरापुर न.पा, ०३, जहरसिं पौवा	१६६२७-२०६२/०३/०५	काठमाडौं	इन्द्र बहादुर श्रेष्ठ/ दिपक कुमार श्रेष्ठ	भरतमान श्रेष्ठ
दिपेश कुमार श्रेष्ठ	शंखरापुर न.पा, ०३, जहरसिं पौवा	२७-०२-७५-००६००/२०७५/०५/०५	काठमाडौं	दिपक कुमार श्रेष्ठ	भरतमान श्रेष्ठ

कृषि बिकास बैंक लि.
बागमती प्रदेश कार्यालय
गौशाला, काठमाडौं ।

सबै दलको ध्यान कीर्तिपुरमा

कांग्रेस विरासत जोगाउने, एमाले विरासत फर्काउने, माओवादी इतिहास रच्ने र स्वतन्त्र इतिहास बनाउने रणनीतिसहित मैदानमा



कीर्तिपुरको बाघभैरव क्षेत्रमा बुधबार घरदैलो अभियानमा कांग्रेस उम्मेदवार डंगोल । पाँगाको भाजंगल क्षेत्रमा मतदातासँग मत माग्दै एमाले उम्मेदवार मानन्धर र माओवादी उम्मेदवार महर्जन । कीर्तिपुर मेयरमा स्वतन्त्र उम्मेदवारी दिएका राजमान मानक ।

तस्बिरहरू: दिपेन्द्र ढुंगाना/नयाँ पत्रिका

प्रेम गौतम/नयाँ पत्रिका

आगामी १६ मंसिरमा हुने स्थानीय तह उपनिर्वाचनका लागि प्रतिबद्धता बोकेर उम्मेदवारहरू मतदाताको घरदैलोमा गएसँगै चुनावी माहोल तातेको छ । एमाले र माओवादीले गत सातादेखि नै घरदैलो थालिसकेका छन् । कांग्रेसले भने बुधबारबाट घरदैलो अभियान थालेको छ । प्रत्येक घरमा पुगेर मतदातासँग प्रतिबद्धता जाहेर गर्ने रणनीति दल र स्वतन्त्र उम्मेदवारको छ ।

राजनीतिक दलहरूले राजधानीको कीर्तिपुर नगरपालिकाको उपनिर्वाचनलाई प्रतिष्ठाको विषय बनाएका छन् । कांग्रेस विरासत जोगाउने, एमाले विरासत फर्काउने र माओवादी इतिहास रच्ने रणनीतिसहित घरदैलो अभियानमा व्यस्त छन् । उनीहरू बिहान र बेलुकाको समयमा घरदैलो अभियान थालेका छन् । मेयर पदका लागि उपनिर्वाचन हुन लागेको एक मात्र स्थानीय तह भएकाले कीर्तिपुरमा सबैको ध्यान छ । गत निर्वाचनमा मेयरमा निर्वाचित कांग्रेसका राजकुमार नकर्मीको निधन भएपछि कीर्तिपुरमा उपनिर्वाचन हुँदै छ । गत निर्वाचनमा अधिकांश स्थानमा कांग्रेस, माओवादी, एकीकृत समाजवादीको चुनावी गठबन्धन थियो । तर, कीर्तिपुरमा भने कांग्रेस र जसपाको मात्रै गठबन्धन थियो । जसपाकी शुभलक्ष्मी शाक्य कांग्रेसको रुख चिह्नबाट निर्वाचित भएकी थिइन् ।

०७९ वैशाखको निर्वाचनमा कांग्रेसका राजकुमार नकर्मीले ९ हजार ४३ मत प्राप्त गरेर निर्वाचित हुँदा दोस्रो भएको एमालेले पाँच हजार ५०७ पाएको थियो । माओवादीले चार हजार ९० र एकीकृत समाजवादीले एक हजार १५३ मत प्राप्त गरेका थिए । कांग्रेसबाट निर्वाचित वडा नं. १ का अध्यक्ष हीरालाल महर्जन र वडा नं. ४ मा स्वतन्त्रबाट निर्वाचित श्याम अधिकारीको निधन भएकाले ती वडामा पनि निर्वाचन हुँदै छ । ०७९ को निर्वाचनमा कीर्तिपुरमा ३० हजार ३२८ मतदाता रहेकामा उपनिर्वाचनमा ७८४ जना थपिएर ३१ हजार ११२ पुगेका छन् ।

■ कांग्रेसमा कृष्णमानको अग्निपरीक्षा

उपनिर्वाचनमा राजीतिक परिवेश फेरिएको छ । कांग्रेस र एमाले सत्तागठबन्धनमा छन् । चुनावी मैदानमा भने एक्लाएक्लै छन् । चुनावमा एक्लै प्रतिस्पर्धा गर्ने नीतिगत निर्णय गरेको कांग्रेसका लागि यो परीक्षा हो भने कृष्णमान डंगोलका लागि विरासत जोगाउनुपर्ने चुनौती ।

'विरासत जोगाउने जिम्मेवारी मेरो काँधमा आएको छ । पार्टीले विश्वास गरेर जिम्मा दिएको छ । घरदैलो कार्यक्रममार्फत मतदाताकहाँ पुग्दै छौं । स्व. मेयर नकर्मीको अधुरो सपना पूरा गर्नु मेरो दायित्व हो,' डंगोलले भने, 'चुनावी अभियानमा जहाँले प्रतिबद्धता जनाउनुभएका केही काम पूरा भएका छन् । केही प्रक्रियामा छन् । स्वास्थ्यमा स्व. नकर्मीले एक स्टेप चालिसक्नुभएको छ । कीर्तिपुर अस्पतालमा ५० प्रतिशत छुटमा उपचार गराउने प्रतिबद्धता पूरा भइसकेको छ । सेवा शुल्क मात्रै लिएर सुविधा सम्पन्न कीर्तिपुर नगर अस्पताल सञ्चालन गर्ने ठूलो योजना छ । शिक्षा, स्वास्थ्य, रोजगारको एजेन्डा बोकेर चुनावी मैदानमा आएको छु । कीर्तिपुर संस्कृतिले भरिएको छ । पर्यटन, सांस्कृतिक सम्पदा संरक्षण-प्रवर्द्धनको योजना पनि छ ।'

कांग्रेसको माहोल राम्रो भएकाले आफ्नो जित सुनिश्चित रहेको उनको दाबी छ । 'मेयर, उपमेयरले राम्रो काम गर्नुभएको छ । वडाध्यक्षहरूले पनि राम्रो काम गर्नुभएको छ । विकासको लहर थालनी भएकाले त्यसलाई पूर्णता दिन अघि सरेको छु,' उनले भने । पहिलोमा कांग्रेस, दोस्रोमा एमाले र तेस्रोमा माओवादी आउने डंगोलले दाबी गरे । कांग्रेस-एमाले सत्तागठबन्धनले उपचुनावको प्रचारमा कार्यकर्ताले खुलेर विरोध गर्न पाएका छैनन् । 'अरू पार्टीलाई गाली गरेर आफू मात्रै राम्रो हो भन्नुहुँदैन । अरूलाई गिराएर, चाहिने-नचाहिने गाली गरेर माथि आउने सोच मेरो होइन । आफ्नो एजेन्डा जनतालाई राम्रोसँग बुझाएर, विश्वास जितेर अघि बढ्ने हो,' उनले भने । वडाहरूमा पार्टीको जनप्रतिनिधि भएकाले कांग्रेसलाई सहज छ ।

■ तीन सातादेखि एमाले घरदैलोमा

अघिल्लोपटक 'क्लिनस्विप' भएको एमालेलाई पुरानो विरासत फर्काउने चुनौती छ । विगतमा जित्दै आएको एमालेले गत निर्वाचनमा मेयर, उपमेयरसहित कुनै पनि वडा जित्न सकेन । त्यसको मुख्य कारण आन्तरिक व्यवस्थापनको कमजोरी रहेको बताउँछन् एमाले उम्मेदवार डा. सुरेन्द्र मानन्धर । अहिले उम्मेदवार चयनदेखि एकता भएकाले परिणाम आफ्नो पक्षमा आउने उनको दाबी छ । 'एमालेका नगरपालिकाका लगभग दुई सयजति कार्यकर्ता एकताका साथ आपसी विश्वासमा चुनावमा खटिनुभएको छ । स्वतःस्फूर्त रूपमा आ-आफ्नो ठाउँबाट कार्यकर्ता परिचालित हुनु जितको एउटा आधार हो,' उनले भने ।

कीर्तिपुरको विकासलाई निरन्तरता दिन बिचमा केही समस्या देखिएकाले मतदाताले एमालेको महत्त्व बुझेको उनको दाबी छ । 'सबल, सक्षम नेतृत्वको खोजीमा कीर्तिपुर छ । सबल, सक्षम नेतृत्व नभएकै कारणले कीर्तिपुरका जनप्रतिनिधिमा पनि असाध्यै ठुलो अन्योल सिर्जना भएको छ । एकआपसमा अविश्वास सिर्जना हुँदा बादविवादको तहसम्म जनप्रतिनिधि पुगेको अवस्था छ । जसले गर्दा कीर्तिपुरले गति लिन सकेको छैन । एमालेको नेतृत्वमा कीर्तिपुरले गति लिन्छ,' उनले भने ।

एमालेले तीन साताअघिदेखि नै घरदैलो गरिरहेको छ । मनोनयन दर्तापछि घरदैलो अभियानलाई तीव्र पारेको छ । 'गत निर्वाचनपछि कीर्तिपुरमा कामै हुन सकेन । त्यो कुरा यहाँका मतदाताले बुझ्नुभएको छ । र, अहिले सोच्दै नसोचेको ठाउँबाट पनि हामीले अपार माया पाएका छौं,' उनले भने, 'शिक्षा, स्वास्थ्य, रोजगारी नगरपालिकालाई अझ बढी फोकस गर्नुपर्छ । स्वास्थ्यमा ०७४ देखि ०७९ सम्मको जनप्रतिनिधिले जे कार्यक्रम स्थापित गर्नुभएको थियो, त्यसलाई अब कसरी बढाउन सकिन्छ भन्नेमा छौं,' उनले एजेन्डा अघि सार्दै भने ।

■ भ्रष्टाचारविरुद्धको अभियान माओवादीको मूल मुद्दा

उपनिर्वाचनमा माओवादीले कांग्रेस-एमालेबाट सुशासन र विकास निर्माणको काम हुन नसक्ने भन्दै भ्रष्टाचारविरुद्धको अभियानलाई मूल मुद्दा बनाएको छ । माओवादी उम्मेदवार प्रा.डा. शिवशरण महर्जनले कीर्तिपुरमा इतिहास रच्ने दाबी गरे । महर्जनलाई एकीकृत समाजवादी र जसपाको साथ छ । यद्यपि, एकीकृत समाजवादीका भानु रिजालको नाम मेयरको उम्मेदवारमा कायमै छ । 'प्राविधिक रूपमा मात्रै नाम रह्यो । फिर्ता लिन जान ढिला भएकाले प्राविधिक रूपमा मात्रै नाम रहेको हो । हामीले उम्मेदवारी फिर्ता लिएर माओवादी उम्मेदवारलाई समर्थन गरिसकेका छौं,' एकीकृत समाजवादीका उपमहासचिव रामकुमार भट्टराईले भने । गत निर्वाचनमा एकीकृत समाजवादीले मेयरमा एक हजार १५३ मत प्राप्त गरेको थियो भने कांग्रेसको चुनाव चिह्न लिएर उठेकी जसपा उम्मेदवार उपमेयर छिन् ।

जसपा नेपालले अन्य समुदायबाट दीपक महर्जनलाई उम्मेदवार बनाएको छ । महर्जनले बुधबार कीर्तिपुर लायकु दरबारमार्गमा कोणसभा गरेका थिए । जसपा नेपालले आफूलाई राजनीति सिकाएको उनले बताए । 'हामीले विकास निर्माणदेखि स्थानीय समस्यासम्मका एजेन्डा अघि सारेका छौं । हामीले जित्यौं भने धेरै राम्रो काम गर्नेछौं । जित्न सकेनौं भने पनि राम्रो सिकाइ हुनेछ । यो निर्वाचनले हामीलाई राजनीति सिकायो,' महर्जनले भने ।

■ दलहरूको वितृष्णा 'क्यास' गर्ने स्वतन्त्रको दाउ

कीर्तिपुरको मेयरका लागि राजनीतिक दलका नौ र स्वतन्त्र ११ जना चुनावी प्रतिस्पर्धामा छन् । स्वतन्त्रमध्ये राजमान मानकको चर्चा बढी छ । राजमानलाई धरानका मेयर हर्क साङपाङको समर्थन छ । 'निर्वाचित जनप्रतिनिधिमा हर्क साङपाङ आउनुभयो । रास्वपाले पनि मेरो समर्थनमा आजभोलि वक्तव्य निकाल्छ होला । मलाई सघाउनकै लागि रास्वपाले उम्मेदवार नदिएको होला । काठमाडौंको मेयरको केही प्रतिक्रिया आएको छैन,' उनले भने ।

राजमान दलहरूप्रति आमनागरिकमा वितृष्णा भएकाले आफूले ठुलो मतान्तरले चुनाव जित्ने दाबी गर्छन् । 'जनताको निराशालाई आशामा बदल्न उम्मेदवार बनेको हुँ । परिणाम आउनेबित्तिकै जनतालाई आशा जगाउने गरी कार्य गर्नेछु,' उनले भने, 'अहिलेसम्मको अवस्था हेर्दा मेरो प्रतिस्पर्धी उम्मेदवार नहुन सक्छ । दलका उम्मेदवारलाई भोट दिने मनस्थितिमा जनता छैनन् । चार-पाँच गुणा नै फरक भयो भने त त्यसको अर्थ प्रतिस्पर्धा भएन ।'

के भन्छन् मेयरका प्रत्याशी ?



● **कृष्णमान डंगोल**
कांग्रेस उम्मेदवार

पार्टीले विश्वास गरेर जिम्मा दिएको छ । घरदैलो कार्यक्रममार्फत मतदाताकहाँ पुग्दै छौं । स्व. मेयर नकर्मीको अधुरो सपना पूरा गर्नु मेरो दायित्व हो । मेयर, उपमेयर र वडाध्यक्षहरूले राम्रो काम गर्नुभएको छ । विकासको लहर थालनी भएकाले त्यसलाई पूर्णता दिन अघि सरेको छु ।



● **डा. सुरेन्द्र मानन्धर**
एमाले उम्मेदवार

सबल, सक्षम नेतृत्वको खोजीमा कीर्तिपुर छ । सबल, सक्षम नेतृत्व नभएकै कारणले कीर्तिपुरका जनप्रतिनिधिमा पनि असाध्यै ठुलो अन्योल सिर्जना भएको छ । एमालेको नेतृत्वमा कीर्तिपुरले गति लिन्छ ।



● **प्रा.डा. शिवशरण महर्जन**
माओवादी उम्मेदवार

सुशासन र भ्रष्टाचारमुक्त कीर्तिपुर नै हाम्रो मुख्य प्राथमिकता हो । माओवादीले १८ महिना सरकारमा रहँदा भ्रष्टाचारविरुद्ध, सुशासन कायम गर्न धेरै योगदान गऱ्यो । सुशासन कायम गर्ने पार्टी माओवादी नै हो भन्ने छाप जनतामा परेको छ ।



● **राजमान मानक**
स्वतन्त्र उम्मेदवार

जनताको निराशालाई आशामा बदल्न उम्मेदवार बनेको हुँ । परिणाम आउनेबित्तिकै जनतालाई आशा जगाउने गरी कार्य गर्नेछु । अहिलेसम्मको अवस्था हेर्दा मेरो प्रतिस्पर्धी उम्मेदवार नहुन सक्छ । दलका उम्मेदवारलाई भोट दिने मनस्थितिमा जनता छैनन् ।

संक्षेप

भारतीय सेनाध्यक्ष काठमाडौंमा, आज द्विपक्षीय वार्ता



काठमाडौं/ पाँचदिने औपचारिक भ्रमणका क्रममा भारतीय सेनाध्यक्ष उपेन्द्र द्विवेदी बुधबार काठमाडौं आइपुगेका छन् । सैनिक प्रवक्ता सहायकरथी गौरवकुमार केसीका अनुसार प्रधानसेनापति अशोकराज सिग्देल र भारतीय सेनाध्यक्ष द्विवेदीबिच जंगी अड्डामा बिहीबार औपचारिक द्विपक्षीय वार्ता हुनेछ । दुई सैनिकबिच पारस्परिक सहकार्य तथा हितका विषयमा छलफल हुने उनले बताए । बिहीबार उनलाई राष्ट्रपति रामचन्द्र पौडेलले नेपाली सेनाको मानार्थ महारथीको दर्जाबाट सुशोभित गर्ने कार्यक्रम छ । गत १६ असारमा सेनाध्यक्ष भएका द्विवेदीको यो पहिलो विदेश भ्रमण हो । बुधबार काठमाडौं आएपछि उनले पशुपतिनाथको दर्शन गरेका थिए । द्विवेदीले शुक्रबार प्रधानमन्त्री केपी ओली र रक्षामन्त्री मानवीर राईसँग शिष्टाचार भेट गर्ने कार्यक्रम छ । शुक्रबारै उनले शिवपुरीस्थित सैनिक कमान्ड एन्ड स्टाफ कलेजमा शिक्षार्थीलाई सम्बोधन गर्नेछन् । उनले शनिबार मौसमले साथ दिएमा मुक्तिनाथ मन्दिरको दर्शन गर्ने र पोखरामा पश्चिम पृतना हेडक्वार्टर भ्रमण गर्ने तथा भारतीय पेन्सन वितरण अफिसमा भूतपूर्व भारतीय गोर्खा सैनिकहरूलाई सम्बोधन गर्ने कार्यक्रम छ ।

फर्मासिस्ट र फार्मेसी सहायकलाई सेतो एप्रोन अनिवार्य

काठमाडौं/ आगामी ४ पुसदेखि फर्मासिस्ट र फार्मेसी सहायकलाई नामट्यागसहितको सेतो एप्रोन अनिवार्य गरिएको छ । नेपाल फार्मेसी परिषद्ले बुधबार सूचना जारी गर्दै फर्मासिस्टलाई एप्रोन अनिवार्य गरेको जानकारी गराएको हो । परिषद्ले डिस्पेन्सिङ गर्दा नामट्यागसहितको सेतो एप्रोन अनिवार्य लगाउनुपर्ने र पालना नगरेको पाइएमा ऐनअनुसार कारबाही गरिने जनाएको छ । 'फार्मेसी वा अस्पताल फार्मेसीमा औषधि डिस्पेन्सिङमा कार्यरत रहेका फर्मासिस्ट र फार्मेसी सहायकले आगामी ४ पुसदेखि औषधि डिस्पेन्सिङ गर्दा देहायको नामट्यागसहितको सेतो एप्रोन लगाई मात्र डिस्पेन्सिङ गर्नुपर्ने अनिवार्य व्यवस्था लागू गरिएको छ । फर्मासिस्ट र फार्मेसी सहायकले यसको उल्लंघन गरेमा परिषद्को कोड अफ कन्डक्ट पालना नगरेको मानिनेछ,' परिषद्ले जारीको सूचनामा भनिएको छ । फर्मासिस्टले हरियो पृष्ठभूमिमा सेतो रङको अक्षरमा नाम, पद र परिषद् दर्ता नम्बर र फार्मेसी सहायकले नीलो पृष्ठभूमिमा सेतो रङको अक्षरमा नाम, पद र परिषद् दर्ता नम्बर उल्लेख गर्नुपर्ने जनाइएको छ ।

अराजकता फैलाउने नौ युट्युब कारबाहीमा

काठमाडौं/ प्रेस काउन्सिल नेपालले गलत र भ्रमपूर्ण अभिव्यक्ति प्रसारण गरी अराजकता फैलाएको भन्दै विभिन्न नौवटा युट्युब च्यानललाई कारबाही गरेको छ । तीमध्ये दर्ता, सूचीकरणविना चलेका तीनवटालाई आवश्यक अनुसन्धान गरी कारबाही गर्न नेपाल प्रहरीको साइबर ब्युरोमा पत्राचारसमेत गरेको छ । सूचीकरण भएका अन्य सामाजिक सञ्जालमा भएका अप्रमाणित र एकपक्षीय सामग्रीलाई तत्काल हटाउन वा स्थगन गर्न समेत काउन्सिलले निर्देशन दिएको छ । केही सामाजिक सञ्जालबाट हालै प्रधानमन्त्री केपी ओलीका विषयमा अपुष्ट, एकपक्षीय आरोपसहित गालीगलोज र अफवाहपूर्ण सामग्री प्रसारित भएपछि त्यस्ता माध्यमलाई कारबाही गरेको काउन्सिलका सहप्रशासकीय अधिकृत एवं सहप्रवक्ता रामशरण बोहराद्वारा जारी विज्ञप्तिमा उल्लेख छ । काउन्सिलले भ्रम फैलाउने सूचना सामग्री नफैलाउन सम्बद्ध सबैलाई आग्रहसमेत गरेको छ । काउन्सिलका अध्यक्ष बालकृष्ण बस्नेतले मिडियाको परिचय दिई सूचना सामग्री दिने कुनै पनि माध्यम कानुन र पत्रकार आचारसंहिताको सीमामा बस्नुपर्ने बताएका छन् । 'कानुनभन्दा माथि कोही छैन । अन्य निकायलाई प्रश्न उठाउने कुनै पनि सञ्चारमाध्यम, मिडियाको परिचय बोकेका सामाजिक सञ्जाल गैरजिम्मेवार र अनुत्तरदायी हुनुहुँदैन । प्रेस स्वतन्त्रताको अर्थ स्वच्छन्दता हुँदै होइन,' उनले भने ।

हतियारसहित दुई युवक पक्राउ

कञ्चनपुर/ भीमदत्त नगरपालिका- ९ खल्लामछेट्टी कालीगडा खोला चुरे जंगल क्षेत्रबाट सशस्त्र प्रहरीले दुई युवकलाई हतियारसहित पक्राउ गरेको छ । सशस्त्र प्रहरी बल ३५ नम्बर शैलेश्वरी गणका गणपति एसपी खगेन्द्रबहादुर चन्दले बुधबार बिहानीपख जंगलमा हतियारसहित अनावश्यक प्रवेश गरिरहेका १० मध्ये दुईजना पक्राउ परेको बताए । पक्राउ पर्नेमा भीमदत्त नगरपालिका- ९ टुँडिखेलका ५३ वर्षका गगन तरामी र ५५ वर्षीय प्रेमबहादुर धामी छन् ।

■ सहकारीपीडितको टाउकोमा प्रहरीको लाठी



बचत रकम फिर्ताको माग गर्दै बुधबार माइतीघर मण्डलामा प्रदर्शनमा उत्रिएका सहकारीपीडित र सुरक्षाकर्मीबिच भएको घम्साघम्सी । सहकारी बचतकर्ता संरक्षण राष्ट्रिय अभियान (महासंघ)को अगुवाइमा आन्दोलनमा उत्रिएकाले निषेधित क्षेत्र प्रवेश गर्न खोजेपछि प्रहरीले बल प्रयोग गरेको थियो । यस क्रममा आन्दोलनकारीको टाउको, हात, खुट्टा र शरीरमा चोट लागेको छ । जवाफमा आन्दोलनकारीले पनि प्रहरीतर्फ ढुंगा प्रहार गरेका थिए ।

तस्बिर : अमुल थापा/नयाँ पत्रिका

रास्वपाले उपनिर्वाचनलाई आन्दोलनकै रूपमा उपयोग गर्ने

काठमाडौं/ राष्ट्रिय स्वतन्त्र पार्टीले आसन्न स्थानीय तहको उपनिर्वाचनलाई आन्दोलनकै रूपमा प्रयोग गर्ने भएको छ । पार्टीको बुधबार बसेको केन्द्रीय समिति बैठकले सभापति रवि लामिछानेको गिरफ्तारीलाई राजनीतिक प्रतिशोध भन्दै उपनिर्वाचनलाई आन्दोलनका रूपमा उपयोग गर्ने निर्णय गरेको कार्यवाहक प्रवक्ता मनीष झाले जानकारी दिए ।

रास्वपाले भ्रष्टाचारमा डुबेको सरकार र सभापति लामिछानेमाथि गरिएको प्रतिशोधविरुद्ध ८ मंसिरबाट दोस्रो चरणको आन्दोलन थाल्दै छ । 'पार्टीले दोस्रो चरणको आन्दोलनको तात्कालिक स्वरूप स्थानीय निर्वाचनसँग सम्बन्धित अभियानका माध्यमबाट अगाडि बढाउने निर्णय गरेको छ,' झाले भने । उनका अनुसार २४ कात्तिकको केन्द्रीय समितिको निर्णयबमोजिम पार्टी आसन्न उपनिर्वाचनका सन्दर्भमा स्थानीय जनजीविकाका समस्या, राजनीतिक प्रतिशोध र सहकारी, लघुवित्त, मिटरब्याजपीडित, भ्रष्टाचारका काण्डहरूको छानबिन, अर्थतन्त्र र युवा बेरोजगारी, प्रवास, संविधान संशोधनलगायत राष्ट्रिय मुद्दाको स्थानीयकरणमा केन्द्रित हुनेछ ।

रास्वपाले सहकारीको बचत फिर्ताको माग राखी सहकारी बचतकर्ता संरक्षण राष्ट्रिय अभियानले बुधबार राजधानीमा गरेको शान्तिपूर्ण प्रदर्शनमाथि प्रहरीद्वारा भएको दमनको भर्त्सना पनि गरेको छ । 'आमनागरिकले पाइपाइ गरेर जम्मा गरेको बचत रकम फिर्ताको विशुद्ध उद्देश्यले आफ्ना आवाज बुलन्द गर्ने नागरिकको नैसर्गिक अधिकार हो,' कावा प्रवक्ता झाद्वारा जारी विज्ञप्तिमा भनिएको छ, 'पीडित सर्वसाधारण नागरिकका हक प्राप्तिमा प्रभावकारी कदम चल्नुको सट्टा उठेको आवाज दबाउने कार्य सरकारको अधिनायकवादी कदम हो । यसले सरकार नागरिकका समस्याप्रतिको असंवेदनशीलता प्रदर्शन गरेको छ ।' रास्वपाले प्रधानमन्त्री केपी ओलीसँग जोडिएको विवादास्पद कम्बोडिया प्रकरणको विषय र त्यसमा केही व्यक्तिसमेत पक्राउ भएको सन्दर्भमा सत्यतथ्य छानबिन गरी वास्तविकता प्रकाशमा ल्याउन पनि सरकारसँग माग गरेको छ ।

प्यालेस्टाइनमाथि हमलाको विरोध गर्दै प्रधानमन्त्रीलाई ज्ञापनपत्र

काठमाडौं/ इजरायलले प्यालेस्टाइनमाथि गरिरहेको हमलाविरुद्ध नेपाल उभिनुपर्ने माग गर्दै राजनीतिक दलका नेता र नागरिक अगुवाले प्रधानमन्त्री केपी ओलीको ध्यानाकर्षण गराएका छन् । माओवादी वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठसहित विभिन्न दल र नागरिक प्रतिनिधिले बुधबार प्रधानमन्त्रीनिवास बालुवाटारमा प्रधानमन्त्री ओलीलाई भेटेर त्यस्तो आग्रह गरेका हुन् ।

इजरायलले प्यालेस्टाइन तथा लेबनानमाथि लगातार र बलपूर्वक हमला गरेकाले त्यसको विपक्षमा नेपाल सरकार अन्तर्राष्ट्रिय मञ्चमा प्रस्तुत हुनुपर्ने उनीहरूको भनाइ थियो । ज्ञापनपत्रमा नेपालको तटस्थ परराष्ट्र नीतिको मान्यतामा परिवर्तन गर्न र अन्यायमा परेकाको पक्षमा स्पष्ट रूपमा संयुक्त राष्ट्रसंघजस्ता मञ्चमा मत जाहेर गर्न माग गरिएको छ । ज्ञापनपत्रमा हमासको नियन्त्रणमा रहेका नेपाली विद्यार्थी विपिन जोशी र इजरायलमा रहेका नेपाली युवालाई युद्धकालभरि नेपाल ल्याउने कार्य गर्न पनि माग गरिएको छ ।

प्रधानमन्त्री ओलीले नेपाल विश्व शान्ति, मानव अधिकार र न्यायका पक्षमा रहने स्पष्ट गर्दै तटस्थता भनेको बलियाले कुटिरहने र कमजोरले सहिरहने भन्ने नभएको बताउँदै ध्यानाकर्षणमा उठाइएका विषयको विपरीत सरकार नजाने स्पष्ट पारेका छन् । 'हामी विश्व शान्तिका पक्षमा छौं । कुनै शक्तिविरुद्ध आफैं लड्न जाँदैनौं । कुनै पनि सैन्य गठबन्धनमा रहँदैनौं, तर अन्याय सहेर बस्दैनौं,' ओलीले भने, 'हामी विश्वमा निरीह शान्ति होइन, न्यायपूर्ण शान्ति र मानव अधिकारको रक्षामा हुनेछौं ।'

भेटमा महासचिव देवप्रसाद गुरुङ, राष्ट्रिय जनमोर्चाकी नेतृ दुर्गा पौडेल, एकीकृत समाजवादीका सचिव शेरबहादुर कुँवर, क्रान्तिकारी कम्युनिस्ट पार्टीका वरिष्ठ नेता सिपी गजुरेल, जनता समाजवादी पार्टी नेपालका विदेश विभाग प्रमुख अर्जुन थापा, प्रगतिशील रूपान्तरण आन्दोलनका अभियन्ता श्याम श्रेष्ठलगायत सहभागी थिए ।

एमालेको जागरणसभा दरबारमार्गमा

नयाँ पत्रिका

एमाले उपमहासचिव प्रदीप ज्ञवालीले अराजकता र लोकतन्त्र सँगसँगै जान नसक्ने बताएका छन् । एमाले प्रचार विभागले बुधबार आयोजना गरेको सम्पादकसँग अन्तर्क्रिया कार्यक्रममा उनले त्यस्तो बताएका हुन् । देश बन्दैन भन्दै निराशा र अराजकता फैलाइएकाले लोकतन्त्र, स्थिरता र समृद्धिका पक्षमा जनता जागरुक गर्ने उद्देश्यसहित एमालेले शुक्रबार काठमाडौंमा जागरणसभा गर्दै छ । सभामा काठमाडौं, भक्तपुर र ललितपुरको सम्पूर्ण पार्टी पंक्तिलाई सडक प्रदर्शनमा उतार्ने गरी एमालेले तयारी गरिरहेको छ । तयारीकै सिलसिलामा एमालेले बुधबार अन्तर्क्रिया आयोजना गरेका थियो ।

ज्ञवालीले राजनीतिलाई स्थायित्व दिने हो भने विकास र समृद्धिसँगै जनतामा डेलिभरी पनि चाहिने बताए । उनले दुई ठुला दल कांग्रेस र एमालेसहितका दलको सहकार्यमा सरकार बनेपछि अर्थतन्त्रमा सुधारको संकेत देखिएको र जनतामा भरोसा जगाएको पनि उल्लेख गरे । उनले शान्तिपूर्ण ढंगले सडकमा जाने कुरा ठिक भए पनि अहिले जुन ढंगको भाष्य निर्माण गर्ने प्रयास भइरहेको छ त्यो गलत भएको दाबी गरे । विधिको शासनमा सबैलाई कारबाही हुन्छ भन्दै अहिले सकारी ठगी प्रकरणमा पक्राउ परेका राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेका पक्षमा गरिएका आन्दोलनको कुनै औचित्य नभएको पनि प्रस्ट्याए ।



अराजकता र लोकतन्त्र सँगसँगै जान सक्दैन : ज्ञवाली

रामायणमा सीताले समेत अग्निपरीक्षा दिएको सन्दर्भ उल्लेख गर्दै रास्वपा सभापतिप्रति एमालेले कुनै प्रतिशोध नसाँधेको पनि उनले बताए । 'अहिले रास्वपामा अरूलाई कानुन लागे पनि हामीलाई लाग्नुहुन्न भन्ने भाष्य निर्माण गर्ने प्रयास भइरहेको छ, त्यो गलत छ,' ज्ञवालीले भने, 'ऊर्जाको क्षेत्रीय व्यापार, विपत् लगत्तै रामेछाप र सिन्धुली जोड्ने पुल २० दिनमै निर्माण गर्ने कुरा र भैरहवा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनजस्ता विषय सरकारका सकारात्मक काम हुन् । सरकार जनताले थाहा पाउने गरी गति दिनुपर्छ भनेर लागेको छ भन्ने सन्देश पनि हो ।'

प्रधानमन्त्री केपी ओलीविरुद्धको 'फेक' डकुमेन्ट, रवीन्द्र मिश्रसँग प्रचण्डले गरेको कुराकानी र प्रचण्डले भारतीय सञ्चारमाध्यमलाई दिएका अभिव्यक्ति अस्थिरताको हुइँया चलाउनेको योजनाबद्ध हर्कत भएको ज्ञवालीको टिप्पणी थियो । अराजकता र अस्थिरता मच्चाउन खोज्ने लोकतन्त्रविरोधी पात्रहरू एकै ठाउँमा उभिन खोजेको आरोप लगाउँदै उनले माओवादी अध्यक्ष प्रचण्ड नै त्यसको अगुवाका रूपमा देखापरेको बताए । 'अहिले प्रचण्डजीमा सरकारविरुद्ध जे-जे हतियार पाइन्छ त्यो प्रयोग गर्ने मनोविज्ञान देखिन्छ । रास्वपादेखि राजावादीसम्म त्यसकै वरिपरि एक ठाउँमा आउने देखियो,' उनले भने, 'प्रचण्डजीको त्यस्ता गतिविधि र पछिल्ला अभिव्यक्ति अशोभनीय, अनपेक्षित र खेदजनक छ ।'

उनले दुर्गा प्रसाईंजस्तो प्रवृत्ति गलत भएको भन्दै कुनै वेला पार्टी नेतृत्वले नै संरक्षण गरेको विषयलाई पार्टीले कमजोरीका रूपमा महसुस गरिसकेको पनि बताए । 'निःसन्देह उनी कसरी केन्द्रीय कमिटीमा पुगे भन्ने प्रश्न स्वाभाविक छ । हामीले पर्याप्त ध्यान पुऱ्याउन सकेनौं, यो रिअलाइज गरेकै कुरा हो । त्यसैले आगामी दिनमा यस्ता कुरामा ध्यान दिनुपर्छ,' उनले भने ।

एमालेले ७ मंसिरमा भृकुटीमण्डपमा तय गरेको जागरणसभा दरबारमार्गमा सारेको छ । अत्यधिक जनसहभागिताले जुलुस व्यवस्थापन र जनसभा व्यवस्थापनमा कठिनाइ हुन सक्ने भएकाले जागरणसभा दरबारमार्गमा सारिएको तयारी समितिका संयोजक डा. राजन भट्टराईले बताए ।

जलवायु परिवर्तनका चुनौती र न्याय

जलवायु न्यायको सिद्धान्तलाई ध्यानमा राखेर विकसित राष्ट्रले जलवायु वित्तको स्रोतलाई न्यायपूर्ण र पारदर्शी बनाउनुको विकल्प छैन



● भानु पराजुली


अग्रलेख

विकास र समृद्धिका नाममा भएका अप्राकृतिक कर्मले पृथ्वीको जलवायु अभ्यासमा प्रतिकूलता थपिँदै गएको छ। जलवायु परिवर्तन अब केवल पर्यावरणीय संकट मात्र होइन, यो मानव सभ्यताको अस्तित्वका लागि समेत खतरा बनिसकेको भन्दै अजरबैजानको बाकुमा जारी कोप-२९ सम्मेलनमा अतिकम विकसित र विकासोन्मुख मुलुकले औद्योगिक राष्ट्रको कार्बन उत्सर्जनका कारण सिर्जित वातावरणीय समस्याबाट जलवायु न्यायको माग गर्दै आवाज उठाएका छन्। नेपाल र अन्य वातावरणीय चुनौती भोगिरहेका मुलुकले जलवायु परिवर्तनको असरलाई न्यूनीकरण र अनुकूलनका लागि पर्याप्त वित्तीय र प्राविधिक सहयोगको आवश्यकतामाथि जोड दिएका छन्। सम्मेलनमा नेताहरूले जलवायु परिवर्तनका बहुआयामिक असरलाई कम गर्न र कमजोर मुलुकलाई सहयोग पुऱ्याउन सहकार्य र जलवायु वित्त व्यवस्थापनमा जोड दिएका छन्। हिमाली र टापु राष्ट्रका नेताले आफूहरूले कुनै भूमिका नगरे पनि अन्य मुलुकको उत्सर्जनका कारण उनीहरू प्रभावित भएको भन्दै क्षतिपूर्ति माग गरेका छन्। नेपालका राष्ट्रपति रामचन्द्र पौडेल पर्वतीय र सामुद्रिक मुलुकलाई मिलेर साझा कार्यक्रम र सहकार्य गर्न आह्वान गरी नेपाल फर्किसकेका छन्। नेपालले पर्वतीय क्षेत्रको जोखिम, जस्तै हिमालको हिउँ पग्लिनु र हिमताल विस्फोटको खतरा बढ्नुलगायत समस्याबारे वैश्विक समुदायको ध्यान आकर्षित गर्ने प्रयासस्वरूप 'ब्लु जोन' र 'ग्रिन जोन'मा आवाज उठाइरहेका छन्। राष्ट्रपति पौडेलले नेपालमा जलवायु परिवर्तनका कारण हालै पाँच सयभन्दा बढी व्यक्तिले ज्यान गुमाएको र ठुलो आर्थिक क्षति भएको कुरा बताएका छन्। नेपालको पर्वतीय मुद्दालाई उच्च प्राथमिकतामा राखेर कोप २९ मा नेपालले प्रभावकारी रूपमा आफ्ना मुद्दा राख्न सकेको कुरा आइरहेको छ। कोप २९ सम्मेलनमा ब्लु जोन र ग्रिन जोनबिच जलवायु परिवर्तन र त्यसका असरको समाधानका लागि गाँहिरो छलफल हुनु पनि सकारात्मक अवस्था देखिएको छ। यद्यपि, यसको प्रभाव सबै देशमा गम्भीर र दूरगामी देखिन्छ। र, नेपालजस्तो विकासशील देशमा त यसको असर अझ गहिरो र चिन्ताजनक बनेको छ। जलवायु परिवर्तनका प्रभावले वातावरणीय अस्थिरता मात्र ल्याउने नभई आर्थिक, सामाजिक र सांस्कृतिक तहमा पनि गम्भीर असर पारिरहेका छन्। विशेषगरी, जलवायु परिवर्तनको समाधान र न्यायका उपायमा जलवायु वित्तको भूमिका महत्त्वपूर्ण रहेको छ, तर यो समस्या समाधानमा मात्र सीमित नहुनुपर्छ, यसका प्रभावलाई विवेकपूर्ण र समानतापूर्वक सम्बोधन गर्नुपर्छ।

सुन्दरतामाथिको संकट : नेपालको सुन्दर भौगोलिक संरचना, प्राकृतिक छटा तथा विविधतामाथि जलवायु परिवर्तनको असर गहिरो गरी परेको छ। यहाँका हिमनदी तीव्र गतिमा पग्लिरहेका छन् भने अनियमित वर्षा र मौसमको परिवर्तनले पनि जीवनको आधारभूत संरचनामा विकृति ल्याएको छ। नेपालका उच्च हिमाली क्षेत्रको तापक्रम वृद्धिले बाढी र पहिरोको घटनालाई तीव्र बनाएको छ, जसले लाखौँ मानिसको जीविका र सुरक्षा जोखिममा पारेको छ। विशेषगरी, तराई क्षेत्रका किसानलाई बारम्बार आउने बाढी र सुक्खाको समस्याले कृषिमा ठुलो गिरावट ल्याएको छ भने कृषि, जुन नेपालको अर्थतन्त्रको मेरुदण्ड हो, अब जलवायु महासंकटमा पर्न थालेको छ।

कृषि र खाद्य संकट : नेपालको कृषि क्षेत्रमा जलवायु परिवर्तनले खाद्यान्न उत्पादनमा ठुलो गिरावट ल्याएको छ। धान, मकै र गहुँजस्ता प्रमुख बालीको उत्पादनमा कमी आएको छ, जसले खाद्य सुरक्षामा गम्भीर समस्या ल्याएको छ। जलवायु परिवर्तनका कारण असामान्य मौसमी परिवर्तन र बाढीका कारण किसानका बाली नष्ट भएका छन् र यसले खाद्य संकट उत्पन्न गरेको छ। ५५ प्रतिशत किसान परिवार अहिले खाद्य अभावको सामना गर्दै छन्। यस्तो अवस्थामा, जलवायु वित्तीय स्रोतको प्रभावकारी उपयोग हुन सके दिगो तथा जलवायुमैत्री कृषि अभ्यास र खाद्य सुरक्षा सुधारमा मद्दत गर्न सक्छ। तर, यसको हानि र नोक्सानीको मूल्यांकन र आकलन गरी प्रमाण जुटाएर अन्तर्राष्ट्रिय न्यायिक मञ्चमा स्पष्ट रूपमा राख्न सक्नुपर्ने हुन्छ।

पर्यटन र जैविक विविधता संकट : नेपालको पर्यटन क्षेत्र, जसले विदेशी मुद्रा आर्जनमा महत्त्वपूर्ण भूमिका निभाउँछ, जलवायु परिवर्तनको चपेटामा परेको छ। हिमालयका हिमनदी पग्लिनु र जैविक विविधताको ह्रासले साहसिक पर्यटन र ग्रामीण पर्यटनमा ठुलो असर पारेको छ भने पर्यटकीय



> नेपालका उच्च हिमाली क्षेत्रको तापक्रम वृद्धिले बाढी र पहिरोको घटनालाई तीव्र बनाएको छ, जसले लाखौँ मानिसको जीविका र सुरक्षा जोखिममा पारेको छ

> हिमालको सुरक्षा भनेकै पृथ्वीको सुरक्षा हो भन्ने अवधारणालाई व्यवहारमा उतार्दै जलवायु समस्या समाधानलाई केवल जलपमा सीमित नगरी दिगो विकास र न्यायपूर्ण समाधानतर्फ बढ्नुपर्छ

गन्तव्य, जस्तै सगरमाथा राष्ट्रिय निकुञ्ज र चितवन राष्ट्रिय निकुञ्जको जैविक विविधता पनि संकटमा पर्न थालेको छ। यसले स्थानीय समुदायको आम्दानी र उनीहरूको सामाजिक स्थिति पनि संकटमा पारेको छ। यहाँ पनि जलवायु वित्तको योगदान आवश्यक छ, जसले जैविक विविधता संरक्षण र हरित पर्यटनको प्रवर्द्धनमा सहयोग पुऱ्याउन सक्छ। यहाँ पनि प्रमाणका विषयमा प्रस्ट भने हुनैपर्छ। कसैले सित्तैमा दिँदैन, मागदाबी गर्न आफ्नो घरलाई 'इन्ट्याक' राख्न पनि जान्नुपर्छ। जसले दुःख भोग्छ, उसले सिक्छ र बुझ्छ भनिन्छ।

स्वास्थ्य क्षेत्र र सामाजिक असमानता : जलवायुको स्वास्थ्य क्षेत्रमा पनि गम्भीर असर परेको छ। गर्मी र वर्षा असमान हुँदा कुपोषण र पानीको कमीजस्ता स्वास्थ्य समस्या बढिरहेका छन्। गरिबी र असमानताले विशेषगरी महिला र बालबालिकाको स्वास्थ्यमा संकट ल्याएको छ। गर्भवती र सुत्केरी महिलालाई स्वास्थ्य सेवाको पहुँचमा कठिनाइ भइरहेको छ। यस्तो अवस्थामा जलवायु न्याय र समानताको अवधारणालाई विशेष प्राथमिकता दिनुपर्नेछ, जहाँ सामाजिक रूपमा कमजोर वर्गलाई स्वास्थ्य सेवामा समान पहुँच सुनिश्चित गर्नुपर्ने हुन्छ।

कोप २९ मा नेपालको भूमिका र चुनौती : अजरबैजानको बाकुमा आयोजित कोप-२९ सम्मेलनमा नेपालले जलवायु परिवर्तनको चुनौतीलाई गम्भीरतासाथ लिइरहेको छ। राष्ट्रपति रामचन्द्र पौडेलले सम्मेलनमा साना हिमालय राष्ट्रहरूको विशेष अवस्थालाई प्राथमिकता दिनुपर्ने विषय उठाएका छन्। उनले 'लस एन्ड ड्यामेज फन्ड'को व्यवस्थापनमा प्रभावकारी भूमिका निर्वाह गर्न विकसित राष्ट्रहरूको ऐतिहासिक जिम्मेवारीको स्वीकारोक्ति मागेका छन्। नेपालले जलवायु न्याय र समानताको पक्षमा आवाज उठाउँदै आएको भए पनि यसले प्रमुख चुनौतीको सामना गर्दै आएको छ। जलवायु वित्तको असमान वितरण र अपारदर्शिताजस्ता विषय प्रमुख समस्याका रूपमा देखिएका छन्।

जलवायु वित्तको महत्त्व : जलवायु वित्त भनेको विकासशील देशलाई जलवायु परिवर्तनसँग जुध्नका लागि आवश्यक स्रोत र सहयोग उपलब्ध गराउनु हो। तर, जलवायु वित्तीय स्रोतहरूको वितरण असमान छ र यसको कार्यान्वयन प्रक्रिया झन्झटिलो भयो भन्दै आवाज यसपालि बाकुमा उठिरहेको पनि छ। जलवायु वित्तले मात्र समस्याको समाधान गर्न सक्दैन, यसका लागि दिगो र समावेशी रणनीति आवश्यक छन्। जलवायु वित्तको प्रभावकारी उपयोग गर्नका लागि पारदर्शिता र जनसहभागितामा जोड दिनुपर्छ।

जलवायु न्याय, नीति र अन्तर्राष्ट्रिय सहयोग : नेपालले जलवायु परिवर्तनको समाधानका लागि विभिन्न रणनीति अपनाउन आवश्यक छ। दिगो कृषि अभ्यासको प्रवर्द्धन, जैविक विविधताको संरक्षण र जलवायु अनुकूलनका कार्यक्रम महत्त्वपूर्ण छन्। स्वास्थ्य क्षेत्रमा विशेष ध्यान दिँदै कुपोषण र स्वास्थ्य समस्या समाधानका लागि सरकारले स्थायी कार्यक्रम सञ्चालन गर्नुपर्छ। १६औँ योजना, अन्य प्रमुख राष्ट्रिय कार्यक्रमलगायत गौरवका योजना भनिने आयोजनाको पनि जलवायुमैत्री अर्थात् प्रकृतिमैत्री विकासको विधि तथा रणनीति अपनाउँदै जलवायु वित्तको समुचित उपयोग गर्न समुदायमा आधारित योजना कार्यान्वयन गर्न जरुरी छ। पहिला जलवायु वित्तमा न्यायोचित अधिकार स्थापित गर्नुपर्छ भने उपलब्ध सहायताको समुचित उपयोग गर्न सुशासन र आर्थिक अनुशासन पनि उत्तिकै आवश्यक छ। भ्रष्टाचार, कुशासन र दण्डहीनताको पगरी गुथिरहेका नेपालका शासकले यस विषयलाई गम्भीर रूपमा लिन आवश्यक छ।

अवश्य नै नेपालजस्ता साना मुलुकको हित सुनिश्चित गर्न अन्तर्राष्ट्रिय सहयोग अपरिहार्य छ। जलवायु न्यायको सिद्धान्तलाई ध्यानमा राखेर विकसित राष्ट्रहरूले जलवायु वित्तको स्रोतलाई न्यायपूर्ण र पारदर्शी बनाउनुको विकल्प छैन। जलवायु परिवर्तनका प्रभावले सबैलाई समान रूपमा असर नगरेको भए पनि यसका समाधानका लागि भने सबैलाई समान अवसर उपलब्ध गराउनु अत्यावश्यक छ।

अन्त्यमा : जलवायु परिवर्तनको समस्यालाई हल गर्नका लागि केवल सरकार र अन्तर्राष्ट्रिय संस्थाले मात्र होइन, प्रत्येक नागरिकले पनि आआफ्नो तहबाट जिम्मेवारी निभाउनुपर्छ। जलवायु न्याय र समानता सुनिश्चित गर्ने लक्ष्यमा आमनागरिकको सहभागिता तथा ऐक्यबद्धता जरुरी रहन्छ। हिमालको सुरक्षा भनेकै पृथ्वीको सुरक्षा हो भन्ने अवधारणालाई व्यवहारमा उतार्दै, जलवायु समाधानलाई केवल जलपमा सीमित नगरी दिगो विकास र न्यायपूर्ण समाधानतर्फ बढ्नुपर्ने समय आएको छ।

(मानव अधिकारकर्मी पराजुली नागरिक समाजका अगुवा हुन्)

---

३ प्रश्न

पूर्वसांसद तथा संघीयताविज्ञ **खिमलाल देवकोटा**लाई



संसदीय छानबिन विशेष समितिहरूका प्रतिवेदन किन कार्यान्वयन हुँदैनन् ?

विशेषगरी संसद् सचिवालय कमजोर भएर यस्तो भएको हो। संसद्ले विशेष समिति बनाएर उसको प्रतिवेदन स्वीकार गरिसकेपछि त्यसलाई कार्यान्वयनमा लैजान सरकारलाई घचघच्याउने र निरन्तर 'फलोअप' गराउने जिम्मेवारी सचिवालयको हो। संसद्का महासचिव, सचिवलगायत पदाधिकारीले संसद्बाट पारित प्रतिवेदन कार्यान्वयनका लागि सरकारलाई निर्देशनसमेत दिन सक्नुपर्छ। तर, यस्ता प्रतिवेदन कार्यान्वयनका लागि हामीकहाँ कुनै 'रोडम्याप' नै बन्न सकेको छैन। प्रतिवेदन कार्यान्वयनमा लैजानुपर्ने सरकारमा कार्यान्वयनको इच्छाशक्ति नहुनु पनि अर्को कारण हो। मेरै समितिले दिएका संघीयता सुदृढ गराउने सम्बन्धी सुझाव कार्यान्वयनमा सरकारले चासो दिएको छैन। संघीयतामाथि चौतर्फी प्रश्न उठिरहेका छन्। सुझाव कार्यान्वयन गरेर आवश्यक ऐन, कानुन बनाउने, प्रदेशलाई अधिकारसम्पन्न गराउनेलगायत काममा सरकारले चासो दिएको छैन।

प्रतिवेदन कार्यान्वयन नहुने भए समिति बन्छन् चैं किन ?

हाम्रा दलहरू प्रतिपक्षमा रहँदा एउटा कुरा गर्छन् र सिंहदरबारको कुर्सीमा पुगेपछि आफैंले उठाएका मुद्दा भुसुक्कै बिर्सन्छन्। प्रतिपक्षमा रहँदा अनेक मुद्दा उठाएर समिति गठनमा जोड दिन्छन्। समिति पनि बन्छन्। तिनले राम्रा प्रतिवेदन पनि दिन्छन्। तर, कार्यान्वयन गर्ने समयमा हिजो समितिको माग गर्ने दल नै सत्तामा पुगिसकेको पनि हुन सक्छ। तर, त्यसपछि त्यो विषय उसको चासोमा पर्दैन। जसले गर्दा समिति गठनको औचित्यमाथि नै प्रश्न उठेको हो।

प्रतिवेदन कार्यान्वयनको बाध्यकारी व्यवस्था सम्भव छैन ?

हाम्रा राजनीतिक दल र तिनका नेतृत्वमा जवाफदेहिताको संस्कृति अत्यन्त कमजोर छ। फेरि सरकारलाई कार्यान्वयनका लागि चिमोटिरहने संस्था पनि त्यस्तै कमजोर छन्। संसद्ले पनि चासो दिने गरेको छैन। जबसम्म सबै जवाफदेही बन्दैनन्, तबसम्म त्यस्तो व्यवस्था सम्भव छैन।

प्रेरक प्रसंग

हेनरी ड्युना र रेडक्रस

यो विषय त्यतिवेलाको हो, जतिवेला इटली र अस्ट्रियाबिच घमासान रक्तपातपूर्ण युद्ध चलिरहेको थियो। दुवैतर्फका सैनिक जसरी पनि युद्धमा विजय हात पार्ने धुनमा लडिरहेका थिए। यस भयानक युद्धमा दुवैतर्फका हजारौँको ज्यान गइरहेको थियो भने हजारौँ सिपाही घाइते पनि भइरहेका थिए। तर, मृत्यु भएका र घाइते सिपाहीको कसैलाई कुनै पर्वाह थिएन। बाँचेका सिपाही पनि युद्ध जित्ने ध्याउन्नसाथ अघि बढिरहेका थिए। जसले गर्दा मृतकको दाहसंस्कार र घाइतेको उद्धार तथा उपचार सम्भव भएन। यस्तो भयावह परिस्थितिबाट स्विस बैंकका एक कर्मचारी जाँ हेनरी ड्युना मनैदेखि विचलित भए। उनले तत्कालै यसको समाधानका लागि एउटा उपाय सोचे। उनले आफ्नो जागिरबाट राजीनामा दिए। उनले जेनेभाको एक स्थानमा एउटा फार्म खरिद गरे। उनले युद्धरत इटली र अस्ट्रिया दुवै पक्षसित सम्पर्क गरेर घाइतेको उपचार र मृतकको दाहसंस्कारको जिम्मा आफूहरूलाई दिन दुवै पक्षलाई मनाए। उनले यस प्रयासको नाम रेडक्रस राखे। यसको सुरुवात निकै सानो रूपमा भएको थियो। तर, त्यसपछिका युद्धमा यस संस्थाको उपयोगिता व्यापक रूपमा बढ्दै गयो। अनेक देशका सरकारले यस संस्थालाई सहयोग पनि गरे। युद्ध क्षेत्रबाट घाइते र मृतकलाई उठाउन जाने रेडक्रसका कर्मचारी र सवारी साधनलाई निर्बाध आवतजावत गर्न दिने आचार संहितामा धेरैले स्वीकृति जनाए। आज रेडक्रसको कार्यक्षेत्र क्रमशः फैलिँदै गएको छ। यस संस्थाले विश्वका हरेक देशमा आफ्नो उपस्थिति जनाइसकेको छ। यसले युद्ध क्षेत्रमा मात्र होइन, प्राकृतिक विपत्तिबाट प्रभावित क्षेत्रमा पुगेर प्रभावितलाई सहयोग गर्नेलगायत मानवीय सहायताको काम गर्दै आएको छ। यस संस्थाको फैलावटको श्रेय ड्युनालाई नै जान्छ। यस संस्था नोबेल शान्ति पुरस्कारद्वारा समेत सम्मानित भइसकेको छ।



टिप्पणी

nayapatrikaofficial
@naya_patrika

आयोगको स्वागतयोग्य निर्देशन

निर्वाचन आयोगले उपनिर्वाचनमा सहभागी दल र उम्मेदवारले दैनिक खर्च विवरण बुझाउनुपर्ने भनी दिएको निर्देशन बिल्कुलै स्वागतयोग्य छ। तर, यसको कार्यान्वयन कति हुन्छ, त्यो भने निकटक भविष्यमै देखिनेछ। खासगरी अनियन्त्रित रूपमा खर्च गर्ने प्रवृत्तिले गर्दा हाम्रो हरेक तहका निर्वाचन खर्चिला बन्दै गएका छन्। राम्रा तर साथमा पैसा नहुने या ऋण गरेर भए पनि खर्च गर्न तयार नहुने व्यक्तिले अबका दिनमा निर्वाचनमा टिकट पाउन र निर्वाचन जित्न मुस्किल पर्दै गएको छ। यस्तो अवस्थामा आएको आयोगको निर्देशन स्वागतयोग्य छ। यसको कडाइसाथ कार्यान्वयन गरियोस्।

● **सञ्चिता महर्जन**, बाफल, काठमाडौं

प्रतिवेदन कार्यान्वयनमा प्रश्न

'संसदीय छानबिन विशेष समितिका प्रतिवेदन कार्यान्वयनमा पनि राजनीति' शीर्षकको समाचार पढियो। जब यस्ता समितिले दिएका प्रतिवेदन सार्वजनिक या कार्यान्वयन गर्नु नै छैन भने राज्यकोषबाट मोटो रकम खर्चेर यस्ता समिति किन बनाइन्छन् ? के हामी जनताका आँखामा छारो हाल्नकै लागि यस्ता समिति बन्छन् हो ? जब समितिको माग गरिन्छ, तब विभिन्न हल्लाखल्ला गरिन्छ। अनि, समिति पनि बन्छ। तर, तिनका प्रतिवेदन किन कार्यान्वयन हुँदैनन् ?

● **अपूर्व मरासिनी**
तीनकुने, काठमाडौं

लेखक पोखरेलले ठिक भने

'नेपालको छिमेक नीति र प्रधानमन्त्रीको आसन्न चीन भ्रमण' शीर्षकमा बुधवार प्रकाशित प्रा. कृष्ण पोखरेलको लेखमा भनिएजस्तै हामीले ऋण या अनुदान जे लिए पनि उपयुक्त आयोजनाका लागि पूर्वतयारी गरेर मात्र लिनुपर्छ। अन्यथा, त्यस्तो ऋण या अनुदान जेसुकै भए पनि त्यसको सदुपयोगभन्दा दुरुपयोग नै बढ्ता हुने निश्चित छ। यसका साथै पोखरेलले भनेजस्तै हामीले नजिक या टाढा जहाँका मित्रसित आफ्नो रणनीतिक स्वायत्तताको लागि जोगाएर सम्बन्ध राख्नु जरुरी छ।

● **पूर्णिमा पाखिन**
सीतापाइला, काठमाडौं

सरकारको अपरिपक्व निर्णय

सोमबार सरकारले पूर्वसभामुख दमननाथ ढुंगानाको निधनमा सार्वजनिक बिदाको घोषणा गऱ्यो। पूर्वसभामुखको निधनमा बिदा दिनु ठिकै होला। यसको विरोध गर्नु आवश्यक पनि छैन। तर, सरकारले सार्वजनिक बिदा भनेर ९:३० बजे गर्नुचाहिँ सरासर गलत थियो। कम्तीमा बिदा घोषणा गर्नुभन्दा पहिले एकपटक समयतिर ध्यान दिएको भए हुन्थ्यो। सरकारको अपरिपक्व निर्णयले गर्दा धेरै मान्छेले दुःख पाए। कर्मचारीले मात्र होइन, घरमा खाना पकाउने गृहणीले समेत चटारोमा काम गर्नुपऱ्यो। १० बजे हाजिर हुनका लागि कतिपय कर्मचारी कार्यालय पुगिसकेका थिए भने कतिपय सेवाग्राही सेवा लिन लाममा उभिइसकेका थिए। अचानक सार्वजनिक बिदा रे भनेको सुन्दा सबैजना अलमल्लमा परे।

सरकारको यो अपरिपक्व निर्णयको सर्वत्र आलोचना भयो। आलोचना हुँदैमा सरकारलाई केही फरक त पर्दैन। आलोचना सुन्ने बानी सरकारलाई परिसकेको पनि छ। सोमबार नभ्याएको भए मंगलबार सार्वजनिक बिदा दिँदा के नै फरक पर्थ्यो र ? आइतबार १ बजे निधन भएका ढुंगानाको सम्मानमा त्यतिवेलै मन्त्रिपरिषद्को बैठक बसेर सोमबार बिदा घोषणा गरेको भए के नै फरक पर्थ्यो र ? कर्मचारी र सेवाग्राही दुवै बिहान कार्यालय पुगिसकेपछि बिदा किन दिएको ? सरकारी इन्धन त्यत्तिकै खर्च भयो, कर्मचारी र सेवाग्राही दुवैले बित्थामा दुःख पाए। यस्ता विषयमा सरकारले किन समयमै सोच्दैन ? प्रधानमन्त्रीका सल्लाकार नै २०-२२ जना छन्। तिनको कामचाहिँ के हो ? खाली प्रधानमन्त्रीको भनाइमा ताली बजाउनु मात्र हो ?

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं
ghimirepuru@gmail.com

उपनिवेशवादी समस्याको समाधान कसरी ?

उदार लोकतन्त्रले सबैलाई आफ्नो विचारको अधिकार दिन्छ। तर, यसले महत्त्वपूर्ण मुद्दामा विचारपूर्वक निर्णय गर्न आवश्यक छ भन्ने पनि जनाउँछ।



देश / विदेश

● डोमिनिक ओ सुलिभान

न्युजिल्यान्डको एसिटी पार्टीको 'प्रिन्सिपल्स अफ द ट्रिटी अफ वेटांगी' (वेटांगी सन्धि) विधेयक गतसाता संसद्मा पहिलोपटक पेस गरियो, जसले न्युजिल्यान्डको ऐतिहासिक र राजनीतिक सन्दर्भमा बहस एवं विरोध प्रदर्शन निम्त्यायो। यद्यपि न्युजिल्यान्ड उपनिवेशवादको बिरासत र नीति एवं कानुनको प्रभावसँग जुध्ने एक्लो मुलुक होइन। यस्तै बहस क्यानडाको ब्रिटिस कोलम्बिया र अस्ट्रेलियाको क्विन्सल्यान्डमा छेडिने गर्छन्, जहाँ सामाजिक, राजनीतिक एवं आर्थिक समानतालाई आकार दिने मामिलामा औपनिवेशिकताको भूमिका विवादास्पद राजनीतिक मुद्दा बनेको छ।

एसिटी नेता डेभिड सेमोर सन्धि सम्बन्धित विधेयकले सार्वजनिक मामिलामा सन्धिको प्रभावलाई कम गरेर समानता बढाउन खोजेको दाबी गर्छन्। उनका अनुसार सन्धिलाई न्युजिल्यान्डका आदिवासी माओरीलाई अरूभन्दा बढी निर्णय गर्ने शक्ति प्रदान गरेको व्याख्या गरिएको छ। विपक्षीले यो सन्धिले माओरीलाई आत्मनिर्णय र सार्वजनिक जीवनमा एक अद्वितीय सांस्कृतिक परिप्रेक्ष्यमा सहभागिताको अधिकार सुनिश्चित गरेको दाबी गरेका छन्।

तथापि, न्युजिल्यान्डमा पनि क्यानडा र अस्ट्रेलियामा झैं औपनिवेशिकताले राज्य एवं आदिवासी जनजातिबिचको समस्याग्रस्त र प्रायः हिंसात्मक सम्बन्धलाई कसरी आकार दिएको छ भन्नेमा कुनै स्पष्ट सहमति भने छैन। यो अस्पष्ट इतिहासले साँचो अर्थको समानताको सम्भावनालाई चुनौती दिइरहेको छ।

सन् २०१९ मा क्यानडाको प्रान्त ब्रिटिस कोलम्बिया आदिवासी अधिकारसम्बन्धी संयुक्त राष्ट्र संघको घोषणालाई लागू गर्ने गरी कानुन पारित गर्ने विश्वव्यापी रूपमा पहिलो क्षेत्र बन्यो। यद्यपि यस वर्ष कन्जर्भेटिभ पार्टी अफ ब्रिटिस कोलम्बियाले आदिवासी जनजातिको अधिकारसम्बन्धी प्रान्तको घोषणा खारेजलाई मुख्य चुनावी मुद्दा बनाएको थियो। चुनावपछि त्यहाँको न्यु डेमोक्र्याटिक पार्टीले आफ्नो सत्तालाई भिन्नो मतले कायम राख्यो। यस सन्दर्भमा कन्जर्भेटिभ नेता जोन रुस्टडले राष्ट्र संघको घोषणा क्यानडाका लागि नभई अन्य देशका लागि बनाइएको दाबी गरेका थिए। यो आलोचनाका बाबजुद ब्रिटिस कोलम्बियाको कानुनले घोषणामा झैं आदिवासी मानिसका नयाँ अधिकार स्थापित गरेको छैन, तर मानव अधिकार आदिवासीको संस्कृति, भाषा र भूमिमा पनि समान रूपमा लागू हुने देखाएको छ।

अस्ट्रेलिया, क्यानडा र न्युजिल्यान्डले सन् २००७ मा आदिवासी अधिकारसम्बन्धी राष्ट्रसंघीय घोषणाको विरोध गर्ने चार सदस्य राष्ट्रमध्येका थिए, तर पछि यी सबै मुलुकले आफ्नो अडान उल्ट्याएका थिए। क्यानडाले सन् २०२१ मा घोषणा कार्यान्वयन गर्न संघीय कानुन लागू गऱ्यो। सन् २०१० मा न्युजिल्यान्डका तत्कालीन प्रधानमन्त्री जोन किले भविष्यका आकांक्षा रेखांकित गर्दा मान्यता प्राप्त अधिकारको पुष्टि गर्ने भन्दै राष्ट्रसंघीय घोषणाको वर्णन गरेका थिए। यद्यपि, हालको नेसनल एनजी फर्स्ट गठबन्धन सम्झौताअन्तर्गत न्युजिल्यान्डले राष्ट्रसंघीय घोषणालाई कानुनी अनुमोदन नगर्ने विचार गरिरहेको छ। यसैबिच ब्रिटिस कोलम्बियाको कानुनले आदिवासी सम्बन्धित नश्लभेद उन्मूलन र सामाजिक, सांस्कृतिक एवं आर्थिक कल्याणमा सुधार गर्नेजस्ता लक्ष्यमा संसद्मा वार्षिक प्रगति प्रतिवेदन अनिवार्य रूपमा पेस गर्नुपर्छ। यो अवधारणाले सबै नागरिकका लागि जवाफदेहिता र प्रमाणमा आधारित समतामूलक नीति निर्माणलाई समर्थन गर्ने लक्ष्य राखेको छ।



तस्बिर : गेटी इमेजेस

अस्ट्रेलियाको क्विन्सल्यान्ड प्रान्तको लिबरल नेसनल पार्टी सरकारले 'ट्रुथ-टेलिङ एन्ड हिलिङ इन्क्वायरी' (अनुसन्धान) बन्द गर्ने र 'पाथ टु ट्रिटी' ऐन खारेज गर्ने योजना बनाएको छ। हिलिङ इन्क्वायरीले प्रभावकारी सार्वजनिक नीतिले विविध अनुभव प्रतिबिम्बित गर्नुपर्छ र एकरूपता मान्न सक्दैन भन्नेमा जोड दिएको थियो। सन् २०२० मा अस्ट्रेलियाका पूर्वप्रधानमन्त्री स्कट मोरिसनले आदिवासी नीति असफल भएको स्विकारेका थिए। उनले गैरआदिवासीले आदिवासी मुद्दालाई राम्ररी बुझ्छन् भन्ने धारणा गलत रहेको स्विकारेका थिए।

वेटांगी सन्धि विधेयकका सिद्धान्तलाई कानुन बन्न जनमत संग्रहको आवश्यकता पर्नेछ। तर, यो सम्भव छैन किनभने गठबन्धन साझेदारले चयन समितिको चरणभन्दा बाहिर यसलाई समर्थन गर्ने सम्भावना छैन। तथापि, जनमत संग्रहले जटिल विषयलाई हो-वा-होइन भन्ने विकल्पमा सरल बनाइदिन्छ। मिथ्या सूचना, अज्ञानता वा भावनाले मानिसको जीवनमा महत्त्वपूर्ण परिणाम भएका निर्णयमा ठुलो प्रभाव पार्न सक्ने सम्भावना हुन्छ। अस्ट्रेलियाको आदिवासी र टोरेस स्ट्रेट आइल्यान्डर भ्वाइस टु पार्लियामेन्टमा भएको जनमत संग्रहले 'तपाईंलाई थाहा छैन भने भोट नदिनुहोस्' भन्ने नारा प्रयोग भयो र यो प्रभावकारी साबित भयो। तर, अनिश्चितता हाबी हुँदा सत्य कसरी पीडित हुन सक्छ भन्ने पनि देखियो। बेलायती पूर्वमन्त्री र हडकडका अन्तिम गभर्नर क्रिस प्याटनले खुला समाज प्रेस स्वतन्त्रता, बलियो बहस र प्रमाणमा आधारित नीति निर्माणमा भर पर्ने उल्लेख गरेका छन्। उसो त उदारवादी लोकतन्त्र यो आदर्शमा कमजोर हुन सक्छन्। तर, यस्ता लोकतन्त्र खुला समाजकै आदर्श पछ्याउनुपर्छ भन्ने नै मान्छन्। उदार लोकतन्त्रले सबैलाई आफ्नो विचारको अधिकार दिन्छ। तर, यसले महत्त्वपूर्ण मुद्दामा विचारपूर्वक निर्णय गर्न आवश्यक छ भन्ने पनि जनाउँछ। यसमा न्युजिल्यान्डको वेटांगी सन्धि सिद्धान्त विधेयकबारे जमिनीस्तरमा हुने बहस हुनुपर्छ। यसका लागि ब्रिटिस कोलम्बियाको आदिवासी अधिकार कानुनलाई यसको वास्तविक प्रावधानमा आधारित रहेर मूल्यांकन गर्नु र क्विन्सल्यान्डमा साँचो समानता ट्रुथ-टेलिङमा निर्भर छ वा छैन भनेर हेर्नुपर्छ। सत्यविना हामी समानतालाई परिभाषित गर्न सक्दैनौं। उपनिवेशवादको बिरासतलाई सम्बोधन गर्नु वास्तवमा सबै समाजका लागि चुनौती हो।

(सुलिभान चार्ल्स स्टर्ट विश्वविद्यालयका राजनीतिशास्त्रका प्राध्यापक हुन्)
द कन्भर्सेसनबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

ट्रम्पको पुनरागमनले विश्व अर्थतन्त्रलाई पार्ने प्रभाव

दोस्रो कार्यकालको ट्रम्प प्रशासनले विश्व शान्ति, जलवायु परिवर्तन र व्यापारको उदारीकरणमा सकारात्मक पहल गर्ने सम्भावना न्यून

राष्ट्रपतिमा डोनाल्ड ट्रम्पको विजय र संयुक्त राज्य अमेरिकामा हुने सबै आयातमा कर लगाउने उनको धम्कीले विश्व अर्थतन्त्रका लागि एउटा महत्त्वपूर्ण समस्यालाई प्रकाश पार्छ। संयुक्त राज्य अमेरिका एक प्राविधिक पावरहाउस हो। यसले अनुसन्धान र विकासमा अन्य कुनै पनि देशभन्दा बढी खर्च गर्दछ। पछिल्लो पाँच वर्षमा अन्य सबै देशको तुलनामा अमेरिकाले धेरै नोबेल पुरस्कार जित्दै आएको छ। तर, बाँकी विश्वले अमेरिकामा धेरै निर्भर हुनबाट बच्नका लागि आफ्नो शक्तिमा सक्दो सबै प्रयत्न गर्न आवश्यक छ। र, ह्यारिसले जितेको भए यो अवस्था धेरै फरक हुने थिएन।

डोनाल्ड ट्रम्पको 'अमेरिका पहिला' दृष्टिकोण वास्तवमा द्विपक्षीय नीति हो। कम्तीमा अघिल्ला राष्ट्रपति बराक ओबामाको ऊर्जा स्वतन्त्रताको नीतिदेखि अमेरिकाले औद्योगिक रोजगारीलाई विदेशमा लगानी गर्ने वातावरण अन्त्य गर्दै प्राविधिक सर्वोच्चता कायम राख्ने प्रायः भित्री खोजमा रहेको छ। ट्रम्पले आफ्नो पहिलो कार्यकालमा गरेका प्रमुख छनोटमध्ये एक भनेको अमेरिकी उपभोक्ताहरूका लागि उच्च मूल्य स्वीकार गर्नु थियो, जसमा राष्ट्रिय उत्पादकहरूलाई सुरक्षा गर्न लगभग सबै व्यापारिक साझेदारमा उच्च शुल्क लगाइएको थियो।

उदाहरणका लागि विश्वभरका वासिङ मेसिनहरूमा ट्रम्पको कार्यकालमा २०१८ मा लगाइएको शुल्कको अर्थ अमेरिकी उपभोक्ताले यी उत्पादनका लागि १२ प्रतिशत बढी तिरिरहेका छन्। राष्ट्रपति जो बाइडेनले त्यतिवेला ट्रम्पका केही शुल्क बढाए, इलेक्ट्रिक सवारीमा १०० प्रतिशतसम्म वृद्धि गरे, सौर्य सेलहरूमा ५० प्रतिशत र चीनबाट आउने ब्याट्रीहरूमा २५ प्रतिशत शुल्क लगाए। जलवायु आपत्कालको समयमा यो अमेरिकी उत्पादनको सुरक्षा गर्न ऊर्जा संक्रमणलाई सुस्त पार्ने स्पष्ट विकल्प थियो।

जब बाइडेनले युरोपसँग शुल्कबारे हस्ताक्षर गरे, यसले अनुदानको प्रतिस्पर्धा प्रारम्भ गरेर सायद अझ बढी हानिकारक लडाइँ सुरु गऱ्यो। उदाहरणका लागि अमेरिकी


तस्बिर : रोयटर्स

मुद्रास्फीति न्यूनीकरण ऐनले विद्युतीय सवारीसाधन वा नवीकरणीय ऊर्जाजस्ता क्षेत्रमा ३६९ अर्ब अमेरिकी डलर (२८६ बिलियन युरो) अनुदान समावेश छ। र, चिप्स ऐनले सेमिकन्डक्टर र कम्प्युटर चिप्सको उत्पादनमा अनुदान दिन ५२ अर्ब अमेरिकी डलर प्रतिबद्ध गरेको छ।

चीन, युरोप र बाँकी संसार

यो अमेरिकी औद्योगिक नीति उनीहरूमाझ धेरै रोचक देखिन्छ,, तर बाँकी विश्वका लागि यसका स्पष्ट परिणाम छन्। निर्यातमा आधारित वृद्धि भएको दशकौंपछि चीनले अब औद्योगिक क्षमताको ठुलो समस्याको सामना गर्नुपर्नेछ। देशले अब थप घरेलु उपभोगलाई प्रोत्साहित गर्न र आफ्ना व्यापारिक साझेदारलाई विविधीकरण गर्ने प्रयास गरिरहेको छ।

युरोपले धेरै कसिलो बजेट सीमाका बाबजुद अनुदान दौडमा धेरै पैसा खर्च गर्छ। सुस्त वृद्धि र आफ्नो औद्योगिक मोडेलमा ठुला शंकाहरूको सामना गरिरहेको देश जर्मनी अमेरिकी अनुदान मिलाउन प्रतिबद्ध छ। उदाहरणका लागि उसले स्विडेनी ब्याट्री निर्माता नर्थभोल्टलाई देशमा उत्पादन जारी राख्न ९०० मिलियन युरो प्रस्ताव गरेको छ।

ती सबै अनुदानले विश्व अर्थतन्त्रलाई चोट पुऱ्याइरहेका छन् र सोलार प्यानल र ब्याट्रीसहित सम्पूर्ण अफ्रिकी महाद्वीपको विद्युतीकरणजस्ता तत्काल आवश्यकतालाई सजिलैसँग वित्तपोषण गर्न सक्छ। यसैबिच चीनले प्राकृतिक स्रोतसाधनमा आफ्नो स्वार्थ पछ्याउँदै अफ्रिकामा सबैभन्दा ठुलो लगानीकर्ता अमेरिका र युरोपलाई विस्थापित गरेको छ। भर्खरै प्राप्त ट्रम्प जनादेश विचारहरू ठिक गर्ने एउटा अवसर हुन सक्छ।

> ट्रम्पको आगामी कार्यकाल विगतको निरन्तरता मात्र हुनेछ। चर्को शुल्क र संस्थालाई क्षति गर्ने प्रयत्नले अमेरिकी अर्थतन्त्रलाई कमजोर बनाउनेछ। तर, यो अमेरिकीहरूले नै रोजेको कुरा हो।

कसैले तर्क गर्न सक्छन् कि यदि बाइडेन प्रशासनले आक्रमणको नतिजाबारे रुसी राष्ट्रपति भ्लादिमिर पुटिनलाई स्पष्ट पारेको भए, युद्धअघि किभलाई आधुनिक हतियार उपलब्ध गराएको भए युक्रेनमा पूर्ण मात्रामा आक्रमण र हजारौंको मृत्यु र त्यसपछिको ऊर्जा संकटबाट बच्न सकिन्थ्यो।

तर, दोष धेरैजसो युरोपमाथि लाग्ने गरेको छ। त्यो हो रुसी ग्यासमा धेरै निर्भर हुने रणनीतिक समस्या। ट्रम्पले आफ्नो पहिलो जनादेशको क्रममा जर्मनीलाई स्पष्ट रूपमा चेतावनी पनि दिएका थिए। त्यहाँ अगाडि स्पष्ट बाटो छ, युरोपले चीनलाई सोलार प्यानल र इलेक्ट्रिक कारहरू जस्ता चिनियाँ प्रविधिमा आफ्नै शुल्क युद्धको अन्त्य गर्न वार्ता गरेर आफ्नो क्षमताको समस्या समाधान गर्न मद्दत गर्न सक्छ।

त्यसको बदलामा युरोपले अमेरिकाबाट कीर्तिमानी मात्रामा तरल ग्यास आयात गर्नुको सट्टा आफ्नै स्वच्छ ऊर्जा उत्पादन गरेर केही सार्वभौमसत्ता पुनः प्राप्त गर्नेछ। युरोपले चिनियाँ कम्पनीसँग उत्पादन गरेर केही कुरा पनि सिक्न सक्छ, र चीनले युक्रेनमाथिको आक्रमण अन्त्य गर्न रुसमाथि आफ्नो ठुलो लाभ उठाउन सक्छ। युरोपेली संघले आफूले सबैभन्दा राम्रो गर्ने काममा अझ कडा परिश्रम गर्न सक्छ, व्यापार सम्झौतामा हस्ताक्षर गर्ने र विश्वभर कार्बन उत्सर्जन घटाउने उपायको रूपमा प्रयोग गर्ने।

यो युरोप र चीनको मात्र होइन। मानव जीवनका सबै ठुला आयाममा दशकौंको निरन्तर सुधारपछि संसार पछाडि सर्दै छ। भोकमरीको सामना गर्ने मानिसको संख्या बढ्दै गएको छ, जसले हामीलाई २००८-२००९ को स्तरमा पुऱ्याउँछ। गाजा, सुडान, म्यानमार, सिरिया र अहिले लेबनानमा युद्ध चलिरहेको छ। सन् २०१० यता विश्वले यति धेरै नागरिक हताहत भएको देखेको थिएन।

यो असम्भव छ कि ट्रम्प प्रशासनले अमेरिकी हस्तक्षेपवादको मार्गलाई उल्ट्याउनेछ। यसले शान्ति, जलवायु परिवर्तन वा व्यापारको उदारीकरणमा कुनै ठुलो पहल गर्ने सम्भावना पनि छैन। संसार एक्लो छ, र अमेरिका यसलाई बचाउन आउँदैन।

हामीलाई थाहा छैन अमेरिकालाई के हुन्छ ? ट्रम्पको फिर्ती प्रायः विगत दश वर्षको निरन्तरता हुनेछ। निषेधात्मक शुल्क वा संस्थालाई नष्ट गर्ने प्रयत्नले अमेरिकी अर्थतन्त्रलाई कम सान्दर्भिक बनाउनेछ। तर, यो अमेरिकीहरूले रोजेको कुरा हो, बाँकी विश्वले केवल सहनुपर्ने विषय हो। यसबिचमा, संसारले गर्न सक्ने एउटै कुरा भनेको एक-अर्कामा धेरै निर्भर नभई कसरी राम्रोसँग काम गर्ने भनेर सिक्नु हो।

- द कन्भर्सेसनबाट

इतिहासमा आज



सन् १९६२ : भारत र चीनबिचको युद्ध समाप्त। सीमा विवादलाई लिएर एसियाका शक्तिशाली दुई देश भारत र चीनबिच बारम्बार युद्ध भएको छ।

सन् १९६४ : संसारकै लामो सस्पेन्सन ब्रिज सर्वसाधारणका लागि खुला भयो। न्युयोर्कको बरुकलाइन र स्टेटन टापु जोड्ने सो पुल विश्वकै पहिलो लामो सस्पेन्सन ब्रिज हो।

सन् १९६४ : फ्रान्सेली दार्शनिक तथा लेखक भोल्तेयरको जन्म। उनको मृत्यु सन् १७७८ मा ८३ वर्षको उमेरमा भएको थियो।

सन् १९७९ : पाकिस्तानस्थित अमेरिकी दूतावासमा हमला। एक समूहले दूतावासमा आगो लगाइदिएको थियो। मुसलमानको पवित्र सहर मक्काको एउटा मस्जिद विस्फोटको घटनामा अमेरिकासमेत संलग्न रहेको आरोप लगाउँदै समूहले अमेरिकी दूतावासमा हमला गरेको थियो।

मधेश प्रदेश सरकार
ऊर्जा, सिंचाई तथा खानेपानी मन्त्रालय
खानेपानी तथा सरसफाई डिभिजन कार्यालय
मलंगवा, सर्लाही

बोलपत्र स्वीकृतिको आशय-पत्र

प्रथम पटक प्रकाशित मिति : २०८१।०८।०६

उपरोक्त सम्बन्धमा यस कार्यालयको बोलपत्र मूल्यांकन समितिको मिति २०८१।०५।२६ गतेको निर्णय अनुसार तपाई बोलपत्रदाताहरुले तपसिलमा उल्लेखित ठेक्काहरुको बोलपत्र न्युनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही रही स्वीकृतिको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) को बमोजिम सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

तपसिल

ठेक्का नं.	आयोजनाको नाम	कार्यको विवरण	छनौट भएका बोलपत्रदाताहरुको नाम/ठेगाना	न्यूनत्तम कबोल अंक (Provisional Sum र भ्याट समेत)	कै.
14/080-081	Fabrication, Supply and Installtion of Automatic Water vending machine	Fabrication, Supply and Installtion of Automatic Water vending machine Various Location at Rautahat and Sarlahi districts.	Yamnotary Interprises Janakpur 14, Dhanusha	218,28,304.00	

(रामनाथ साह)
नि.डिभिजन प्रमुख

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११७८०, टोल फ्री नं.: १६५०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री बोलपत्र आव्हान सम्बन्धी १५ (पन्ध्र) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नु भएको ऋणकर्जा बैकसँगको सम्झौताको शर्त बमोजिम नर्तिनु नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा तथा ऋणकर्जा चुक्ता गर्नको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त ऋणकर्जाको बाँकी साँवा ब्याज नर्तिनु नबुझाउनु भई ऋणीले बैकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले सो ऋण कर्जाको सुरक्षण वापत धितो लेखिदिएको तपसिलमा उल्लेखित चल अचल सम्पति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा प्रचलित कानूनको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको १५ (पन्ध्र) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगातै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही रीतपुर्वक भरी यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा आईपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आह्वान गरिन्छ । साथै, प्रस्तुत लिलाम प्रक्रियाबाट धितो मा रहेको तपसिल वमोजिमको चल अचल सम्पति लिलाम बिक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा बैंकले असुल उपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, सोको नियमावली, २०५९ तथा प्रचलित कानून वमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा, श्रीसम्पतिबाट समेत बैंकको सम्पूर्ण बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाइ यसै सूचनाद्वारा अवगत गराईन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण
१)	**१) ऋणी कम्पनी: खाँडादेवी मल्टी ट्रेड प्रा.ली.**, संचालक तथा जमानीकर्ता: रुशन श्रेष्ठ दर्ता नं.: कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं.२३३६८०/०७६/०७७, दर्ता मिति: २०७६/१०/२०, ठेगाना: जिल्ला रामेछाप, मन्थली न.पा. वडा नं. १
	२) ऋणी कम्पनी: कुशेश्वर ईन्टरप्राईजेज प्रा.ली., संचालक तथा जमानीकर्ता: रुशन श्रेष्ठ दर्ता नं.: कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं.२३३६८१/०७६/०७७, दर्ता मिति: २०७६/१०/२०, ठेगाना: जिल्ला सिन्धुपाल्चोक, बाह्रबिसे न.पा. वडा नं. ४
	३) ऋणी कम्पनी: पलाञ्चोकि ट्रेड लिंक प्रा.ली., संचालक तथा जमानीकर्ता: रुशन श्रेष्ठ दर्ता नं.: कम्पनी रजिष्ट्रारको कार्यालय, काठमाडौंमा दर्ता नं.२३३६५९/०७६/०७७, दर्ता मिति: २०७६/१०/२०, ठेगाना: जिल्ला दोलखा, भिमेश्वर न.पा. वडा नं. ६
	४) ऋणी कम्पनी: यु.एम.मार्केटिङ्ग प्रा.ली., संचालक तथा जमानीकर्ता: रुशन श्रेष्ठ दर्ता नं.: कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. १६५९४१/०७३/०७४, दर्ता मिति: २०७३/१२/१०, ठेगाना: जिल्ला काभ्रे, बनेपा न.पा. वडा नं. ७
	धितोको विवरण १) सानु सेतु बहादुरको नाति, हरी गोपालको छोरा, काभ्रे जिल्ला, दुकुचा गा.वि.स. वडा नं. ३ बस्ने राम शरण श्रेष्ठको नाममा मालपोत कार्यालय काभ्रेपलान्चोकको लगतमा दर्ता कायम रहेको काभ्रे जिल्ला, बनेपा न.पा. वडा नं. १० स्थित कित्ता नं.५११ को क्षेत्रफल ८४.२७(व.मी.) को घर जग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) खाँडादेवी मल्टी ट्रेड प्रा.ली., कुशेश्वर ईन्टरप्राईजेज प्रा.ली., पलाञ्चोकि ट्रेड लिंक प्रा.ली. र यु.एम. मार्केटिङ्ग प्रा.ली.को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
	बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानका लागि Google map
	५) ऋणी कम्पनी: यु.एम.इन्टरप्राइजेज प्रा.ली., संचालक तथा जमानीकर्ता: रुशन श्रेष्ठ दर्ता नं.: कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. २२७७९९/०७६/०७७, दर्ता मिति: २०७६/०७/२२, ठेगाना: जिल्ला काभ्रे, बनेपा न.पा. वडा नं. ७
	६) ऋणी: रुशन श्रेष्ठ ठेगाना: काभ्रे जिल्ला, बनेपा न.पा. वडा नं. १, बाबु: रामशरण श्रेष्ठ, बाजे: हरिगोपाल श्रेष्ठ
	धितोको विवरण १) सानु सेतु बहादुरको नाति, हरी गोपालको छोरा, काभ्रे जिल्ला, दुकुचा गा.वि.स. वडा नं. ३ बस्ने राम शरण श्रेष्ठको नाममा मालपोत कार्यालय काभ्रेपलान्चोकको लगतमा दर्ता कायम रहेको काभ्रे जिल्ला, बनेपा न.पा. वडा नं. ५ स्थित कित्ता नं. २६७९, २७५३ र २७५५को क्षेत्रफल क्रमशः १३१.१९, ११५.४८ र ८२.३३(व.मी.) को घरजग्गा र सो घजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) यु.एम.इन्टरप्राइजेज प्रा.ली.को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
	बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानका लागि Google map
	जमानीकर्ताहरुको विवरण १) कृष्णकुमारी श्रेष्ठ २) रुसा श्रेष्ठ ३) राम शरण श्रेष्ठ ४) रुशन श्रेष्ठ

नोट: ऋणी तथा जमानीकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिका नाम ऋणी तथा जमानीकर्ताको नाम परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:
१) बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौं वा शाखा कार्यालयबाट रु. १०००।-(रुपैंया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ) ।
२) प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण स्वीकार वा अस्वीकार गर्न सक्ने छ। शिलबन्दी बोलपत्रबाट उक्त सम्पति लिलाम बिक्री हुन नसकेमा उक्त सम्पतिको स्वामित्व बैंकले लिन सक्नेछ ।
३) लिलाम हुने सम्पति निरीक्षण अवलोकन गर्नुपरेमा वा धितो लिलाम सम्बन्धी विस्तृत जानकारी आवश्यक भएमा बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
४) बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगातै कार्यालय खुलेको दिन) यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने हुँदा उक्त दिन ऋणी, धितो जमानतकर्ता, इच्छुक बोलपत्रदाता तथा सम्बन्धित सबैलाई उपस्थितिको लागि जानकारी गराईन्छ।
५) बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।

पुनश्च: ऋणी एवं धितो लेखिदिनेलाई सूचना:
उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गरी आफ्नो सम्पतिको उचित संरक्षण गर्नु हुन पुन: अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलामबाट कायम हुने धितो सम्पतिको मुल्य घटि वा बढि हुने प्रक्रियामा समेत प्रत्यक्ष अवलोकनको लागी सूचित गरिन्छ । उल्लिखित धितो सम्पति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत सावितकमा बैंकबाट भएको मुल्यांकन भन्दा कम मुल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पतिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै उजुर वाजुर गर्न पाउनुहुने छैन । उक्त सम्पति लिलाम बिक्री गर्दा वा पुनरमुल्यांकन गरि बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभई बाँकी रहेमा ऋणीको अन्य श्रीसम्पतिहरुबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ ।

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
शिक्षा विकास निर्देशनालय
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

बोलपत्र स्वीकृती गर्ने आशयको सूचना

प्रथम पटक प्रकाशित मिति २०८१/०८/०६

यस कार्यलयबाट प्रकाशित तपशिलका ठेक्कामा तपशिल बमोजिमको बोलपत्रहरू न्यूनतम मुल्यांकित सारभुत रुपमा प्रभावकारी देखिन आएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) को प्रयोजनका निम्ति सम्बन्धित सबै बोलपत्रदाताहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपशिल

सि. नं.	ठेक्का नं.	बोलपत्रदाताको नाम/ठेगाना	कबोल रकम (भ्याट र पि.एस. बाहेक)
1	EDD/SKT/W/NCB/07/081-082	A.R. Engineering Consultancy And Construction Pvt.Ltd	४८०५७७२१५०

नि.निर्देशक

नीलकण्ठ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धादिङबेशी, धादिङ
बागमती प्रदेश, नेपाल

आर्थिक प्रस्ताव खोल्ने बारेको सूचना

(प्रकाशित मिति : २०८१/०८/०६)

यस कार्यालयको मिति २०८१/०५/२६ गतेको राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित सूचना अनुसार तपशिलमा उल्लिखित ठेक्कामा प्राप्त हुन आएका बोलपत्रहरु मध्ये तपसिल अनुसारका बोलपत्रदाताहरुको प्राविधिक प्रस्ताव सारभुत रुपमा प्रभावग्राही छनोट भएको हुँदा सार्वजनिक खरिद नियमावली, २०६४ नियम ३१ (ङ) को उपनियम (५) बमोजिम निम्न सारभूत रुपमा प्रभावग्राही बोलपत्रदाताहरुको आर्थिक प्रस्ताव मिति २०८१/०८/१३ गते दिउँसो १ बजे यस कार्यालयमा खोलिने भएकोले सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपशिल

सि.नं	ठेक्का नं. कामको विवरण	बोलपत्रदाताको नाम र ठेगाना
1.	NEE-NCB/01/081/82 Hanumandada Rammandir Agricultural Road Upgrading Works	1. Talbarahi-BGS JV, kathmandu 2. Om Shrestha Construction Pvt.Ltd, Dhading 3. Dhading Neelakantha Nirman sewa Suppliers Pvt.Ltd, Kathmandu 4. N.S.N. Construction Pvt.Ltd, Dhading 5. Purna Binayak Construction, Bhaktapur 6. Alina Bhatta-Bhatta JV, Gorkha 7. Garibi Construction, Dhading

प्रमुख प्रशासकीय अधिकृत

अर्थ पत्रिका

नयाँ पत्रिका
बिहीबार ६ मंसिर ०८१

चेक अनादर गर्ने ऋणीलाई कालोसूचीमा नराख्ने प्रस्ताव

■ १० लाखभन्दा कम खराब कर्जा तथा चेक अनादर भएकालाई डिफल्टर सूचीमा राख्ने राष्ट्र बैंकको प्रस्ताव

■ धितो मूल्यांकनकर्ताले मूल्यांकन गरेको रकम पुनर्मूल्यांकन गर्दा दुईतिहाइभन्दा कम भएमा कारबाही



पवन तिमिल्सिना/नयाँ पत्रिका

नेपाल राष्ट्र बैंकले चेक अनादर गर्ने ऋणीलाई कालोसूचीमा नराख्ने गरी नयाँ व्यवस्था ल्याउने तयारी गरेको छ। केन्द्रीय बैंकले कर्जा सूचनासम्बन्धी व्यवस्थाको मस्यौदा सार्वजनिक गर्दै चेक अनादर गर्ने ऋणीलाई डिफल्टर सूचीमा राख्नुपर्नेलगायतको व्यवस्था रहेको मस्यौदा प्रस्ताव गरेको छ।

डिफल्टर सूचीमा समावेश हुने अवस्था उल्लेख गर्दै प्रस्तावित व्यवस्थामा भनिएको छ, 'कुनै व्यक्ति फर्म, कम्पनी वा संगठित संस्थाले भुक्तानी दिन पर्याप्त मौज्दात नभई वा चेकमा गलत हस्ताक्षर गरी भुक्तानी नहुने चेक जारी गरेमा वा चेक लिने व्यक्तिले चेकमा उल्लिखित विवरण सही भएको यकिन गर्न सक्ने अवस्थामा बाहेक अन्य कुनै कारणले चेक अनादर भएमा।' हालसम्म चेक अनादरलाई कालोसूचीमा समावेश गर्ने व्यवस्था छ। तर, अनादर हुने चेक जारी गर्ने व्यक्ति, फर्म, कम्पनी वा संगठित संस्था तथा त्यस्तो चेक खिच्ने व्यक्तिलाई डिफल्टर सूचीमा पर्ने प्रस्ताव छ।

चेक अनादर भएर डिफल्टर सूचीमा राख्ने अवस्था सिर्जना भएमा चेक जारी भएको मितिले एक सय ८० दिनभित्र डिफल्टर सूचीमा राख्ने सम्पूर्ण प्रक्रिया पूरा गरिसकेको हुनुपर्ने भनिएको छ। त्यस्तै, १० लाखभन्दा कम रकमको कर्जाले भाखा नाघी खराब वर्गमा वर्गीकृत ऋणीलाई डिफल्टर सूचीमा समावेश गर्नुपर्ने प्रस्ताव छ। यो सूचीमा ऋणी प्रोप्राइटरसिप फर्मका प्रोप्राइटर, ऋणी साझेदारी फर्मका साझेदार, ऋणी कम्पनी/संगठित संस्थाका सञ्चालक, ऋणी फर्म, कम्पनी वा संगठित संस्थाका कार्यकारी प्रमुख वा सोसरहको जिम्मेवारीमा रहने व्यक्तिलाई सूचीमा राख्ने उल्लेख छ।

डिफल्टर सूचीमा समावेश हुने पक्षलाई सूचीमा पार्नुअघि नै कम्तीमा ३५ दिनअगावै कारणसहित ऋणी र सम्बन्धित पक्षहरूलाई सूचना दिनुपर्ने प्रस्तावित व्यवस्था छ। सूचना दिँदा ऋणीले कर्जा चुक्ता वा नियमित नगरेमा डिफल्टर सूचीमा समावेश गरिने व्यहोरा उल्लेख भएको हुनुपर्ने उल्लेख छ। यस्तो सूचना सम्बन्धित व्यक्ति वा परिवारका सदस्य वा कारोबारसँग सम्बन्धित संस्थामा बुझाएमा वा राष्ट्रियस्तरको पत्रिकामा प्रकाशित गरेमा सूचना प्राप्त भएको मानिने भनिएको छ। साथै, सर्वसाधारणको जानकारीका लागि उक्त सूचना आफ्नो वेबसाइटमा समेत राख्नुपर्ने उल्लेख गरिएको छ।

यो व्यवस्था लागू भएपछि ६० दिनका लागि संक्रमणकालीन व्यवस्था मानिने उल्लेख छ। हाल कालोसूचीमा समावेश व्यक्ति, फर्म, कम्पनी वा संगठित संस्थालाई कर्जा सूचना केन्द्रले आगामी ६० दिनभित्र कालोसूचीबाट हटाई डिफल्टर सूचीमा समावेश गरिसक्नुपर्ने भनिएको छ।

यो मस्यौदा हुबहु लागू भएमा डिफल्टरसूचीमा पर्ने ऋणीले हाल कालोसूचीमा परेकै कारण भोग्नुपरेको कारबाहीबाट छुटकारा पाउनेछन्। कालोसूचीमा रहेको व्यक्ति, फर्म, कम्पनी वा संस्थाको नाममा खोलिएको खातामा रकम जम्मा गर्नबाहेक अन्य बैकिङ कारोबार गर्न पाइनेछैन। कालोसूचीमा सूचीकृत भएका व्यक्तिको क्रेडिट/डेबिट कार्ड उक्त सूचीबाट फुकुवा नभएसम्म रोक्का गर्नुपर्ने उल्लेख छ। मस्यौदा लागू भएमा यस्तो कारबाहीबाट डिफल्टर सूचीमा पर्ने ऋणीले छुटकारा पाउनेछन्।

■ धितो मूल्यांकनमा छुट्टै व्यवस्था

बैंक तथा वित्तीय संस्थाले धितो मूल्याङ्कन गराउने प्रयोजनका लागि मूल्यांकनकर्ता सूचीकृत गर्दा मूल्यांकनकर्ताको काम, कर्तव्य, अधिकार तथा उत्तरदायित्व स्पष्ट रुपमा उल्लेख गरी सम्झौता गर्नुपर्ने मस्यौदामा उल्लेख छ। धितो लिलामी गर्दा धितो मूल्यांकनकर्ताले मूल्यांकन गरेको रकम पुनर्मूल्याङ्न गर्दा दुईतिहाइ भन्दा कम भएमा त्यस्ता धितो मूल्यांकनकर्तालाई इजाजतपत्रप्राप्त संस्थाले नेपाल इन्जिनियरिङ परिषद् ऐन वा प्रचलित कानुनबमोजिम कारबाहीका लागि कारणसहित नेपाल इन्जिनियरिङ परिषद्मा सिफारिस गरी पठाउनुपर्नेछ। गलत स्थान/प्रकृतिको धितोलाई सही हो भनी मूल्यांकन गरेमा पनि यस्तो कारबाही हुने उल्लेख छ। यद्यपि, कारबाही सिफारिस गर्नुअगावै सम्बन्धित धितो मूल्यांकनकर्तालाई स्पष्टीकरणको मौका दिनुपर्ने प्रस्तावित मस्यौदामा भनिएको छ।

हिउँदमा भारतबाट ६५४ मेगावाट विद्युत् खरिद गर्न नेपाललाई स्वीकृति

मिलन विश्वकर्मा/नयाँ पत्रिका

यो वर्षको हिउँदमा नेपालले भारतबाट ६ सय ५४ मेगावाट विद्युत् खरिद गर्ने स्वीकृति पाएको छ। भारतको केन्द्रीय विद्युत् प्राधिकरणले २० नोभेम्बरदेखि १५ मार्च (४ मंसिर-२ चैत)सम्म सो बराबरको विद्युत् नेपाललाई बिक्री गर्ने स्वीकृति दिएको नेपाल विद्युत् प्राधिकरणलाई जानकारी दिएको छ।

त्यसअन्तर्गत प्राधिकरणले ढल्केबर-मुजफ्फरपुरबाट ६ सय मेगावाट र टनकपुर-महेन्द्रनगरबाट ५४ मेगावाट विद्युत् आयात गर्न पाउनेछ। यद्यपि, अहिले नेपालबाट भारतमै विद्युत् निर्यात भइरहेको छ। तर, हिउँदका कारण पुसबाट विद्युत् आयात गर्नुपर्ने अवस्था आउन सक्छ, त्यसकै पूर्वतयारीस्वरूप भारतबाट विद्युत् खरिदको स्वीकृति लिइएको प्राधिकरणका प्रवक्ता चन्दनकुमार घोषले जानकारी दिए। नेपालले भारतबाट विद्युत् आयात गर्दा पनि त्यहाँबाट पूर्वस्वीकृति लिनुपर्छ।

योबाहेक महाकाली सन्धिअनुसार वार्षिक सात करोड युनिट विद्युत् निःशुल्क पाइन्छ, जुन हिउँदमै आयात गरिन्छ। हिउँदमा त्यसअन्तर्गत दैनिक १२ मेगावाट विद्युत् आयात गर्न सकिन्छ। त्योअनुसार हिउँदमा ६६६ मेगावाटसम्म आयात गर्न सकिने उनको भनाइ छ।

'योसँगै अब हामीले आवश्यक परेको अवस्थामा भारतको इनर्जी एक्सचेन्ज मार्केटबाट ६५४ मेगावाटसम्म विद्युत् आयात गर्न सक्छौं। साथै, महाकाली सन्धिअनुसार थप विद्युत् आयात गर्न पाइन्छ,' उनले भने, 'योसँगै हिउँदमा हुने विद्युत्को मागलाई व्यवस्थापन गर्न सहज हुनेछ।'

भारतले १६ मार्चदेखि ३० जुन (३ चैत ३ देखि १६ असार) सम्मका लागि भने बिहान ६ देखि साँझ ६ बजेसम्म (दैनिक १२ घन्टा) मात्रै ६५४ मेगावाट विद्युत् आयात गर्न स्वीकृति दिएको छ। त्योअनुसार स्वदेशी उत्पादन नबढेमा चैतदेखि जेठसम्म रातमा विद्युत्को माग व्यवस्थापन गर्न चुनौती हुने देखिन्छ।

यद्यपि, भारतको एनटिपिसी विद्युत् व्यापार निगमसँग फेब्रुअरीदेखि मे (माघ १९ देखि जेठ १८ गते)सम्म थप २३० मेगावाट विद्युत् खरिद गर्ने गरी छुट्टै सम्झौता गरिएको छ। 'राउन्ड दी क्लक' मोडेलको उक्त सम्झौताअन्तर्गत २४सै घण्टा विद्युत् खरिद गर्न पाइनेछ, त्यसअन्तर्गत विद्युत् खरिद गर्न पनि भारत सरकारले स्वीकृत दिइसकेको छ। साथै, महाकाली सन्धिअनुसार पनि थप विद्युत् आयात गर्न सकिन्छ।

त्यो अवस्थाामा चैतपछि पनि विद्युत् व्यवस्थापन गर्न सहज हुने प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले बताए। 'एनभिभिएनसँगको 'राउन्ड दी क्लक' सम्झौताअनुसार फेब्रुअरीमा (माघ १९ देखि जेठ १८ सम्म) थप २३० मेगावाट विद्युत् २४ घण्टा नै आयात गर्न पाइन्छ। महाकाली सन्धिअनुसार पनि विद्युत् बाँकी नै रहन्छ,' उनले भने, 'गर्मीले हिउँ पग्लिएर खोलामा पानीको बहाव बढ्न गई चैत-वैशाखबाट नेपालकै उत्पादन बढ्छ। त्यसले गर्दा विद्युत्को माग व्यवस्थापन गर्न पुग्छ भन्ने विश्वास छ। जेठ मध्यतिरबाट विद्युत् निर्यात गर्ने अवस्थामै पुग्छौं।'

उनका अनुसार १०-१२ असोजको बाढीले क्षतिग्रस्त ४५६ मेगावाटको माथिल्लो तामाकोशी पनि पुससम्म आंशिक रूपमा सञ्चालनमा आउनेछ। अर्धजलाशयशयुक्त उक्त परियोजना सञ्चालनमा आएमा हिउँदको विद्युत् माग धान्न थप सहज हुने उनको भनाइ छ। अहिले नेपालको विद्युत् जडित क्षमता ३४ सय मेगावाट हारहारीमा छ। तर, बाढीले माथिल्लो तामाकोशी सहित ६ सय मेगावाट हाराहारीका परियोजनाको उत्पादन हुन सकेको छैन। हिउँदमा विद्युत् उत्पादन एक हजार मेगावाट हाराहारीमा आउनेछ। विद्युत्को माग भने १६ सय मेगावाट हाराहारीमा हुने अनुमान छ। त्योअनुसार आयात गरिने विद्युत्सहितले माग धान्न पुग्ने प्राधिकरणको दाबी छ।

■ चार महिनामा १२ अर्ब ७२ करोडको विद्युत् निर्यात

महिना	विद्युत् निर्यात (युनिट)	विद्युत् निर्यात (रुपैयाँ)	प्रतियुनिट औसतदर
साउन	४९ करोड ५६ लाख ६ हजार	४ अर्ब १४ करोड ५० लाख	रु. ८.३६
भदौ	५५ करोड ९४ लाख ४७ हजार	३ अर्ब ६७ करोड ८४ लाख	रु. ६.५८
असोज	३७ करोड ९२ लाख ६३ हजार	३ अर्ब ६ करोड ५१ लाख	रु. ८.०८
कात्तिक	२३ करोड ३५ लाख ७६ हजार	१ अर्ब ८३ करोड ८ लाख	रु. ७.८४
जम्मा	१ अर्ब ६६ करोड ७८ लाख ९२ हजार	१२ अर्ब ७१ करोड ९४ लाख	रु. ७.६३

स्रोत : नेपाल विद्युत् प्राधिकरण

चालू आर्थिक वर्ष (आव) ०८१/८२ को पहिलो चार महिनामा १२ अर्ब ७१ करोड ९४ लाख ५९ हजार रुपैयाँको विद्युत् भारततर्फ निर्यात भएको छ। गत आवको पहिलो चार महिना १२ अर्ब ५० करोड आठ लाख रपैयाँको विद्युत् निर्यात भएको थियो। त्योअनुसार अहिले त्यो आंशिक रूपमा बढेको देखिन्छ।

नेपाल विद्युत प्राधिकरणबाट प्राप्त कात्तिक मसान्तसम्मको तथ्यांकले यस्तो देखाएको हो। यस अवधिमा एक अर्ब ६६ करोड ७८ लाख ९२ हजार युनिट विद्युत् निर्यात भएको छ।

प्राधिकरणले देशभित्र खपत गरी अतिरिक्त भएको विद्युत् भारतीय ऊर्जा एक्सचेन्ज (आइएक्स)को डे अहेड तथा रियल टाइम मार्केटमा प्रतिस्पर्धीदरमा र द्विपक्षीय मध्यकालीन विद्युत् बिक्री सम्झौताबमोजिम हरियाणा र बिहार राज्यमा बिक्री गरिरहेको छ। भारतको प्रसारण संरचनाको प्रयोग गरी बंगलादेशमा पनि विद्युत् निर्यात सुरु भइसकेको छ।

हिउँद सुरु भएसँगै नदी तथा खोलानालामा पानीको बहाव घट्ने भएकाले जलविद्युत् आयोजनाका विद्युत् उत्पादन कम हुनेछ। उत्पादनले आन्तरिक मागलाई मात्र धान्ने भएकाले अब विद्युत् निर्यात क्रमशः घट्दै जानेछ। हिउँदका केही महिनामा विद्युत् आयात गर्नु पर्नेछ।

प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले असोज महिनामा आएको बाढीपहिरोका कारण सञ्चालनमा रहेका जलविद्युत् केन्द्रहरू र प्रसारणलाइनमा क्षति पुगी विद्युत् उत्पादन बन्द हुँदा निर्यात प्रभावित भएको बताए।

'बाढीपहिरोका कारण माथिल्लो तामाकोशीसहित करिब ६ सय मेगावाट क्षमताका विभिन्न परियोजनाको विद्युत् उत्पादन बन्द भयो, जसका कारण असोज र कात्तिकको विद्युत् निर्यात प्रभावित हुनपुग्यो,' उनले भने, 'यसबाट चालू आवमा राखिएको करिब ३० अर्ब रुपैयाँ विद्युत् निर्यातको लक्ष्यसमेत प्रभावित हुने देखिएको छ।'

गत आवमा भारतबाट १६ अर्ब ९३ करोड रुपैयाँको विद्युत् आयात गरिएको थियो। यही अवधिमा १७ अर्ब ६ करोड रुपैयाँको विद्युत् निर्यात गरिएको थियो। गत आवमा आयातभन्दा १३ करोड रुपैयाँ बढीको विद्युत् निर्यात गरी खुद विद्युत् आयातकर्ताबाट नेपाल खुद विद्युत् निर्यातकर्ता बनेको थियो।



कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको सानिमा बैंक लिमिटेड, मिर्चैया र बुटवल शाखाको ३५ दिने सार्वजनिक सूचना ।।

(प्रकाशित मिति : २०८१/०८/०६ गते)

यस बैंकबाट ऋणकर्जा लिएका तपसिलमा उल्लिखीत ऋणीले ऋणकर्जा लिदाँ बैंकलाई गरिदिएको कर्जा लिखतहरू तथा कर्जा स्वीकृति पत्रको शर्तमा तोकिए बमोजिम बुझाउनु पर्ने साँवा, ब्याज आदि समेत बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋणकर्जा लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रूपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋणकर्जा दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारूकता नदेखाएको हुनाले सम्पूर्ण बक्यौता कर्जा सुविधा फिर्ता गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फर्छ्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा धितो सुरक्षण लिलाम बिक्रि गर्ने र सो धितोबाट सम्पूर्ण कर्जा रकम असुल उपर नभएको खण्डमा प्रचलित कानुन तथा नेपाल राष्ट्र बैंकको निति नियमको अधिनमा रही बाँकी बक्यौता ऋणी तथा जमानिकर्ताहरूबाट असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्न सिफारिस गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराउदछौं ।

साथै, उल्लिखित ऋणीहरूले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण वापत व्यक्तिगत/संस्थागत जमानत दिनुहुने पक्षहरूलाई समेत उपरोक्त ब्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र बैंकको कर्जा भुक्तानी गर्नु गराउनुहुन सुचित गरीन्छ ।

तपसिलः

शाखा कार्यालय मिर्चैयाको ऋणी:

ऋणीको नाम र ठेगाना :

नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, लहान, सिरहामा प्रा.फ.न.घ.उ.सिः ५६१८/०७०/०७१ कायम भई मिति २०७०/१२/०५ मा दर्ता भएको सिरहा जिल्ला, लवटोली गा.वि.स. वडा नं. ५ स्थित **जय हनुमान डेरी उद्योग ।**

व्यक्तिगत जमानतकर्ताको नाम, थर र ठेगाना :

सुरैत लाल यादवको नाती, रामदेव यादवको छोरा, सिराहा जिल्ला, वडहरामाल गा.वि.स./न.पा. वडा नं. ३ बस्ने **कपलेश्वर यादव ।**

मोहन यादवको छोरी, कपिलेश्वर यादवको श्रीमती, सिराहा जिल्ला, वडहरामाल गा.वि.स./न.पा. वडा नं. २ बस्ने **लिलम देवी यादव ।**

रामदेव यादवको नाती, कपलेश्वर यादवको छोरा, सिराहा जिल्ला, कर्जन्हा न.पा. वडा नं. ३ बस्ने **सचिन कुमार यादव ।**

रामदेव यादवको नातीनी, कपलेश्वर यादवको छोरा, सिराहा जिल्ला, कर्जन्हा न.पा. वडा नं. ३ बस्ने **प्रिति यादव ।**

धितो सुरक्षणको विवरण :

कपलेश्वर यादवको नाममा मालपोत कार्यालय सिराहामा दर्ता श्रेस्ता कायम रहेको सिराहा जिल्ला, लवटोली गा.वि.स/न.पा वडा नं. ५ ख को कित्ता नं. ५२४० को ०-१-५-० (वि-क-धु-क) क्षेत्रफल रहेको जग्गा, सो जग्गामा बनेको घर र सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

शाखा कार्यालय बुटवलको ऋणी:

ऋणीको नाम र ठेगाना :

नेपाल सरकार उद्योग मन्त्रालय कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता नं. १७३४९७/०७४/०७५ कायम भई मिति २०७४/०५/०४ मा दर्ता भएको रूपन्देही जिल्ला, बुटवल उप-महानगरपालिका गोलपार्क वडा नं. ३ स्थित **मुस्ताङ सप्लायर्स प्रा.लि. ।**

व्यक्तिगत जमानतकर्ताहरूको नाम, थर र ठेगाना :

बुद्धि सिंह शेरचनको नाती, लाल सिंह शेरचनको छोरा, पाल्पा जिल्ला, दोभान गा.वि.स वडा नं. ५ बस्ने **गंगा कुमार शेरचन ।**

बुद्धि सिंह शेरचनको नाती, लाल सिंह शेरचनको छोरा, पाल्पा जिल्ला, दोभान गा.वि.स वडा नं. ५ मा बस्ने **सन्तोष कुमार शेरचन ।**

धितो सुरक्षणको विवरणः

धनी सानिमा बैंक लिमिटेड (ऋणीः **मुस्ताङ सप्लायर्स प्रा.लि.**) को नाममा लुम्बिनी अञ्चल, यातायात व्यवस्था कार्यालय, रूपन्देहीमा दर्ता रहेका निम्न बमोजिमका गाडीहरूः

क्र.सं.	सवारी नं.	ईन्जिन नं.	च्यासिस नं.	बनेको वर्ष
१	लु २ ख ३४८८	81K63741631	MAT388116J2R25595	२०१८
२	लु २ ख ३४३०	81K63739502	MAT388116J2R24728	२०१८
३	लु २ ख ३५२०	81K63741313	MAT388116J2R25281	२०१८
४	लु २ ख ३५७६	81L63746700	MAT388116J2R26954	२०१८
५	लु २ ख ३५२३	81K63740841	MAT388116J2R25190	२०१८

सानिमा बैंक   www.sanimabank.com

'अलकापुरी', नक्साल, काठमाण्डौ, नेपाल फोनः +९७७-१-५९७००३३, फ्याक्सः +९७७-१-४४२८९६९, ईमेलः sanima@sanimabank.com

धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको १५ दिने सूचना

प्रकाशित मिति : २०८१/०८/०६ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस विकास बैंकको शाखा कार्यालय बलम्बु, काठमाडौंबाट तपसिलमा उल्लेखित ऋणीहरुले लिनु भएको ऋण कर्जा वापत बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि नतिरी नबुझाई कर्जाको शर्त बन्देज उल्लंघन गर्नु भएकोले ऋण कर्जा लगायतको बैंकको लेना रकम तिर्न बुझाउनको लागि पटक पटक मौखिक, लिखित एवं विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरी कर्जा चुक्ता गर्न अनुरोध गर्दा समेत कर्जा नबुझाई बैंकको अनुरोधलाई वेवास्ता गर्नु भएको हुँदा ऋण कर्जाको धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखित चल/अचल सम्पत्ति, जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने अवस्था आएकोले यो गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको छ। धितोमा रहेको तपसिलको सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति वा संघ संस्थाहरुले बैंकको सम्बन्धित शाखा कार्यालयबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सम्बन्धित शाखा कार्यालयमा बुझाउन सक्नुहुनेछ। बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ। सो शर्तहरु यसै सूचनाको अभिन्न अङ्गको रुपमा लागु हुनेछन्। बोलपत्र दर्ता गर्ने अन्तिम दिन र/वा बोलपत्र खोलिने दिन कुनै सार्वजनिक बिदा परेमा सो लगत्तै बैंक खुलेको दिन बोलपत्र दर्ता गर्न सकिने र/वा बोलपत्र खोलिने छ। उल्लेखित समयावधि भित्रमा कर्जा चुक्ता गर्नु गराउनु हुन ऋणी लगायत सम्बन्धित पक्षहरुलाई अनुरोध गर्दछौं। अन्यथा उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै कुनै उजुर बाजुर गर्न पाउनु हुने छैन। उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याङ्कन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, अन्य प्रचलित ऐन कानून तथा बैंकको नियमानुसार असुल उपर हुन बाँकी बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धीत कर्जा चुक्ता गरी गराई धितो सम्पत्ति फिर्ता लिन हुन ऋणी, धितो धनी तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा पुनः अनुरोध गरिन्छ।

बोलपत्र दर्ता गर्ने अन्तिम मिति: २०८१/०८/२० गते/स्थान : शाखा कार्यालय बलम्बु, काठमाडौं

बोलपत्र खोलिने मिति/समय: २०८१/०८/२३ गते, आइतबार दिनको ३ बजे

क्र.सं.	ऋणीको नाम, ठेगाना	
१.	**नाम : दाजु भाई मिनी मार्ट** नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग प्रा.फ.र.नं. ११८४७३/०७१/७२, दर्ता मिति : २०७१/०५/१८ पान नं. ६०२६८२६५५, दर्ता मिति : २०७१/०७/१७ ठेगाना : काठमाडौं जिल्ला, चन्द्रागिरी न.पा. वडा नं. ९ **प्रोप्राइटर : श्रीकृष्ण शाही**	**नाम : मच्छेनारायण सुन चाँदी पसल** नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग प्रा.फ.र.नं. ७४९७३, दर्ता मिति : २०६३/०१/१७ पान नं. ३०२३०५२७६, दर्ता मिति : २०६३/०१/१८ ठेगाना : काठमाडौं जिल्ला, किर्तिपुर न.पा. वडा नं. १७ **प्रोप्राइटर : हिरा कृष्ण शाही**
	नाम : हिरा कृष्ण शाही ना.प्र.नं. ९०१५/४१०३९, जि.प्र.का. काठमाडौं, जारी मिति : २०५८/०३/२७ बाबुको नाम : न्हुछे बहादुर शाही, बाजेको नाम : न्हुछे मान शाही ठेगाना : काठमाडौं जिल्ला, मच्छेगाउँ वडा नं. १, हाल : काठमाडौं जिल्ला, चन्द्रागिरी न.पा. वडा नं. ९	
	जमानतकर्ताको विवरण	
	१. नाम : श्रीकृष्ण शाही ना.प्र.नं. १८०१९, जि.प्र.का. काठमाडौं जारी मिति : २०५९/०३/२७ बाबुको नाम : न्हुछे बहादुर शाही बाजेको नाम : न्हुछे मान शाही ठेगाना : काठमाडौं जिल्ला, मच्छेगाउँ वडा नं. १ हाल : काठमाडौं जिल्ला, चन्द्रागिरी न.पा. वडा नं. ९	**२. नाम : सुनीता शाही** ना.प्र.नं. २७१०५१/७२५४७, जि.प्र.का. काठमाडौं जारी मिति : २०६७/११/१० ससुराको नाम : न्हुछे बहादुर शाही पतिको नाम : हिरा कृष्ण शाही ठेगाना : काठमाडौं जिल्ला, मच्छेगाउँ वडा नं. १ हाल : काठमाडौं जिल्ला, चन्द्रागिरी न.पा. वडा नं. ९
	३. नाम : सुनीता शाही ना.प्र.नं. २७१०६०/७२३६३, जि.प्र.का. काठमाडौं जारी मिति : २०६७/११/०५ ससुराको नाम : न्हुछे बहादुर शाही पतिको नाम : श्रीकृष्ण शाही ठेगाना : काठमाडौं जिल्ला, मच्छेगाउँ वडा नं. १ हाल : काठमाडौं जिल्ला, चन्द्रागिरी न.पा. वडा नं. ९	**४. नाम : आषिश शाही** ना.प्र.नं. २७१०५१/१२८६७५, जि.प्र.का. काठमाडौं जारी मिति : २०७१/०२/१४ बाबुको नाम : हेर कुमार शाही बाजेको नाम : न्हुछे बहादुर शाही ठेगाना : काठमाडौं जिल्ला, मच्छेगाउँ वडा नं. १
	धितोको विवरण	
	१. सुनीता शाहीको नाममा मालपोत कार्यालय कलंकीमा दर्ता श्रेष्ता कायम रहेको काठमाडौं जिल्ला, मच्छेगाउँ वडा नं. ७ घ स्थित कित्ता नं. ५१५, ५१६, ५१७ र ६६० को क्षेत्रफल क्रमशः ०-१४-१-१, ०-३-०-०, ०-५-०-० र ०-३-०-० (रोपनी) भएको घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत। २. धनी ज्योति विकास बैंक लि. भई ऋणी हिरा कृष्ण शाहीको नाममा यातायात व्यवस्था कार्यालय बागमतीमा दर्ता कायम रहेको बागमती प्रदेश-०१-०२६ च ५४८३ को च्यासिस नं. MAIZN2TBKM1H61568, इन्जिन नं. TBM1G16352 को Mahindra Bolero CMPR SC XL FB PS 2WD मोडलको सवारी साधन।	

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालयः का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : बलम्बु, काठमाडौं, फोन नं. ०१-४३१२४३३
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

विमानस्थलको इन्धन डिपो सार्न डिपिआर सम्झौता

नयाँ पत्रिका

त्रिभुवन विमानस्थलस्थित नेपाल आयल निगम लिमिटेडको हवाई इन्धन डिपो स्थानान्तरणका लागि इन्जिनियरिङ अध्ययन संस्थान, कन्सल्टेन्सी सेवा, पुल्चोकसँग विस्तृत सम्भाव्यता अध्ययन (डिपिआर) गर्न सम्झौता भएको छ।

निगमको हवाई इन्धन कार्यालय, सिनामंगल र पुल्चोक इन्जिनियरिङ कलेजको कन्सल्टेन्सी सेवा विभागबिच १ करोड ९८ लाख ८४ हजार १ सय ८३ रुपैयाँ ७३ पैसामा डिपिआर निर्माण गर्ने सम्झौता भएको हो। निगमको सिनामंगल डिपो प्रमुख इन्जिनियर प्रदीप यादवका अनुसार बढीमा ६ महिनाभित्र डिपिआर तयार हुनेछ।

त्रिभुवन विमानस्थलको दक्षिण-पश्चिमतर्फ रहेको हालको डिपो साँघुरो हुनुका साथै बिमानस्थल बिस्तार गुरुयोजना भित्रसमेत परेकाले स्थानान्तरण गर्न लागिएको हो। विमानस्थल विस्तार गुरुयोजनामा हालको डिपो 'ट्याक्सी वे' मा पर्ने भएपछि नागरिक उड्डयन प्राधिकरण (क्यान)ले डिपो सार्न निगमलाई दुई वर्षदेखि ताकेता गरिरहेको छ।

अन्तर्राष्ट्रिय मापदण्डविपरीत ट्याक्सीवेको नजिकै सञ्चालित हालको डिपोलाई सार्न क्यानले पनि सचेत गराइरहेकाले निगम व्यवस्थापन नयाँ ठाउँमा कार्यालय राख्न तयार भएको हो। 'त्रिभुवन विमानस्थल सञ्चालनमा देखिँदै आएको सुरक्षा सतर्कतालाई समेत ध्यानमा राख्दै डिपो सार्ने सरकारको निर्णयलाई कार्यान्वयन गर्न डिपिआर सम्झौता भएको हो,' निगमको सिनामंगल हवाई इन्धन डिपो प्रमुख यादवले भने।

२८ साउनमा बसेको मन्त्रिपरिषद्ले समेत डिपो स्थानान्तरण गर्ने निर्णय गरेको थियो। क्यानले विमानस्थलको उत्तर-पश्चिमतर्फ गुह्येश्वरी क्षेत्रमा ५० रोपनी जग्गा उपलब्ध गराएको र सोही ठाउँमा नयाँ डिपो निर्माण हुने यादवले जानकारी दिए। हाल पाँच हजार किलोलिटर मात्रै भण्डारण क्षमता रहेकोमा नयाँ डिपोमा १५ हजार किलोलिटर क्षमताको भण्डारणगृह राखिने उनले बताए। 'बढ्दो हवाई उडानका कारण इन्धनको माग पनि बढिरहेको छ। त्यसैले स्टोरेज क्षमता वृद्धि गर्न पनि नयाँ ठाउँमा डिपो सार्नुपर्ने बाध्यात्मक परिस्थिति बनेको छ,' उनले भने।

डिपिआर सम्झौताका लागि बुधबार आयोजित कार्यक्रममा इन्जिनियरिङ अध्ययन संस्थानका सहप्राध्यापक डा. सुरज लामिछानेले ५० वर्षदेखि पुल्चोक कलेजसँग डिपिआरको अनुभव भएको बताए। त्यस्तै, पुल्चोक इन्जिनियरिङ कलेजको कन्सल्टेन्सी सेवा विभाग प्रमुख नारायणप्रसाद गौतमले राष्ट्रिय गौरवका आयोजनाहरूको समेत डिपिआर गर्ने क्षमता संस्थानसँग भएकाले निगमको नयाँ डिपोको अध्ययन र डिजाइन गर्न कुनै समस्या नहुने बताए।

२४ घण्टाभित्र भाडादर पेस गर्न अन्तर्राष्ट्रिय वायुसेवालाई निर्देशन

काठमाडौं/ संस्कृति पर्यटन तथा नागरिक उड्डनमन्त्री बद्री पाण्डेले अन्तराष्ट्रिय उडान गर्ने वायुसेवा कम्पनीहरूलाई २४ घण्टाभित्र हवाई भाडादर उपलब्ध गराउन निर्देशन दिएका छन्। बुधबार मन्त्रालयमा अन्तर्राष्ट्रिय वायुसेवा कम्पनीका प्रतिनिधिहरूलाई बोलाएर महँगो भाडा असुलेको यात्रुको गुनासो आइरहेको बताउँदै त्यसबारे पुनर्विचार गर्न उनले आग्रह गरेका हुन्। 'हामीले नागरिकहरूकै सेवा भनेर हवाई कम्पनीहरूलाई सहुलियत दिएका थियौं। तर, त्यसको उपहास भएको छ, राज्य र नागरिकप्रतिको दायित्वलाई बेवास्ता गरेर गैरजिम्मेवारीपन देखाइएको छ,' मन्त्री पाण्डेले भने,' नागरिकमाथि प्रतिष्ठित व्यापारी र एयरलाइन्सले द्वन्द्व व्यापारजस्तो गर्नुभएको छ। यस विषयले म निकै दुःखी भएको छु।'

हवाई भाडावृद्धिबारे गुनासो बढेपछि परराष्ट्र, श्रम र पर्यटनमन्त्रीबिचको बैठकले समेत हवाई भाडा नियन्त्रणका लागि छलफल गरिएको स्मरण गराउँदै उनले राज्य र नागरिकप्रति जिम्मेवार बन्न एयरलाइन्सलाई आग्रह गरे। मन्त्री पाण्डेले राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगम र हिमालय एयरलाइन्सले समेत अचाक्ली हवाई भाडा लिएकोप्रति सचेत गराए। नागरिकहरूले हवाई भाडा वृद्धिबारे गरेको गुनासोले आफूलाई बढी चिन्तित तुल्याएको बताउँदै २४ घण्टाभित्र बिक्री गरेको टिकटको मूल्य उपलब्ध गराउन निर्देशन दिए। उनले एयरलाइन्सले हवाई भाडावृद्धिबारे पुर्नविचार नगरे सरकारले कडा कदम चाल्ने चेतावनी दिए।

बिवाइडीको एक करोड एनइभी उत्पादन

काठमाडौं/ ऊर्जा सवारीसाधन (एनइभी) र पावर ब्याट्री निर्माता बिवाइडीले एक करोड गाडी उत्पादन गरेको छ। कम्पनीले आफ्नो ३०औं वार्षिकोत्सवको अवसरमा एक करोड एनइभी गाडी उत्पादन गरेको हो। यो उपलब्धिले दिगो यातायातप्रतिको बिवाइडीको




दृढ प्रतिबद्धता र अटोमोबाइल उद्योगमा विश्वव्यापी डिलरको रूपमा यसको स्थानलाई अझ बलियो बनाएको कम्पनीको दाबी छ।
कार्यक्रममा बिवाइडीका अध्यक्ष वाङ चुआनफुले २० जना कर्मचारीसहित सानो स्टार्टअपबाट सुरू भई आज विश्वभर लगभग १० लाख कर्मचारी भएका बहुराष्ट्रिय कम्पनीमा परिवर्तन भएको उल्लेख गरे। वाङले प्राविधिक इन्नोभेसनप्रतिको प्रतिबद्धता र यातायातको भविष्यलाई रूपान्तरण गर्न बिवाइडीको महत्त्वपूर्ण भूमिका रहेको बताए।
एक करोड नयाँ ऊर्जा सवारीसाधन एनइभी उत्पादन गर्ने बिवाइडी विश्वकै पहिलो अटोमोबाइल कम्पनी बनेको बताइएको छ। पहिलो १५ वर्षमा ५० लाख एनइभी उत्पादन गरेको कम्पनीले अर्को ५० लाख उत्पादन १५ महिनामै गरेको जनाएको छ।
करोडौं नम्बरको गाडी डेन्जा जेट नाइन गेम साइन्सका संस्थापक एवं सिइओ फेङलाई प्रदान गरिएको छ।
अध्यक्ष वाङले बिवाइडीको सफलता साहसी दृष्टिकोण, निरन्तर कार्यान्वयन, र अटल धैर्यतामा आधारित भएको बताए। साथै, आगामी योजनामा बिवाइडीले अटोमोटिभ प्रणालीलाई एकीकृत गर्ने बौद्धिक प्रविधिमा एक खर्ब युआन लगानी गर्नेछ, जसले बिवाइडीको सम्पूर्ण सवारीसाधन शृंखलामा व्यापक सुधार ल्याउने अपेक्षा गरिएको छ।

एनसिएचएल र सिटिजन्स बैंकबिच अन्तरदेशीय भुक्तानी सम्झौता



काठमाडौं/ नेपाल क्लियरिङ हाउस (एनसिएचएल)र सिटिजन्स बैंकबिच अन्तरदेशीय भुक्तानी सम्झौता भएको छ। अली पेको नेटवर्कमा आबद्ध सदस्य वालेटमार्फत नेपाल पे मर्चेन्टका क्युआरमा अन्तरदेशीय भुक्तानी गर्न यी दुई संस्थाबिच सम्झौता भएको हो। सम्झौतापत्रमा बैंकका प्रमुख कार्यकारी अधिकृत गणेशराज पोखरेल तथा एनसिएचएलका प्रमुख कार्यकारी अधिकृत नीलेशमानसिंह प्रधानले हस्ताक्षर गरेका हुन्।
सम्झौताअनुसार नेपालमा रहेको नेपाल पे क्युआर मर्चेन्टमा अली पे नेटवर्कमार्फत भुक्तानी गर्न सकिनेछ। चीन, हङकङ, सिंगापुर, मलेसिया, इन्डोनेसिया, फिलिपिन्स, मंगोलिया, थाइल्यान्ड, साउथ कोरिया, स्विडेन तथा इटालीलगायतका देशबाट नेपाल आएका पर्यटकले आफ्नो डोमेस्टिक वालेटमार्फत नेपाल पे क्युआरमा सजिलै भुक्तानी गर्न सक्ने बताइएको छ।
एनसिएचएलले अली पेसँग अन्तर्राष्ट्रिय भुक्तानी साझेदारका रूपमा आबद्ध भई दुई नेटवर्कबिच भुक्तानी सुचारु गर्ने व्यवस्था मिलाइसकेको जनाएको छ।
यस पहलअनुरूप अब सिटिजन्स बैंकसँग सो भुक्तानी सेवा कार्यान्वयन गर्न सकिनेछ।

हार्दिक समवेदना



जन्म
वि.सं. २०११/२/२५

स्वर्गारोहण
वि.सं. २०८१/७/२१

स्व. रुद्रबहादुर पछाई

हाम्रा सहकर्मी दिपेश पछाईका पुजनिय पिता
रुद्रबहादुर पछाईको असामयिक निधन भएकोमा
हामी मर्माहत भएका छौं । यस दुःखद घडीमा स्वर्गीय बुबाप्रति
भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनप्रति
हार्दिक समवेदना व्यक्त गर्दछौं ।

नयाँ पत्रिका
परिवार

क्रेस्ट माइक्रोलाइफ इन्स्योरेन्सको नयाँ बिमालेख योजना

काठमाडौं/ क्रेस्ट माइक्रो लाइफ इन्स्योरेन्सले समृद्धि अग्रिम भुक्तानी लघु जीवन बिमा योजना सार्वजनिक गरेको छ। यस योजनामा बिमा गरेपश्चात् पाँच-पाँच वर्षको अन्तरालमा बिमांक रकमको निश्चित प्रतिशत अग्रिम फिर्ता हुँदै जाने इन्स्योरेन्सले जनाएको छ। साथै, बिमा अवधि समाप्तिमा बाँकी बिमांक रकम र सुनिश्चित थप रकमसमेत प्रदान हुने बताइएको छ।
यसरी प्राप्त हुने रकमले व्यक्तिको जीवनकालमा आइपर्ने पढाइखर्च, विवाह, व्रतबन्धजस्ता धार्मिक, सांस्कृतिक कार्य तथा व्यवसाय सञ्चालनजस्ता विविध कार्यमा आर्थिक सहायता प्रदान गर्ने इन्स्योरेन्सले जनाएको छ।
यस योजनामा बिमांक रकम न्यूनतम ५० हजारदेखि अधिकतम पाँच लाखसम्म रहेको छ भने बिमितको प्रवेश उमेर न्यूनतम १८ वर्षदेखि अधिकतम ५० वर्षसम्म हुनुपर्नेछ। साथै, अधिकतम बिमा समाप्ति उमेर ७० वर्ष हुनेछ भने बिमा अवधि १५/२०/२५ वर्षको हुने इन्स्योरेन्सले जनाएको छ। वार्षिक, अर्धवार्षिक र त्रैमासिक रूपमा भुक्तानी गर्न मिल्ने बिमाशुल्क भुक्तानी भने बिमा अवधिबराबरकै हुने बताइएको छ।

स्थानीय उत्पादनको प्रदर्शनी

धनकुटा/ धनकुटामा एभोकाडोसहित स्थानीय उत्पादनहरूको प्रदर्शनी गरिएको छ। धनकुटा नगरपालिकाले स्थानीय उत्पादनको प्रवर्द्धन र किसान एवं उद्यमीहरूलाई प्रोत्साहनका लागि नगरपालिकाकै प्रांगणमा एकदिने प्रदर्शनी आयोजना गरेको हो।
पूर्वराज्यमन्त्री एवं प्रदेश सभा सदस्य निरन राईले दीप प्रज्वलन गरी प्रदर्शनीको उद्घाटन गरेका हुन्। कार्यक्रममा बोल्दै राई, जिल्ला समन्वय समिति प्रमुख निरेन तामाङ, धनकुटा नगरपालिकाका प्रमुख चिन्तन तामाङलगायतले प्रदर्शनीले स्थानीय उत्पादनको प्रवर्द्धनमा सघाउ पुऱ्याएको धारणा राखे।

ज्योति विकास बैंकको भुक्तानी हुन बाँकी ५ वर्ष भन्दा पुरानो लाभांशको विवरण प्रकाशित गरिएको बारे सूचना

यस विकास बैंकले शेयरधनीलाई भुक्तानी गर्नुपर्ने लाभांश उक्त लाभांश घोषणा गरेको मितिले पाँच वर्षसम्म सम्बन्धित शेयरधनी वा निजको हकवाला लिन नआउनु भएकोले यसरी भुक्तानी गर्न बाँकी रहेको लाभांशको विवरण यस विकास बैंकको वेवसाइट (https://jbbl.com.np) मा प्रकाशित गरीएको व्यहोरा जानकारी गराउँदै लाभांश लिन बाँकी संस्थापक शेयरधनी महानुभावहरुलाई यस विकास बैंकको केन्द्रीय कार्यालय, कमलपोखरीमा र सर्वसाधारण शेयरधनी महानुभावहरुलाई एनआईएमबी एस क्यापिटल लि. लाजिम्पाट, काठमाडौंमा सम्पर्क गरी आफ्नो लाभांश बुझि लिनुहुन हार्दिक अनुरोध गर्दछौं ।

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय :
का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५१७०३०६-१२
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको धितो रहेको चल/अचल सम्पति लिलाम बिक्रीको ७ (सात) दिने सूचना

प्रकाशित मितिः २०८१/०८/०६

यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको विभिन्न शाखा कार्यालयहरुबाट विभिन्न कर्जा शिर्षक अन्तर्गत कर्जा लिई उपभोग गरेको ऋणकर्जा तथा बैंकिङ्ग सुविधाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सावाँ ब्याज समेत चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋण कर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋणी **राम रमेश कुखुरा फर्म**को हकमा मिति वि.सं. २०७८/११/१० को अन्तर्पुर्ण पोष्ट पत्रिकामा ३५ (पैंतीस) दिने सार्वजनिक सूचना, मिति वि.सं. २०७९/०३/०६ को अन्तर्पुर्ण पोष्ट पत्रिकामा १५ (पन्ध्र) दिने सार्वजनिक सूचना, र मिति वि.सं.२०८१/०१/३१ को अन्तर्पुर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको १५ (पन्ध्र) दिने सूचना, ऋणी **जय राम कहार**को हकमा मिति २०७९/११/२१ को नागरिक राष्ट्रिय दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा ३५ (पैंतीस) दिने सार्वजनिक सूचना र मिति २०८१/०२/०६ गतेको नागरिक राष्ट्रिय दैनिक पत्रिकामा धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको १५ दिने सूचना प्रकाशित गरी ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरु समेतलाई सूचित गर्दा समेत कर्जाको सावाँ ब्याज समेत चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाएकाले सुरक्षण बापत बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित अचल सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरिने भएकोले सर्वसाधारणको जानकारीको लागि यो ७ (सात) दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरी गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) को आह्वान गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ८ (आठ) औं दिनमा सम्बन्धित शाखा कार्यालयहरुमा दिउँसो ४:०० बजे गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) खोलिनेछ। सो अवधिमा इच्छुक महानुभावहरुले गोप्य शिलबन्दी बोलपत्रद्वारा आफूले बोलकबोल गर्ने रकम सहित तपसिलमा उल्लेखित शर्त बमोजिम बोलपत्र फर्म बुझाउन समेत अनुरोध गरिन्छ। सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ्ग कसुर तथा सजायका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०६४, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली २०५९ अनुसार ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको अन्य चल/अचल सम्पत्तिबाट धितोले नखामेको बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरिने व्यहोरा ऋणी, व्यक्तिगत जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ। साथै यस सूचना बमोजिम लिलाम बिक्री हुन नसकेको धितो सम्पत्तिहरु बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ बमोजिम बैकले आफै सकार गरी लिन सक्ने व्यहोरा समेत जानकारी गराइएको छ।

शाखा कार्यालय : सानोश्री, बर्दिया

१. कर्जा शिर्षक : सिटिजन्स फाष्ट ट्रयाक कर्जा (अधिविकर्ष)

ऋणीको नाम : राम रमेश कुखुरा फर्म
रजिष्टर्ड ठेगाना : गेरुवा गाउँपालिका वडा नं. ५, पशुपतिनगर, बर्दिया
रजिष्ट्रेशन नं. : १६/२०७६/०७७ (गेरुवा गाउँपालिका, गाउँपालिकाको कार्यालय पशुपतिनगर)
दर्ता मिति : २०७६/११/११
पान नं. : ६१३११०४६६

फर्म प्रोप्राइटरको नाम र ठेगाना
नाम : टिकाराम थारु
बाबु : बलदेव थारु
बाजे : चितु थारु
ठेगाना : पशुपतिनगर-०१,बर्दिया
हाल : गेरुवा गाउपालिका-०५, बर्दिया
ना.प्र.नं : १५२०२
जारी मिति : २०६०/०९/१२
जि.प्र.का. : बर्दिया

जमानीकर्ताहरुको नाम र ठेगाना
१. नाम : बलदेव थारु
बाबु : चितु थारु
बाजे : अमृती थारु
ठेगाना : पशुपतिनगर-०१, बर्दिया
हाल : गेरुवा गाउपालिका-०५, बर्दिया
ना.प्र.नं. : ७/३४०
जारी मिति : २०४४/११/१७
जि.प्र.का. : बर्दिया

२.नाम : ठगनी थरुनी
बाबु : कालुराम थारु
पति : बलदेव थारु
ससुरा : चितु थारु
ठेगाना : पशुपतिनगर-०१, बर्दिया
हाल : गेरुवा गाउपालिका-०५, बर्दिया
ना.प्र.नं. : १७९ इ.न. ७
जारी मिति : २०४६/११/२३
जि.प्र.का. : बर्दिया

३.नाम : अनिता कुमारी थरुनी
बाबु : भहगिया थारु
पति : टिकाराम थारु
ससुरा : बलदेव थारु
ठेगाना : पशुपतिनगर-०१, बर्दिया
हाल : गेरुवा गाउपालिका-०५, बर्दिया
ना.प्र.नं. : १५३९६
जारी मिति : २०६०/०१/१२
जि.प्र.का. : बर्दिया

४.नाम : कृष्ण बहादुर थारु
बाबु : बलदेव थारु
बाजे : चितु थारु
ठेगाना : पशुपतिनगर-०१, बर्दिया
हाल : गेरुवा गाउपालिका-०५, बर्दिया
ना.प्र.नं. : ६५३०३०/११
जारी मिति : २०७०/०२/१४
जि.प्र.का. : बर्दिया

५.नाम : राज कुमार थारु
बाबु : बलदेव थारु
बाजे : चितु थारु
ठेगाना : पशुपतिनगर-०१, बर्दिया
हाल : गेरुवा गाउपालिका-०५, बर्दिया
ना.प्र.नं. : ६५२०३०-५१५
जारी मिति : २०६८/०१/२०
जि.प्र.का. : बर्दिया

६.नाम : टिक बहादुर थारु
बाबु : बलदेव थारु
बाजे : चितु थारु
ठेगाना : पशुपतिनगर-०१, बर्दिया
हाल : गेरुवा गाउपालिका-०५, बर्दिया
ना.प्र.नं. : १६५५९/७०३५३९०६
जारी मिति : २०६०/१०/२१
जि.प्र.का. : बर्दिया

७.नाम : गीता कुमारी चौधरी
बाबु : भदु थारु
पति : कृष्ण बहादुर थारु
ससुरा : बलदेव थारु
ठेगाना : टिकापुर-०१, कैलाली
हाल : गेरुवा गाउपालिका-०५, बर्दिया
ना.प्र.नं. : ६७२०४०/३५२७
जारी मिति : २०६४/१०/०७
जि.प्र.का. : कैलाली

८.नाम : रुपन कुमारी चौधरी
बाबु : खुसीराम थारु
पति : राज कुमार थारु
ससुरा : बलदेव थारु
ठेगाना : बदालपुर-०४, बर्दिया
हाल : गेरुवा गाउपालिका-०५, बर्दिया
ना.प्र.नं. : ६५३०२५/६६९
जारी मिति : २०६३/१०/११
जि.प्र.का. : बर्दिया

९.नाम : सविता थारु
बाबु : भिम लाल थारु
पति : टिक बहादुर थारु
ससुरा : बलदेव थारु
ठेगाना : पशुपतिनगर-०१, बर्दिया
हाल : गेरुवा गाउपालिका-०५, बर्दिया
ना.प्र.नं. : ६५-१०-७२-००२९२
जारी मिति : २०७२/०२/१०
जि.प्र.का. : बर्दिया

१०. नाम : सुना चौधरी
बाबु : टिकाराम थारु
बाजे : बलदेव थारु
ठेगाना : गेरुवा गाउपालिका-०५, बर्दिया
हाल : गेरुवा गाउपालिका-०५, बर्दिया
ना.प्र.नं. : ६५-०२-७५-००९५०
जारी मिति : २०७५/०३/३२
जि.प्र.का. : बर्दिया

११. नाम : सुस्मा चौधरी
बाबु : टिकाराम थारु
बाजे : बलदेव थारु
ठेगाना : गेरुवा गाउपालिका-०५, बर्दिया
हाल : गेरुवा गाउपालिका-०५, बर्दिया
ना.प्र.नं. : ६५-०२-७५-००९४८
जारी मिति : २०७५/०३/३२
जि.प्र.का. : बर्दिया

धितो राखिएको सम्पत्तिको विवरण
धितो सुरक्षण धनीको नाम :- बलदेव थारु

सि.नं	जिल्ला	गा.वि.स.	वडा नं/नक्सा सिट	कि.नं.	क्षेत्रफल (वि.क.धु)	कैफियत
१.	बर्दिया	पशुपतिनगर	१/१क	४०२	(१-०-०)	सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिग लगापात समेत।
				४९५	(१-०-०)	

तपसिल

शाखा कार्यालय : भैरहवा, रुपन्देही

२. कर्जा शिर्षक : सिटिजन्स मोर्गेज अधिविकर्ष कर्जा

ऋणीको नाम र ठेगाना
नाम : जय राम कहार
बुवा : मनगाठू कहार
बाजे : परमेश्वर कहार
ठेगाना : मधुवनी-८, रुपन्देही
हालको ठेगाना : सिद्धार्थनगर न.पा वडा न-१२, रुपन्देही
ना.प्र.नं : १११३४
जारी मिति : २०५८/०८/२४
जि.प्र.का. : रुपन्देही

जमानीकर्ताहरुको नाम र ठेगाना
१. नाम : रिता कोहार कहार
बुवा : कृपा नाथ कोहार
पति : जय राम कहार
ससुरा : मनगाठू कहार
ठेगाना : लुम्बिनी सांस्कृतिक-१०, रुपन्देही
हालको ठेगाना : सिद्धार्थनगर न.पा वडा न-१२, रुपन्देही
ना.प्र.नं : ३७१०७०१२१७५
जारी मिति : २०६८/०४/०३
जि.प्र.का. : रुपन्देही

२. नाम : मनगाठू कहार
बाबु : पर्मेश्वर कहार
बाजे : श्रीराम
ठेगाना : मधुवनी-४, रुपन्देही
हालको ठेगाना : सिद्धार्थनगर न.पा वडा न-१२, रुपन्देही
ना.प्र.नं : ६७३७२
जारी मिति : २०३९/११/३०
जि.प्र.का. : रुपन्देही

३. नाम : राधिका कहरिन
बुवा : बुद्धिराम कहार
पति : मनगाठू प्रसाद कहार
ससुरा : पर्मेश्वर कहार
ठेगाना : मधुवनी-८, रुपन्देही
हालको ठेगाना : सिद्धार्थनगर न.पा वडा नं-१२, रुपन्देही
ना.प्र.नं : ४/४६४
जारी मिति : २०४६/०१/२४
जि.प्र.का. : रुपन्देही

धितो राखिएको सम्पत्तिको विवरणः

१. धितो सुरक्षण धनीको नामः जय राम कहार

सि.नं.	जिल्ला	न.पा./गा.वि.स.	वडा नं/नक्सा सिट नं.	कि.नं.	क्षेत्रफल (ब.मि)	कैफियत
१.	रुपन्देही	सिद्धार्थनगर न.पा.	३/१०४०२७७०९	७६	८७.१०	सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिग लगापात समेत।
२.	रुपन्देही	सिद्धार्थनगर न.पा.	९/९ घ	१०७	१५२.३९	

२. धितो सुरक्षण धनीको नामः मनगाठू कहार

सि.नं.	जिल्ला	न.पा./गा.वि.स.	वडा नं/नक्सा सिट नं.	कि.नं.	क्षेत्रफल (ब.मि)	कैफियत
१.	रुपन्देही	मधुवनी गा.वि.स. (हाल लुम्बिनी साँस्कृतिक)	६/६ क (हालः १०)	१२६	१,३५४.३३	सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिग लगापात समेत।

धितो लेखिदिने तथा व्यक्तिगत जमानत दिनेलाई सूचना

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै सूचनाको म्याद भित्र शीघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्ति उचित संरक्षण गर्नु हुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ, तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मुल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीहरुलाई उपस्थित हुन सूचित गरिएको छ। धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कनभन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएमा पछि मेरो/हाम्रो सम्पत्तिको उचित मुल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर गर्न पाउनु हुने छैन।

लिलाम बिक्रीको बारेमा जानकारी एवं शर्तहरु :

१. गोप्य शिलबन्दी बोलपत्र दाताले आफूले कबुल गरेको जम्मा रकमको १० (दश) प्रतिशतले हुने रकम धरौटी बापत यस बैंकको नाममा खिचिएको कुनै पनि वाणिज्य बैंकको सक्कलै ड्राफ्ट/गुडफरपेमेन्ट चेक/नगद जम्मा भौचर समेत बोलपत्र साथ संलग्न गर्नुपर्ने छ।
२. बोलकबोल फारम भर्दा सबैभन्दा बढी रकम कबोल गर्ने व्यक्तिलाई चल/अचल सम्पत्ति दिने वा नदिने सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहनेछ।
३. लिलाम सकार गर्ने व्यक्तिले बाँकी रकम बैंकले भुक्तान माग गरेको मितिले ७ दिन भित्रमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडमा नबुझाए धरौटी बापत रहेको १० प्रतिशत रकम स्वतः जफत हुनेछ।
४. लिलाम बिक्री भएको चल/अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा सकार गर्नु पर्नेछ।
५. तोकिएको लिलामी खोल्ने दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन गोप्य शिलबन्दी लिलाम खोलिनेछ।
६. लिलाम गर्दा गर्दै नभ्याएमा त्यसको भोलिपल्ट (सरकारी बिदा बाहेक) पुनः लिलामी खोल्ने कार्य हुनेछ।
७. बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ को दफा ५७ को उपदफा ७ अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम सहभागी बैंकहरुलाई चित्त बुझ्दो नभएमा यस बैंकले उक्त सम्पत्तिको स्वामित्व आफूमा लिन सक्नेछ।
८. उक्त लिलाममा राखेको चल/अचल सम्पत्ति नामसारी/दा.खा. रजिष्ट्रेशन गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, अन्य कर तथा शुल्क, सम्पत्ति कर आदि सकार गर्ने व्यक्ति आफैले तिर्नु पर्नेछ।
९. लिलाम बिक्री हुने चल/अचल सम्पत्तिको सम्बन्धित कागजातहरु हेर्न वा अन्य थप जानकारी लिन चाहनुहुने महानुभावहरुले सिटिजन्स बैंक इन्टरनेसनल लि. को नारायणहिटी पथ, दरबारमार्ग स्थित प्रधान कार्यालयमा वा सम्बन्धित शाखा कार्यालयहरुमा कार्यालय समयभित्र सम्पर्क राख्न सक्नु हुनेछ।

लिलाम खोलिने मिति :२०८१/०८/१३ गते, बिहिबार
समय : दिउँसो ४:०० बजे
स्थान : १. ऋणी राम रमेश कुखुरा फर्मको हकमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय सानोश्री, बर्दिया।
: २. ऋणी जय राम कहारको हकमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय भैरहवा रुपन्देही।

Citizens Bank

मुख्य कार्यालय:
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८

एन आई सी एशिया बैंक लिमिटेड
NIC ASIA
एन आई सी एशिया बैंक लि.
रजिष्टर्ड कार्यालयः हेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-४१११११७/८/८८, फ्याक्सः +९७७-१-४१११११०
टोल फ्री नं.: १६६०-०१-७७७७७ (NTC) ९८५०-०१-७७७७७ (NCELL)
सुझावको लागिः FB टाईप गरी 388CC मा SMS पठाउनुहोस्
बौद्ध शाखा, काठमाडौं महानगरपालिका, बौद्ध
सम्पर्क फोनः +९७७-०१-४५२३९२०/९४

निक्षेप रकम उपर हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सूचना

लिखितम् श्री सुडदारे शेर्पाको नाति, फुर ओल्जे शेर्पाको छोरा, कोशी प्रदेश सोलुखुम्बु जिल्ला, खुम्बु पासाङल्हामु गाउँपालिका वडा नं. १ हाल बालाजु बस्ने ३६ वर्षको श्री आङ फुरी शेर्पाको मिति २०८१/०६/१० (ई.सं. २६/०९/२०२४) मा मृत्यु भएकोले स्व. आङ फुरी शेर्पाकी पत्नी हाल तारकेश्वर- ०३, जितपुर फेदी बस्ने श्रीमती लाक्पा लामु शेर्पाले मृतकको एकल नाममा यस बैंकमा सञ्चालनमा रहेको खाताको निक्षेप भुक्तानी पाऊँ भनी निवेदन दिनुभएको हुँदा उक्त निक्षेपमा निज बाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सबुत प्रमाण सहित यस बैंकको बौद्ध शाखा, काठमाडौं महानगरपालिकामा दाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्यादभित्र कुनै निवेदन प्राप्त नभएमा वा रित पूर्वकको निवेदन प्राप्त नभएमा कानून बमोजिम रकम भुक्तानी हुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यसै सूचना मार्फत जानकारी गराईन्छ ।

२७ बैंक पनि, साथी पनि
राको पनि, हाम्रो पनि

एन आई सी एशिया बैंक लिमिटेड
NIC ASIA
एन आई सी एशिया बैंक लि.
रजिष्टर्ड कार्यालयः हेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-४१११११७/८/८८, फ्याक्सः +९७७-१-४१११११०
टोल फ्री नं.: १६६०-०१-७७७७७ (NTC) ९८५०-०१-७७७७७ (NCELL)
सुझावको लागिः FB टाईप गरी 388CC मा SMS पठाउनुहोस्
सिकलगढिले शाखा, शिवसताक्षी नगरपालिका, झापा जिल्ला
सम्पर्क फोनः +९७७-०२३-४७०६०२/४७०६०३

निक्षेप रकम उपर हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सूचना

लिखितम् श्री अखरदास राईको नाति, बुख बहादुर राईको छोरा, कोशी प्रदेश झापा जिल्ला, शिवसताक्षी नगरपालिका वडा नं. ०८ बस्ने ८२ वर्षको श्री ठिकाराम राईको मिति २०८१/०५/०५ (ई.सं. २१/०८/२०२४) मा मृत्यु भएकोले स्व. ठिकाराम राईको पत्नी हाल शिवसताक्षी नगरपालिका वडा नं. ०८ बस्ने श्रीमती रणमाया राईले मृतकको एकल नाममा यस बैंकमा सञ्चालनमा रहेको खाताको निक्षेप भुक्तानी पाऊँ भनी निवेदन दिनुभएको हुँदा उक्त निक्षेपमा निज बाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सबुत प्रमाण सहित यस बैंकको सिकलगढिले शाखा, शिवसताक्षी नगरपालिका, झापामा दाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्यादभित्र कुनै निवेदन प्राप्त नभएमा वा रित पूर्वकको निवेदन प्राप्त नभएमा कानून बमोजिम रकम भुक्तानी हुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यसै सूचना मार्फत जानकारी गराईन्छ ।

२७ बैंक पनि, साथी पनि
राको पनि, हाम्रो पनि

भावपूर्ण श्रद्धाञ्जली



जन्मः
१९९० असोज १६

स्वर्गारोहणः
२०८१ कार्त्तिक २४

स्व. रुद्रप्रसाद जोशी

यस संस्थाका सञ्चालक सदस्य कृष्णचन्द्र जोशीको पुजनीय पिता **रुद्रप्रसाद जोशी**को असामयिक स्वर्गारोहण भएको आज तेह्रौं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना अर्पण गर्दछौं ।

साबल सहकारी संस्था लि.
परिवार
घुम्बाराहीचोक, चक्रपथ, का.म.पा.-८

राष्ट्रिय खेलकुदको मिति घोषणा गर्न मन्त्रालय र राखेपसँग गण्डकी प्रदेशको माग

१०औँ राष्ट्रिय खेलकुदको नयाँ मिति तथा राष्ट्रपति रनिङ सिल्डको सुनिश्चितताका लागि खेलकुद मन्त्रालय र राष्ट्रिय खेलकुद परिषद्मा प्रदेश खेलकुद परिषद् गण्डकीको पत्र

कास्कीमा रोहितराज पराजुली

प्रदेश खेलकुद परिषद् गण्डकीले १०औँ राष्ट्रिय खेलकुदसँगै राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिताको सम्बन्धमा खेलकुदमन्त्री तेजुलाल चौधरी र राखेपका सदस्यसचिव टंकलाल घिसिङसँग छलफलका लागि पत्र पठाएको छ। प्रदेश खेलकुद परिषद् को बोर्ड बैठकले दुई मुख्य निर्णय र अन्य विभिन्न प्रस्तावको विषयमा छलफल गर्न मन्त्रालय र राखेपमा पत्राचार गरेको हो। परिषद्ले आधिकारिक रूपमा आफूलाई दशौँ राष्ट्रिय खेलकुद स्थगित भएको सम्बन्धित निकायबाट जानकारी नगराएको बताएको छ।

राष्ट्रिय खेलकुद परिषद् (राखेप)ले २-९ मंसिरसम्म कर्णालीको सुर्खेतमा दशौँ राष्ट्रिय खेलको मिति घोषणा गरेको थियो। दुई वर्षअघि आयोजक कर्णालीले दशौँ राष्ट्रिय खेलको झन्डा बोकेको थियो। सरकारले प्रतियोगिता आयोजना गर्न आर्थिक वर्ष ०८१/८२ मा ६० करोड रुपैयाँ बजेट विनियोजन गरिसकेको छ। तर, खेलकुदमन्त्री र राखेपका सदस्यसचिवबिचको टकरावका कारण दशौँ राष्ट्रिय खेल तोकिएको समयमा हुन सकेन।



१०औँ राष्ट्रिय खेलकुदका लागि सुर्खेतमा तयार पारिएको रंगशाला। फाइल तस्बिर

बैठक डाक्न तीनपटकसम्म पत्राचार गरेँ

टंकलाल घिसिङ, सदस्यसचिव, राखेप



दशौँ राष्ट्रिय खेलकुद प्रतियोगिता, खेल क्षेत्रको विकास, खेलाडीको विषयमा चिन्ता र चासो राख्नु सकारात्मक हो। राखेपको बोर्ड बैठक लागि मन्त्रीज्यूलाई तीनपटक मिति तयका लागि पत्राचार गरेको थिएँ। मिति तय नभएका कारण बैठक बस्न नसकेको हो। मिति तय भएसँगै बैठक बस्छ।

नयाँ मिति घोषणा नहुँदा सबै अन्योलमा

श्रीधर शर्मा, सदस्यसचिव, गण्डकी



दशौँ राष्ट्रिय खेलको घोषित मितिमा प्रतियोगिता नहुँदा तथा नयाँ आयोजनाको मिति आधिकारिक रूपमा घोषणा नभएकाले हामी सबैमा अन्योल सिर्जना भएको छ। खेलकुद विकास ऐनमा व्यवस्था भएअनुसारका विषयमा छलफल गर्न मन्त्रालय र राखेपलाई पत्राचार गरेका हौँ।

मन्त्रालय र राखेपले समेत नयाँ मिति घोषणा गरेका छैनन्। प्रदेश खेलकुद परिषद्ले सुर्खेतमा हुने राष्ट्रिय खेलका लागि गण्डकीले अन्तिम तयारी गरिसकेको जनाएको छ। तर, निर्धारित समयमा प्रतियोगिता नै नहुँदा आफूहरू अन्योलमा परेको परिषद्का सदस्यसचिव श्रीधर शर्माले बताए। 'घोषित मितिमा प्रतियोगिता नहुँदा तथा नयाँ आयोजनाको मिति आधिकारिक रूपमा घोषणा नभएकाले हामी सबैमा अन्योल सिर्जना भएको छ,' उनले भने।

यसैबिच, राखेपका सदस्यसचिव घिसिङले गण्डकीको परिषद्को पत्र स्वाभाविक भएको बताएका छन्। 'प्रतियोगिता र खेलाडीको विषयमा चिन्ता र चासो राख्नु सकारात्मक पक्ष हो,' उनले भने, 'जुन प्रकारको पत्र आएको छ, यसको समाधानका लागि सहयोग गर्न तयार छु।' घिसिङले राखेपको बोर्ड बैठक नबस्दासम्म दशौँ राष्ट्रिय खेलकुदको नयाँ मिति घोषणा गर्न नमिल्ने बताए। 'राखेपको बोर्ड बैठकका लागि मन्त्रीज्यूलाई तीनपटकसम्म पत्राचार गरिसकेको छु,' उनले भने, 'बोर्ड बैठकले नयाँ मिति प्रस्ताव गर्नेछ, त्यसपछि क्याबिनेटबाट पास हुनेछ।'

प्रदेश खेलकुद परषद्का सदस्यसचिव शर्माले राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ को दफा ३ (२) (ञ) ले व्यवस्था गरेको सदस्यमध्येको एक बोर्ड सदस्य परिषद्कै सदस्यसचिव रहेकाले सोही अधिकारका आधारमा मन्त्रालय र राखेपलाई पत्राचार गरेको जनाए। 'खेलकुद विकास ऐनमा व्यवस्था भएअनुसारका विषयमा छलफल गर्न मन्त्रालय र राखेपलाई पत्राचार गरेका हौँ,' शर्माले भने।

यसैगरी, कर्णाली प्रदेश खेलकुद विकास परिषद्का सदस्यसचिव विश्वामित्र सञ्ज्यालले केन्द्रका कारण नै प्रतियोगिता घोषित समयमा हुन नसकेको बताए। 'पूर्वाधारका कारण प्रतियोगिता निर्धारित समयमा गर्न नसकेका होइनौँ, नयाँ मिति दिँदा अझै गर्न तयार छौँ,' सञ्ज्यालले भने, 'के-कति कारणले भएन, यसको विश्लेषण हुनुपर्छ।'

'गण्डकीमा बजेट विनियोजन भएन'

केन्द्र सरकारले प्रत्येक प्रदेशमा राखेपको आयोजनामा हुने विद्यालयस्तरीय राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिताका लागि बजेट छुट्याउने गरेको छ। राखेपले प्रत्येक पालिकालाई एक लाख र प्रदेशलाई ६५ लाखसम्म प्रतियोगिता आयोजना गर्न अनुदानस्वरूप बजेट विनियोजन गरेको छ।

तर, चालू आवमा गण्डकी प्रदेशले अहिलेसम्म बजेट प्राप्त नगरेको सदस्यसचिव शर्माले बताए। 'लामो समयदेखि राखेपले आयोजना गर्दै आएको विद्यालयस्तरीय राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता आयोजना गर्न प्रत्येक पालिकालाई एक लाख र प्रदेशलाई ६५ लाखका दरले केन्द्र सरकारको बजेटमा ससर्त अनुदान विनियोजन हुँदै आएको थियो, तर चालू आवमा विनियोजन भएको रकम प्राप्त भएको छैन,' उनले भने।

राखेपले आफ्नो लागि छुट्याएको एक करोड ७५ लाख बजेट कार्यक्रमका लागि राखेको शर्माको भनाइ छ। रनिङ सिल्ड प्रतियोगिताको निरन्तरता गराउन तत्काल बजेट आवश्यक रहेको उनको भनाइ छ। 'बजेट विनियोजन नहुँदा पालिका, जिल्ला र प्रदेशस्तरीय प्रतियोगिता आयोजना र सञ्चालन हुन नसक्ने अवस्थामा पुगेको छ, यसको सुनिश्चितता गराउन पनि आवश्यक छ,' उनले भने। सम्बन्धित निकायबाट प्रतियोगिता सञ्चालनका लागि बजेट निरन्तरता हुने वा नहुनेसमेत जानकारी नभएको शर्माले बताए।

छनोटबाट २०२६ को विश्वकपमा पुग्ने अर्जेन्टिना पहिलो

एजेन्सी

साबिक विजेता अर्जेन्टिना छनोट चरणबाट फिफा विश्वकप फुटबल प्रतियोगिता २०२६ मा स्थान बनाउने पहिलो राष्ट्र बनेको छ। दक्षिण अमेरिकी छनोटमा बुधबार बिहान अर्जेन्टिनाले पेरुलाई १-० ले हराउँदै सन् २०२६ को विश्वकपको टिकट काटेको हो। दुई वर्षपछि अमेरिका, क्यानडा र मेक्सिकोले संयुक्त रूपमा विश्वकप आयोजना गर्दै छन्।

घरेलु मैदान ब्युनर्स आयर्समा अर्जेन्टिनालाई जित दिलाउन एक मात्र निर्णायक गोल लाउटारो मार्टिनेजले गरेका थिए। खेलको ५५औँ मिनेटमा मार्टिनेजको गोलमा अर्जेन्टिनाले पेरुलाई हराएको हो। २७ वर्षीय मार्टिनेजले पूर्वकप्तान डिएडो म्याराडोनाले अर्जेन्टिनीका लागि गरेको गोलसँग बराबरी गरेका छन्। म्याराडोनाले राष्ट्रिय टोलीबाट ३२ गोल गरेका थिए। मार्टिनेजले म्याराडोनाको रेकर्ड बराबरी गर्न ७० खेल खेले।

उनले कप्तान लियोनल मेसीको पासमा बायाँखुट्टे भली गोल गरेका थिए। अर्जेन्टिनी राष्ट्रिय टोलीबाट मेसीले सर्वाधिक ११२ अन्तर्राष्ट्रिय गोल गरेका छन्। अर्जेन्टिनाका लागि ग्राबियल बाटिस्टुटा, सर्जियो अगुएरो तथा हर्नान क्रेस्पो सर्वाधिक गोलको सूचीमा शीर्ष पाँचभित्र छन्।

अर्जेन्टिना २५ अंकका साथ शीर्ष स्थानमा

विश्वकपमा दक्षिण अमेरिकाबाट शीर्ष ६ टोली विश्वकपमा पुग्नेछन्। १२ खेलपछि अर्जेन्टिनाले आठ जित, तीन हार र एक बराबरी खेल्दै २५ अंक जोडेको छ। दोस्रो स्थानमा उरुग्वेको २० अंक छ। दुईपटकको विजेता उरुग्वेले १२ खेलबाट २० अंक बटुल्दै तेस्रो स्थान रक्षा गरेको छ। पाँचपटकको विश्व च्याम्पियन ब्राजिलले उरुग्वेसँग बराबरी नतिजा निकालेको छ। ब्राजिलले समान खेलबाट १८ अंक जोडेको छ। दक्षिण अमेरिकी छनोटमा सातौँ स्थानमा रहने टोलीले प्लेअफका लागि स्थान बनाउनेछ।

प्रशिक्षक लिओनल स्कालोनीको प्रशिक्षणमा रहेको अर्जेन्टिनाले छनोटको ६ खेलअघि नै विश्वकपमा स्थान सुरक्षित गरेको हो। अर्जेन्टिनाले दोस्रो स्थानको उरुग्वेविरुद्ध स्पष्ट ५ अंकको अग्रता बनाएको छ। पेरुविरुद्धको प्रतिस्पर्धामा अर्जेन्टिनाले खेलको सुरुवाती मिनेटमै अग्रता लिने अवसर गुमाएको थियो। लिभरपुलबाट व्यावसायिक फुटबल खेल्ने एलेक्सिस माकको हेडिङ क्रसबार नजिक हुँदै बाहिरिएको थियो।

उरुग्वेसँग ब्राजिल रोकियो

बुधबार बिहान उरुग्वे र ब्राजिलबिच रोमाञ्चक खेल भयो। साल्भाडोरमा भएको प्रतिस्पर्धामा ब्राजिल उरुग्वेसँग १-१ को बराबरीमा रोकियो। दोस्रो हाफको पहिलो मिनेटमा रियल म्याड्रिडबाट खेल्ने फेडेरिको भाल्भेडेले उरुग्वेलाई १-० को अग्रता दिलाएका थिए।



खेल सकिन ६ मिनेट बाँकी रहँदा जेर्सनले ब्राजिललाई १-१ को बराबरीमा पुऱ्याए। जेर्सनको यो पहिलो अन्तर्राष्ट्रिय गोल हो। अर्को खेलमा परागुवेले बोलिभियासँग २-२ को बराबरी खेल्यो। पाराग्वेका लागि अन्तिम समयमा न्युकास्टल युनाइटेडबाट खेल्ने मिगुइल अल्मिरोले गोल गरेका थिए। अर्को खेलमा चिलीले भेनेजुएलालाई ४-२ ले हरायो।

शीर्ष स्थानमा अग्रता बढाउँदै पुलिस

नयाँ पत्रिका

नेपाल पुलिस क्लबले ललित स्मृति एन्फा यू-१८ युथ लिगमा चर्च ब्वाइज युनाइटेडलाई ३-१ ले पराजित गरेको छ। लिगमा बुधबार प्राप्त जितसँगै पुलिसले शीर्ष स्थानमा फराकिलो अग्रता बनाएको हो। पुलिसले दोस्रो स्थानको एनआरटीमाथि ४ अंकको अग्रता लिएको छ। पुलिसले ११ खेलबाट २६ अंक बटुल्यो।

सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा भएको दिनको पहिलो खेलमा पुलिसको जितमा कप्तान सुवास बामले दुई गोल गरेका थिए। सुवासले खेलको ११औँ मिनेटमा पुलिसलाई १-० को अग्रता दिलाएका थिए। खेलको ४५औँ मिनेटमा चिरन कार्कीले पुलिसलाई २-० को स्थितिमा राखे। यसअघि सुवासले पेनाल्टी चुकाएका थिए।

खेलको ४७औँ मिनेटमा चर्च ब्वाइजले एक गोल गरेको थियो। चर्च ब्वाइजका लागि अनुज तामाङले गोल गरेका हुन्। खेलको ७२औँ मिनेटमा सुवासले व्यक्तिगत दोस्रो गोल गर्दा पुलिस ३-१ ले विजयी भयो। चर्च ब्वाइज १४ अंकसहित नवौँ स्थानमा छ।

एनआरटीसँग सातदोबाटो पराजित

दोस्रो स्थानमा रहेको न्युरोड टिम (एनआरटी)ले बुधबार भएको दोस्रो खेलमा सातदोबाटो युथ क्लबलाई ३-० ले हराएको छ। जितसँगै ११ खेलमा २२ अंक जोडेको एनआरटी दोस्रो स्थानमा कायम छ। एनआरटीले पुलिससँग शीर्ष स्थानमा ४ अंकको दूरी राखेको छ। सातदोबाटो समान खेलबाट ४ अंकका साथ पुछारमा छ। सातदोबाटोस्थित अखिल नेपाल फुटबल संघ (एन्फा) मुख्यालय मैदानमा एनआरटीलाई जित दिलाउन इशान शाहले दुई तथा राजन बुढाले एक गोल गरे।

२२ ग्रान्डस्लाम च्याम्पियन नाडालले लिए सन्न्यास

एजेन्सी

२२ पटकका ग्रान्डस्लाम उपाधि जितेका स्पेनिस खेलाडी राफेल नाडालले अन्तर्राष्ट्रिय टेनिसबाट सन्न्यास लिएका छन्। स्पेनको मालागामा डेभिस कपमा नाडालले मंगलबार राति करिअरकै अन्तिम खेल खेल्दै सन्न्यास घोषणा गरेका हुन्। उनले दुई साताअघि डेभिस कप नै अन्तिम खेल हुने बताएका थिए। नाडालले आफ्नो अन्तिम खेल सुखद बनाउन सकेनन्। ८०औँ वरीयताका नेदरल्यान्ड्सका वोटिक वानले उनलाई ६-४ र ६-४ को सेटमा निराश पारे। नाडाल डेभिस कपमा लगातार २९औँ खेलपछि पराजित भएका हुन्।

मार्टिन कारपेन एरिनामा सन्न्यास घोषणा गर्दा ३८ वर्षीय नाडाल भावुक बनेका थिए। बिदाइ समारोहमा ११ हजार दर्शक उपस्थित थिए। प्रतिटिकेटको मूल्य ४५ पाउन्ड राखिएको थियो। नाडालले एक युगको टेनिस समाप्त भएको जनाएका छन्। 'म एकदम खुसीका साथ टेनिसबाट बिदा हुँदै छु। यससँगै एक युगको टेनिस समाप्त भएको छ,' नाडालले भने, 'यो एउटा खेल मात्र नभएर जीवन पनि हो। जहाँ म रमाए पनि निराशसमेत भएँ।' विश्व टेनिस जगत्मा ग्रान्डस्लाममा एकाधिकार जमाएका नाडालको सन्न्यासपछि अब सर्बियाली नोभाक जोकोभिक मात्र सक्रिय छन्। यो डेढ दशकमा रोजर फेडेरर, नाडाल र जोकोभिकले एटिपीदेखि ग्रान्डस्लाम टेनिसमा एकाधिकार जमाएका थिए। यी तीन खेलाडीले प्रतियोगितामा भाग लिँदा दुईजना निश्चित रूपमा फाइनलमा पुग्थे। गत वर्ष फेडेररले सन्न्यास लिएका थिए। सर्वाधिक ग्रान्डस्लाम जित्ने नाडाल दोस्रो खेलाडी हुन्। शीर्ष स्थानमा रहेको जोकोभिकले २४ ग्रान्डस्लाम हात पारेका छन्।



फ्रेन्च ओपनको रेकर्ड

फ्रान्सको पेरिसमा रातो माटोमा खेलिने एक मात्र ग्रान्डस्लाम फ्रेन्च ओपनमा नाडालको रेकर्ड गजबको छ। उनले यहाँ ११२ खेलमा सहभागी हुँदा चार खेलमा मात्र हारको सामना गरेका थिए। फ्रेन्च ओपनको १९ वटा संस्करण खेलेका नाडालले १४ पटक उपाधि जिते। सन् २०२२ मा फ्रेन्च ओपन जित्दा उनी पाका खेलाडीका रूपमा च्याम्पियन बनेका थिए।

करिअरमा नाडालले गोल्डेन स्लामसमेत गरेका छन्। सन् २००८ मा उनले अस्ट्रेलियन, विम्बल्डन, फ्रेन्च तथा अस्ट्रेलियन ओपन हात पारेका थिए। सोही वर्ष चीनको बेइजिङमा भएको ओलम्पिकमा समेत उनले स्वर्ण हात पारेका थिए। एकै वर्ष ओलम्पिक स्वर्ण र चार ग्रान्डस्लाम जित्ने खेललाई गोल्डेन स्लाम भनिन्छ। यो उपलब्धि हात पार्ने उनी त्यसवेला दोस्रो खेलाडी बनेका थिए।

सन् १९९६ मा अमेरिकी आन्द्रे आगासी र सन् २०२४ मा जोकोभिकले गोल्डेन स्लाम गरेका थिए। नाडालले आफ्नो करिअरमा ९२ एटिपी टुस उपाधि हात पारेका थिए। उनले आफ्नो करिअरमा दुईपटक स्पेनलाई ओलम्पिक स्वर्ण दिलाएका छन्। यसैगरी चारपटक उनी डेभिस कपको विजेता बने। एटिपी पुरुष वरीयतामा उनी लगातार २०९ सातासम्म शीर्ष स्थानमा रहे। नाडाल लगातार ९१२ साता शीर्ष दशभित्र रहेका थिए।

खेल संक्षेप

पुष्पसदनले रेडियन्टलाई हरायो

काठमाडौं/ पुष्पसदनले १०औँ रेडियन्ट कप अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको जुनियर पुरुषमा जित निकालेको छ। बुधबार भएको खेलमा पुष्पसदनले रेडियन्ट रिडर्स एकेडेमीलाई १४-२ ले पराजित गऱ्यो। सिनियर पुरुषमा एलआरआईले माउन्ट ग्लोरीलाई २४-१९ ले हराएको छ। मगसले बेबी एन्जलमाथि ३९-२४ को जित दर्ता गऱ्यो। संस्कृतिले सेन्ट्रल स्टेटलाई २४-१३ ले पाखा लगायो। स्वर्णिमले सभ्यता पाठशालालाई ३७-१० र स्वस्तिश्री गुरुकुलले राइजिङ स्टारलाई २१-९ ले हराए।

तुल्सीलाल स्मृति बुद्धिचाल हुने

काठमाडौं/ नेपाल बुद्धिचाल संघ र ललितपुर स्पोर्टस् क्लबको संयुक्त आयोजनामा २२ देखि २५ मंसिरसम्म सातौँ तुल्सीलाल स्मृति राष्ट्रिय टिम क्लब प्रतियोगिता हुने भएको छ। प्रतियोगिता ललितपुरको च्यासलस्थित तुल्सीलाल स्मृति प्रतिष्ठानको सभा हलमा हुनेछ। लिग कम नकआउटका आधारमा सञ्चालन हुने प्रतिस्पर्धामा सहभागी प्रत्येक टोलीमा पाँचजना खेलाडी हुनेछन्। सात प्रदेशसँगै थप २५ टोलीबाट १५० खेलाडी सहभागी हुनेछन्। प्रतियोगिताको विजेता टोलीले दुई लाख, उपविजेतालाई एक लाख २० हजार र तेस्रो हुने टोलीले ६० हजार रुपैयाँ पाउनेछन्।

Invitation for Bids

Dhanushadham Municipality
Office of Municipal Executive

Dhanushadham, Dhanusha

Invitation for Bids for the **Procurement of medicine and medicine related goods**

Date of publication: 2081-08-06

1. ***Dhanushadham Municipality ,Office of municipal Executive,Dhanushadham,Dhanusha*** invites electronic bids from Nepalese eligible bidders for the construction of **Procurement of medicine and medicine related goods** under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information ,visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder submit their bid electronically download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost(as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:

   For Purchase of Bid document

   Name of the Bank : NIC Asia Bank,Dhanushadham Branch
   Name of Office : Dhanushadham municipality
   Office Code no. :
   Office Account no. : 0312050025358004

   For cash Bank guarantee

   Name of the Bank: NIC Asia Bank, Dhanushadham Baranch, Name of Office: Dhanushadham municipality, Office Code no. Office Account no.: 0312050025358014
3. Municipality has right to accept or reject fully or partially without any reason.All the procurement process will be according to procuremnt act 2063 and regulation 2064.

S. N.	Description Of works	Estimated Amount Nrs.	Bid document Fee Nrs.	Bid security Fee Nrs.	Last date of bid Submission	Remarks
1	Procurement of medicine and medicine related goods (DM/01/081-082)	2891750.00 without vat and contingencies	3000/-	75000/-	2081-09-07 at 12:00 hrs	only E-Bid

बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
टोखा चण्डेश्वरी अस्पताल
टोखा, काठमाडौं

क्याटलग सपिङ्ग विधिबाट Biochemistry Analyzer खरिद सम्बन्धी सिलबन्दी प्राविधिक प्रस्ताव आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति : २०८१/०८/०६

यस **टोखा चण्डेश्वरी अस्पतालको आ.व. २०८१/८२** को स्विकृत वार्षिक कार्यक्रम अनुसार Biochemistry Analyzer, सार्वजनिक खरिद ऐन, २०६३ (पहिलो संसोधन २०७३) को दफा ८ को उपदफा १(क)(८) तथा सार्वजनिक खरिद नियमावली, २०६४ (चौथो संसोधन) को नियम ३१(ख) बमोजिम त्यस्तो Biochemistry Analyzer Machine उत्पादक कम्पनी वा सो को आधिकारिक विक्रेताहरु बीच मात्र प्रतिस्पर्धा गराउने (क्याटलग सपिङ्ग) विधिबाट खरिद गर्नुपर्ने भएकोले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ (ख) को उपनियम २ अनुसार देहाय बमोजिम Biochemistry Analyzer Machine को उत्पादकको आधिकारिक स्पेशिफिकेशन, गुणस्तर र कम्पनीको आधिकारिक मुल्य खुल्ने कागजात (क्याटलग वा ब्रोसर) संलग्न राखी तपसिलमा उल्लेख भए बमोजिम सिलवन्दी प्राविधिक र प्राविधिक प्रस्ताव दर्ता गराउन हुन सम्बन्धित उत्पादक वा आधिकारिक विक्रेताको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

१. सिलबन्दी प्रस्ताव सम्बन्धी कागजात यस कार्यालयबाट निःशुल्क प्राप्त गर्न सकिनेछ।
२. उक्त प्रस्ताव लिनका लागि ईच्छुक इजाजत प्राप्त उत्पादक कम्पनी वा त्यसको आधिकारिक विक्रेताहरुले आफ्नो फर्म/कम्पनी दर्ता, प्यान/भ्याट दर्ता, एजेन्सी दर्ता प्रमाणपत्र, Letter of Manufacturer's Authorization, Power of Attorney, सक्कल ब्रोसर र आ.व. २०८०/८१ को आयकर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपीहरु तथा फर्म/कम्पनीको अनुरोध पत्र सहित सूचना प्रकाशित भएको मितिले सात (७) दिनभित्र यस अस्पतालको कार्यालय समय भित्र उपस्थित हुनुपर्नेछ।
३. यो सूचना प्रथम पटक प्रकाशित भएको आठौ दिन (मिति २०८१/०८/१४ गते १२:०० बजे भित्र यस कार्यालयमा सिलबन्दी प्रस्ताव दर्ता गराई सक्नुपर्नेछ र दर्ता भएको सिलबन्दी प्रस्ताव सोही दिन १३:०० बजे खोलिनेछ।
४. साथै सूचिकृत नभएका उत्पादक वा अधिकृत विक्रेता कम्पनीहरुले सूचिकृत गराई उल्लेखित सिलबन्दी प्रस्ताव पेश गर्न सकिने व्यहोरा समेत जानकारी गराइन्छ।
५. Biochemistry Analyzer को विस्तृत स्पेसिफिकेसन यस अस्पतालको सूचना पाटिमा हेर्न सकिनेछ ।

क्र.सं.	ठेक्का नं.	उपकरणको नाम	संक्षिप्त विवरण	संख्या	कैफियत
१	TCH/CS/081/82-01	Biochemistry Analyzer	Biochemistry Analyzer	१(एक)	संक्षिप्त विवरणमा उल्लेख नभएका कुराहरु स्वीकृत Technical Specification बमोजिम हुनेछ।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com